CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास - प्रधान त्रैमासिक पत्रिका

८३

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

२१ वर्ष

३ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ४०/–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

१. नाट्यशास्त्रको वास्तव पाठ विवाहप्रसवावाह नै हो, विवाहप्रसवावास होइन भन्ने विषयमा थप कुरा
– महेशराज पन्त १–३६

२. उजीरसिंह थापाले वि. सं. १८७९ मा बाँधेको बन्देज
– दिनेशराज पन्त ३७–५९

३. हेमराज पण्डितज्यूलाई सिल्भि लेभिले पठाएको पत्र
– दिनेशराज पन्त ६०

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
३	२१	इस्न्च्युट्	इन्स्च्युट्
११	३	शृङ्गाररसम्बन्धी	शृङ्गाररससम्बन्धी
१४	५	हुन्छन् ।]	हुन्छन् ॥२४॥]
१६	९	फुटाउनू ।]	फुटाउनू ।७०।]
२०	२५	९५५ पृष्ठ	उही ९५५ पृष्ठ
२८	२२	एसियाटिक	एशियाटिक
२८	२५	,,	,,
२८	२८	,,	,,
२९	२७	४७ टिप्पणीसँग	४७ सङ्ख्याको टिप्पणीसँग
५०	७	(हा) हो	हा (हो)
५६	३२	बदेन्जको	बन्देजको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाट्यशास्त्रको वास्तव पाठ विवाहप्रसवावाह नै हो, विवाहप्रसवावास होइन भन्ने विषयमा थप कुरा

– महेशराज पन्त

उपक्रम

संस्कृतवाङ्मयका विभिन्न विषयका सबभन्दा पुराना लेखोट पुस्तक र भरतखण्डमा अन्यत्र हराइसकेका कैयन् पुस्तक नेपालखाल्डोमा पाइनाको कारण यहाँको नातिशीतोष्ण जलवायु र यहाँ विधर्मीहरूको शासन नचल्नु नै हो भन्ने मलाई लाग्छ। नेपालखाल्डोका पुराना बासिन्दाहरूले छोडेर गएका ती पुस्तकबाट संस्कृतवाङ्मयको उद्धारमा ठूलो काम हुन गएको छ भन्ने कुरा यताबाट स्पष्ट भएको छ। नेपालखाल्डोका पुराना बासिन्दा विद्यारसिक थिए भन्ने कुरा पनि यताबाट स्पष्ट भएको छ तापनि संस्कृतका रासका रास ती पुस्तकमा नेपाल-खाल्डोका पुराना बासिन्दाहरूले रचेका पुस्तक निकै कम देखिएकाले र तिनमा पनि उम्दा पुस्तक त निमिटयाउँ जस्ता भएकाले संस्कृतवाङ्मयको इतिहासमा नेपालखाल्डोको चर्चा पुराना पुस्तक जोगाएर राखिदिने गढको रूपमा नै बढी आउँछ भन्दा अवश्य पनि बढ्ता बोलेको ठहरिनेछैन। यसो भए तापनि देशदेशको हिसाबले संस्कृतवाङ्मयको परिशीलन गरिँदा नेपालखाल्डोमा रचिएका ती पुस्तकको पनि भिन्नै महत्त्व छ भनी भनिरहनुपर्दैन।

महीरावणवधनाटक नेपालमा रचिएका नाटकहरूमध्ये पाइएसम्ममा सबभन्दा पुरानो भएकोले म त्यस नाटकतर्फ तानिएँ र वि. सं. २०३२ देखि म त्यसको परिशीलन गर्दै थिएँ। श्रीज्ञानमणि नेपालले त्यस नाटकको सम्पादन र उत्थासमेत गरी पाण्डित्यमय विस्तृत उपोद्घातले सिँगारेर यसैबीच वि. सं. २०४० मा त्यो नाटक प्रकाशमा ल्याउनुभएकोले[1] त्यस नाटकको विषयमा आफूले अब काम गर्नुनपर्ने भएको हुँदा आफ्नो भारी हल्का भएको ठानी म अत्यन्त खुशी भएँ। जतिसुकै मिहिनेत गरी लेखिएका कृतिमा पनि कहीँनकहीँ केहीनकेही अशुद्धि बाँकी नै रहने पुरुषधर्म जस्तो भएकोले ज्ञानमणिजीको त्यो कृति पनि त्यसको अपवाद जरूर थिएन। यस कारण त्यो कृति हेर्दै जाँदा मैले ठाउँठाउँमा केही अशुद्धि भेट्टाउनु अस्वाभाविक थिएन। तिनको संशोधन गर्दा ज्ञान-मणिजीको महत्ता घट्ने र मेरो महत्ता बढ्ने पनि मैले ठानेको थिइनँ। यसैले भ्रमनिवारणार्थ त्यस्ता अशुद्धिमध्ये

---

१. वि. सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको **जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन**।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केहीको मैले आफ्ना दुइटा लेखमा प्रसङ्गवश वि. सं. २०४३ मा संशोधन गरें[२] र **शत्रोरपि गुणा वाच्या दोषा वाच्या गुरोरपि** [शत्रुका पनि गुण भन्नुपर्छ, गुरुका पनि दोष भन्नुपर्छ] भन्ने परम्परामा म मात्र होइन, ज्ञानमणिजी पनि हुर्कनुभएकोले उहाँका अशुद्धिको संशोधन गरेबापत उहाँबाट स्यावासी पाउने आशा मैले गरेको थिएँ। मेरा ती लेखबाट दुर्भाग्यवश उहाँको अहंमा चोट लाग्न गएछ। त्यसको लागि उहाँसँग माफी माग्नु-बाहेक म अरू के गर्न सक्छु र।

ज्ञानमणिजीको लेखाइको संशोधन गरी वि. सं. २०४३ मा मैले प्रकाश गरेका दुइटा लेखमध्ये एउटाको जवाफको रूपमा उहाँले लेख्नुभएको लेख अहिले वि. सं. २०४८ कार्तिकमा बजारमा आएको **प्राचीन नेपाल**मा छापिएको रहेछ।[३] **प्राचीन नेपाल**को सो अङ्क उत्तिखेरै किनें र ज्ञानमणिजीको लेख चाख मानी पढें पनि। पढेपछि मनमा लागेका कुरा यहाँ प्रकट पनि गर्दैछु।

कस्तो कस्तो अवस्थामा नाटक खेलाइन्थ्यो भन्ने विषयमा **महीरावणवधनाटक**को उपोद्घातमा लेख्दै जाँदा **भारतीय नाट्यशास्त्र**को आधार लिई ज्ञानमणिजीले केही लेख्नुभएको छ। त्यहाँ **नाटक... नवगृहप्रवेशोत्सव हुँदा ...प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन्**[४] भनी उहाँले लेख्नुभई त्यसको पुष्टिको लागि **विवाहप्रसवावाहं** भन्ने **नाट्यशास्त्र**को मूलपाठमा कोष्ठभित्र (**ंवास**ं) पढी **विवाहप्रसवावासं** भन्ने पाठ उहाँले मान्नुभएको छ।[५]

मैले त्यस बेला भेट्टाएका **नाट्यशास्त्र**का पाँचै थरी संस्करणमा **विवाहप्रसवावासं** भन्ने पाठ नभई सर्वत्र **विवाह-प्रसवावाहं** भन्ने नै पाठ भएकोले र पाठान्तर दिँदा पनि ती पाँचै थरी संस्करणमा **विवाहप्रसवावासं** भन्ने पाठ नभएकोले नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका **नाट्यशास्त्र**का छवटा लेखोट पुस्तकमध्ये पाँचवटामा **विवाहप्रसवावाहं** नै पाठ र एउटामा चाहिँ **विवाहप्रसवावासं** होइन कि **विवाहप्रसवोत्साहं** भन्ने पाठ भएकोले र सबभन्दा मुख्य त **नाट्यशास्त्र**को अहिले बचेको एक मात्र प्राचीन टीका अर्थात् **अभिनवभारती**मा **विवाहप्रसवावाहं** नै पाठ दिई **विवाहो वध्वा आनयनम्। तत्पूर्वकः सर्व उत्सवः** अर्थात् **विवाह** भनेको **दुलही ल्याउनु** (र) **त्यसभन्दा अगाडिको सबै उत्सव हो** भनी **विवाह**को अर्थ र **आवाह**को अर्थचाहिँ **ततो जामातुः सवधूकस्य श्वशुरगमनमावाहः** [**दुलहीसमेतका जुवाईं त्यसपछि ससुराकहाँ जानु आवाह हो**] भनी गरिएकोले

---

२. वि. सं २०४३ मा प्रकाशित **पूर्णिमा**को ६८ अङ्कका ११–१९ पृष्ठमा छापिएको, महेशराज पन्तको **रामाङ्क-नृत्यको प्रसङ्गमा आएका केही कुरा** भन्ने निबन्ध।
वि. सं. २०४३ मा प्रकाशित **पूर्णिमा**को ६९ अङ्कका ७–१९ पृष्ठमा छापिएको, महेशराज पन्तको **भारतीय नाट्यशास्त्रमा आएको आवाह शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन** भन्ने निबन्ध।

३. वि. सं. २०४८ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित **प्राचीन नेपाल**को १२३–१२५ संख्याको नेपाली खण्डका २३–२९ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको **नाट्यशास्त्रको आवाहमा आवास पाठ खाँचो हो कि, सच्याएको हो?** भन्ने निबन्ध। **प्राचीन नेपाल**को उपर्युक्त संख्या वि. सं. २०४८ वैशाख–असोजको हो भनी त्यहाँ लेखिए तापनि कार्तिकको आधा-आधीमा मात्र सो संख्या बजारमा आएको हो। **विषय–सूची**मा र लेखको शीर्षकमा **खाँचो** छापिए तापनि ज्ञानमणिजीको अभिमत शब्दचाहिँ **साँचो** हो जस्तो देखिन्छ।

४. **जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन**को उपोद्घातको ३१ पृष्ठ।

५. उही, २ सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवाहमा दुलही भित्याउनेसम्मका विधिविधानलाई **विवाह** शब्दले र दुलही लिएर जुवाइँ ससुराली जाने अर्थात् दुलान फर्काउने जस्ता विधिविधानलाई **आवाह** शब्दले बुझाएको देखिएकोले **नाट्यशास्त्र**को वास्तव पाठ **विवाह-प्रसवावाह°** नै हो, **विवाहप्रसवावास°** होइन भन्ने मैले ठहराएँ र त्यस पाठको पुष्टिको लागि **विवाह** शब्द जस्तै **आवाह** शब्द पनि बिहेकै अर्थमा प्राचीन कालमा चलेको थियो भन्ने विषयमा अनेकन् प्रमाण जुटाई **भारतीय नाट्यशास्त्रमा आएको आवाह शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन** भनी ज्ञानमणिजीले सच्याएको पाठको खण्डन गरी लेख लेखेको थिएँ ।[६]

बडोदावाट प्रकाशित, **अभिनवभारती**समेतको **नाट्यशास्त्र**मा **विवाहप्रसवावास°** भन्ने पाठान्तर पनि दिइएकोले सम्बद्ध पृष्ठको उतारसमेत दिई ज्ञानमणिजीले **विवाहप्रसवावास°** भन्ने पाठ **पुराना आचार्यसम्मत** नै **थियो** भन्ने तर्क गरी अहिले लेख प्रकाश गर्नु भएको छ । सवभन्दा पहिले ज्ञानमणिजीको त्यस लेखबाट लामै भए पनि सम्बद्ध अंशको उद्धरण गर्नु परेको छ–

> ...भारतवर्षभर छरिएर रहेका संस्कृत वाङ्मयका पुराना पुराना पाण्डुलिपिहरू पैल्याएर समीक्षात्मक संस्करण (क्रिटिकल एडिशन) प्रकाश गर्ने उद्देश्यले स्थापित ओरियन्टल इन्स्च्युट बडौदाबाट अनेकौं विद्वान्हरूको सहयोगले संस्कृत वाङ्मयका धेरै ग्रन्थहरू शुद्ध-रूपले प्रकाश हुँदै आएका छन् । विद्वान् रामकृष्ण कविले उत्तर भारत र दक्षिण भारतका विभिन्न ग्रन्थालयमा रहेका चालीस थरी पाण्डुलिपि पैल्याएर तिनमा आएका पाठ भेदसमेत हाली अभिनवगुप्तको अभिनव भारती टीकासमेत गरी वि. सं. १९८३ मा गायकवाड ओरिन्टल सीरिज वडौदाबाट एक क्रिटिकल एडिशन्को रूपमा एकदेखि सात अध्यायसम्मको पहिलो भाग प्रकाशमा ल्याए । यसको १० वर्षपछि दोस्रो भाग र त्यसको अठार्‌ह वर्षपछि तेस्रो भाग प्रकाशित भए ।
>
> वि. सं. २०१२ मा के. एस् रामस्वामी शास्त्रीले समीक्षात्मक संस्करणको पहिलो भागलाई पुनः संस्कार गरी दोस्रो संस्करण ओरियन्टल इस्न्च्युट् बडौदाबाट प्रकाशमा ल्याएका छन् । यसमा पचासवटा पाण्डुलिपिको उपयोग गरिएको कुरा उनले उल्लेख गरेका छन् । रामस्वामीले उत्तरी भारतका र दक्षिणी भारतका सम्पूर्ण पाण्डुलिपि मध्ये विशेष पाठ भएका पुराना पुराना चारवटा पाण्डुलिपिलाई चाहिं विशेष महत्त्व मानेर अ, व, म, त संकेतले चिन्हिनें गरी तिनको पाठ भेद समेत टिप्पणीमा दिएका छन् । तिनमा पहिलो उत्तरी भारतको हिमाल काखमा रहेको अलमोडा शहरमा प्राप्त हाल ओरियन्टल इन्स्च्युट बडौदाको ग्रन्थालयमा रहेको करीब ५०० वर्ष पुरानो २३ अध्यायसम्मको पाण्डुलिपि 'अ' चिन्हले संकेतित छ, दोस्रो पाण्डुलिपि पनि करीब ३०० वर्ष पहिले लेखिएको सम्भवतः उज्जयिनीबाट

---

६. **पूर्णिमा**को ६९ अङ्कका ७–१९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राप्त भई बडौदाकै ग्रन्थालयमा रहेको 'ब' चिन्हले संकेतित छ। तेस्रो ताडपत्रमा लेखिएको पूरा ३६ अध्याय भएको पुरानो पाण्डुलिपि मद्रासको सरकारी अभिलेखालयमा रहेको छ। अनुसन्धानका लागि त्यसबाट सारिएको प्रति चाहिं बडौदाकै ग्रन्थालयमा राखिएको छ र त्यसलाई 'म' चिन्हबाट चिनाइएको छ। चौथो पनि त्यस्तै करीब ४।५ शय वर्ष पहिले लेखिएको ३२ अध्यायसम्म भएको पाण्डुलिपि पनि दक्षिण भारतको त्रिवेन्द्रम्को ट्रावन्कोरका महाराजको दरबार लाइब्रेरीमा रहेको छ। त्यही लाइब्रेरीमा अलि पछि लेखिएको अर्को प्रति पनि रहेको छ। त्रिवेन्द्रम्को प्रतिलाई चिनाउन 'त' संकेत दिइएको छ। यिनबाट पनि अनुसन्धाताले सारिएको प्रति बडौदाको लाइब्रेरीमा पनि राखिएको छ। ...यहीं पाइएको नाट्यशास्त्रको पुरानो पाण्डुलिपिमा पनि धेरै महत्त्वपूर्ण पाठ भेद पाइएका छन्।

उपर्युक्त चारवटा पुराना पाण्डुलिपि र यस्तै अरू प्रकाशित धेरै प्रतिलाई अवलोकन गरी विशेष पाठ भेद पनि पैल्याई रामकृष्ण कविले गरेको पहिलो संस्करणमा पुनः समीक्षा गरी रामस्वामी शास्त्रीले १ अध्यायदेखि ७ अध्यायसम्मको नाट्यशास्त्रको प्रथम भागको वि. सं. २०१२ मा दोस्रो संस्करण निकाले। बडौदा ओरियन्टल इन्स्च्युटबाट प्रकाशित शुद्ध समीक्षात्मक संस्करण (रिभाइज् क्रिटिकल् एडिशन्) नहेरी नाट्यशास्त्रको पाठ यहीं मात्र शुद्ध हो भनेर ठोकेर भन्न सकिंदैन।

माथि उल्लेखित 'विवाहप्रसवावाह' भन्ने पाठमा ओरिन्टल इन्स्च्युट् बडौदाको लाइब्रेरीमा रहेको ताडपत्रको हस्तलिखित 'व' चिन्ह अङ्कित प्रतिमा चाहिं 'विचार्य प्रसवोद्वाह' भन्ने पाठ भेद पाइन्छ भने त्रिवेन्द्रम्को महाराजको दरबार लाइब्रेरीमा रहेको पुरानो पाण्डुलिपिमा चाहिं 'विवाहप्रसवावास' भन्ने पाठ पाइन्छ। मैले आफ्नो पुस्तकमा यो पाठ ठीक यो पाठ बेठीक भन्नेतर्फ नलागी दुवै पाठ दिएर रामाङ्कनाटिका नयाँ पुरप्रतिष्ठाको उत्सवमा देखाइएको हुनाले त्यस सन्दर्भको मिलान खातिर 'आवास' को चाहिं नेपालीमा अर्थ दिएको हुँ। जे भए पनि 'विवाहप्रसवावास' भन्ने पाठ मेरो स्वोपज्ञात नभएर पुराना आचार्यसम्मत नै थियो र त्यसैलाई चाहिं मैले स्थान दिएको हुँदा मेरो अर्घेल्याइँ औल्याउनु-सट्टा महेशराज पन्तले त्यति धेरै प्रकाशित अप्रकाशित प्रति पल्टाउँदा बडौदा ओरिन्टल् इन्स्च्युट्बाट प्रकाशित प्रसिद्ध संस्करण प्रति पनि एकपल्ट आँखा लाइदिएको भए यस्तो परिभ्राट्तिर लाग्नु पर्न्यै थिएन। बडौदाबाट प्रकाशित ती संस्करणहरू कुनै अप्राप्य पनि थिएनन्। जतातै छ्यासछ्यास्ती नै पाइन्छन्। संशोधनतर्फ लाग्दा संशोधकले यतापट्टि चाहिँ आँखा चिम्लिदिएको हो कि ? नभए डा. रामकृष्ण कविले नेपालका समेत उत्तर भारतका र दक्षिण भारतका चालीसवटा हस्तलिखित ग्रन्थ हेरी पाठ भेद समेत दिई समीक्षात्मक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्करण (क्रिटिकल् एडिशन्) को रूपमा बडौदाको गायकवाड ओरिन्टल सीरिज्बाट छापेका नाट्यशास्त्रका प्रथम संस्करणका प्रति हाम्रो राष्ट्रिय पुस्तकालयमा पनि रहेका छन् । डा. रामस्वामी शास्त्रीले पुनः पचासवटा पाण्डुलिपि हेरेर महत्त्वपूर्ण पाठ भेद दिएर अझ शुद्ध संस्कृत गरी २०१२ मा ओरिन्टल् इन्स्च्युट् बडौदाबाड प्रकाशित दोस्रो संस्करणको प्रथम भाग त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालयमा र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पुस्तकालयमा पनि राखिएका छन् । जिज्ञासु पाठकले त्यहीं गएर हेर्दा पनि यथार्थ कुरा बुझिनेछ । सर्वसाधारणलाई हेर्न सजिलो होस् भन्नाका लागि पाठ भेद दिएको पत्रको उतार पनि यहीं तल दिएको छु । यति कुरा भन्नु पर्ने र पाठ भेद भएको उतार प्रकाशित गर्नुपर्ने कारण पनि पाठनका क्वाठनायक जसकीर्तिरामको अभिनवपुर प्रतिष्ठाको उत्सवमा देखाइएको रामाङ्कनाटिकाको व्याख्या गर्दै विवाहोत्सव जन्मोत्सव नवगृहप्रवेशोत्सवमा पनि नाटक देखाइन्छ भनेर भरतमुनिले पनि भनेका थिए भन्ने देखाउन भारतीय नाट्यशास्त्रको 'विवाहप्रसवावाह' का ठाउँमा विवाहप्रसवावास भन्ने पाठ सच्याउन पनि ज्ञानमणिलाई आवश्यक परेको हो भनी महेशराज पन्तले लाएको दोष मेटाउनलाई हो । यति भएपछि सो आवास भन्ने पाठ ज्ञानमणि नेपालले आफ्नो कुरा सिद्ध गर्ने हेतुले सच्याएको पनि होइन रहेछ, सो पाठ पनि प्राचीन आचार्यहरूले मान्यता दिएको पुराना हस्तलिखित ग्रन्थहरूमा उल्लिखित भएकै रहेछ र त्यस्तो पाठ पढेर अर्थ गर्नु पनि ठीक रहेछ भन्ने कुरा पनि सबैले स्पष्टसंग बुझ्न सक्नेछन् । यसबाट महेशराज पन्तले 'भारतीय नाट्यशास्त्रमा आएको आवास पाठलाई आवास भनी सच्याउनु ठीक होइन' भनी लेखेको चाहिं बेठीक रहेछ भन्ने पनि स्पष्ट हुन्छ ।[७]

एक

'विवाहप्रसवावास' भन्ने पाठ ... पुराना आचार्यसम्मत नै थियो, ... सो पाठ पनि प्राचीन आचार्यहरूले मान्यता दिएको भनी ज्ञानमणिजीले ठोकुवा गरी लेख्नुभएकोले कस्ता पाठलाई प्राचीन आचार्यहरूले मान्यता दिएको भनी भन्न मिल्छ भन्ने विषयमा सबभन्दा पहिले केही लेख्नुपरेको छ । उदाहरण दिई विषय स्पष्ट पार्नुपरेकोले अरू पुस्तकको उदाहरण दिनुसट्टा **भारतीय नाटचशास्त्रकै** प्रसङ्ग भएकोले त्यही ग्रन्थबाट उदाहरण दिने कोशिश गरिन्छ ।

भारतीय नाटचशास्त्रमा शृङ्गार आदि रसको र ती ती रसका स्थायिभावको गणना यसरी गरिएको छ–

शृङ्गारहास्यकरुणा रौद्रवीरभयानकाः ।
बीभत्साद्भुतसंज्ञौ चेत्यष्टौ नाटचे रसाः स्मृताः ।।१५।।

---

७. **प्राचीन नेपालको** १२३–१२५ संख्याको नेपाली खण्डका २७–२९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रतिर्हासश्च शोकश्च क्रोधोत्साहौ भयं तथा ।
जुगुप्सा विस्मयश्चेति स्थायिभावाः प्रकीर्तिताः ।।१७।।

(६ अध्याय)[८]

[शृङ्गार, हास्य, करुणा, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत यति आठ रस नाट्यमा ठानिन्छन् ।।१५।। रति, हास, शोक, क्रोध र उत्साह, भय र जुगुप्सा, विस्मय यति स्थायिभाव भनिन्छन् ।।१७।।]

शृङ्गार आदि आठ रसको मात्र चर्चा आएको र नवौं रस अर्थात् शान्तरसको चर्चा **भारतीय नाट्यशास्त्र**मा नआएको यताबाट स्पष्ट हुन्छ ।

स्थिति यस्तो भए तापनि **भारतीय नाट्यशास्त्र**मा शान्तरसलाई पनि गनी नवै रसलाई मान्यता दिइएको छ भन्ने तर्क प्राचीन कालमा नै एकथरी आचार्यहरूले गरेका थिए । **भारतीय नाट्यशास्त्र**मा शान्तरसको गणना गरिएको छ भन्ने सिद्धान्तका मुखर प्रतिपादक अभिनवगुप्त भएका र **नाट्यशास्त्र**को अहिले बचेको एक मात्र प्राचीन टीका पनि उनैको भएकोले उनको तर्क यस प्रसङ्गमा यहाँ प्रस्तुत गर्नुपरेको छ ।

भारतीय नाट्यशास्त्रबाट भरखरै माथि उद्धरण गरिएको पहिलो श्लोकमा अर्थात् रसहरूको नाउँ किटिएको श्लोकमा टीका गर्दै जाँदा अभिनवगुप्तले यस्तो लेखेका छन्–

तेन प्रथमं रसाः । ते च नव । शान्तापलापिनस्त्वष्टाविति तत्र पठन्ति ।[९]

[त्यस कारण पहिले रस(को कुरा) । तीचाहिँ नौवटा हुन्छन् । शान्त(रस) नमान्नेहरूचाहिँ अष्टौ [आठ] भनी पढ्छन् ।]

---

८. वि. सं. २०३७/३८* मा दिल्ली र अहमदाबादबाट परिमल पब्लिकेशन्सद्वारा प्रकाशित, रविशंकर नागरको **भरतमुनिप्रणीतं नाट्यशास्त्रम्, श्रीमदभिनवगुप्ताचार्यविरचितया अभिनवभारती संस्कृतव्याख्यया समुद्भासितम्** [श्रीमान् अभिनवगुप्ताचार्यले बनाएको अभिनवभारती संस्कृत व्याख्याले सिँगारिएको, भरतमुनिले बनाएको नाट्यशास्त्र] पहिलो भागका २६६, २६७ पृष्ठ ।

९. उही २६६ पृष्ठ ।

* आधा पूस वितिसकेपछि ईसवी संवत् फेरिने र हामीकहाँ चलेको विक्रमसंवत् फेरिँदा झण्डैझण्डै आधा अप्रिल वितिसक्ने हुनाले इष्ट ई. सं. मा अप्रिलको आधाआधीसम्म ५६ र त्यसपछि ५७ जोडेपछि इष्ट वि. सं. आउँछ । कुनै पुस्तक प्रकाशित भएको समय दिँदा त्यस पुस्तकमा अरू केही नहाली खालि ई. सं. मात्र दिइएकोमा त्यसलाई वि. सं. बनाउनुपर्दा ई. सं. को त्यस अङ्कमा ५७ जोडी पहिलेपहिले काम चलाउने गरिएको थियो । त्यस्तो अवस्था आइपर्दा सत्यको बढी नजीक पुग्ने अभिप्रायले यस लेखदेखि ई. सं. मा ५६ जोडेर ल्याइएको र ५७ जोडेर ल्याइएको विक्रमसंवत्का दुवै रूप दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय नाट्यशास्त्रको यस श्लोकमा शान्तरससमेत नवै रसको नाउँ किटिएको छ, खालि शान्तरस नभान्नेहरू मात्र **अष्टौ** भन्ने पाठ पढ्छन् भनी अभिनवगुप्तले जिकिर गरेको यतावाट स्पष्ट भएको छ ।

दोस्रो श्लोकको अर्थात् स्थायिभावहरूको नाउँ किटिएको श्लोकको टीकामा एक ठाउँमा अभिनवगुप्तले यस्तो लेखेका छन्–

तत्र शान्तस्य स्थायी विस्मयशमा इति कैश्चित्पठितः ।[१०]

[त्यहाँ शान्त(रस)को स्थायि(भाव शम भएकोले) **विस्मयशमाः** भन्ने पाठ केहीले पढेका छन् ।]

शृङ्गाररसको स्थायिभाव रति, हास्यरसको स्थायिभाव हास, करुणरसको स्थायिभाव शोक, रौद्ररसको स्थायिभाव क्रोध, वीररसको स्थायिभाव उत्साह, भयानकरसको स्थायिभाव भय, बीभत्सरसको स्थायिभाव जुगुप्सा, अद्भुतरसको स्थायिभाव विस्मय हुन् भन्ने लेखिएकोमा शान्तरसको स्थायिभाव शमलाई त्यस श्लोकभित्र अटाउन **विस्मयश्चेति**को[११] ठाउँमा **विस्मयशमाः** भन्ने पाठ केहीले सकारेको कुरा अभिनवगुप्तले यहाँ लेखेका छन् ।

---

१०. उही २६७ पृष्ठ । **विस्मयशमा**को अगाडिपछाडि राखिएका उद्धरणचिह्न मैले हटाएको छु ।

११. **नाट्यशास्त्र**का कुनै कुनै प्रतिमा **विस्मयश्चैव** भन्ने पाठ छ ।

[वि.सं. १९४०/४१ मा पेरिसबाट एर्नेस्त लेरूद्वारा प्रकाशित, पल रेनियोको **ला रेतोरीक् सँस्कीत्, एक्स्पोजे दें सों देभ्लोप्में इस्तोरीक् ए से रापोर् आभेक् ला रेतोरीक् क्लासिक्, स्वीभी दे टेक्स्ट् इनिदि द्यु भारतीय–नाट्य–शास्त्र– सिजियेम् ए सेतियेम् शापित्र– ए दे ला रसतरङ्गिणी दे भानुदत्त** [ऐतिहासिक विकासको व्याख्या गरिएको संस्कृत अलङ्कारशास्त्र र यूनानी र ल्याटिन अलङ्कारशास्त्रसँग यसको सम्बन्ध; अप्रकाशित ग्रन्थ **भारतीय नाट्यशास्त्र** – छैटौं र सातौं अध्याय– र भानुदत्तको रसतरङ्गिणीसहित] मा प्रकाशित छैटौं अध्यायको सत्रौं श्लोकको पाठान्तर ।

वि. सं. १९५४ मा पेरिसबाट एर्नेस्त लेरूद्वारा र लियोंबाट आ. रेद्वारा प्रकाशित, जोआनी ग्रोसेको **भारतीय–नाट्य-शास्त्रम्, त्रेते द भरत स्यूर् ले तेग्रात्र, टेक्स्ट् सँस्क्री** [भारतीय-नाट्य-शास्त्रम्, रङ्गको विषयमा भरतको ग्रन्थ, मूल संस्कृत] को छैटौं अध्यायको सत्रौं श्लोकको पाठान्तर=८५ पृष्ठको २१ पङ्क्तिको पाठान्तर ।

वि. सं. १९८३ मा बडोदाबाट सेन्ट्रल लाइब्रेरीद्वारा प्रकाशित, मानवल्ली रामकृष्ण कविको **नाट्यशास्त्रम्, श्रीमदभिनवगुप्तविरचितविवृतिसमेतम्** [श्रीमान् अभिनवगुप्तले बनाएको विवृतिसमेतको नाट्यशास्त्र] को पहिलो भागको दोस्रो संस्करण अर्थात् वि. सं. २०१३ मा बडोदाबाट ओरियन्टल इन्स्टिट्यूटद्वारा प्रकाशित, के. एस. रामस्वामी शास्त्रीको **नाट्यशास्त्रम्, श्रीमदभिनवगुप्ताचार्यविरचितविवृतिसमेतम्** [श्रीमान् अभिनवगुप्ताचार्यले बनाएको विवृतिसमेतको नाट्यशास्त्र] को छैटौं अध्यायको सत्रौं श्लोकको पाठान्तर ।

वि. सं. २०३६/३७ मा राइन्बेकबाट फेर्लाग फूर ओरियन्टालिस्टिशे फाखपुब्लीकत्स्योननद्वारा प्रकाशित, श्रीनिवास अय्य श्रीनिवासन्को **अन् द कम्पोजिशन् अफ् द नाट्यशास्त्र** [नाट्यशास्त्रको रचनाको विषयमा] को ७६ पृष्ठ पनि हेर्नू ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हरेक रसको भिन्नाभिन्नै रङ र देवता हुन्छ भन्ने विषय **भारतीय नाटयशास्त्र**मा यसरी प्रतिपादन गरिएको छ–

अथ वर्णाः–

श्यामो भवति शृङ्गारः सितो हास्यः प्रकीर्तितः ।
कपोतः करुणश्चैव रक्तो रौद्रः प्रकीर्तितः ॥४२॥
गौरो वीरस्तु विज्ञेयः कृष्णश्चैव भयानकः ।
नीलवर्णश्च बीभत्सः पीतश्चैवाद्भुतः स्मृतः ॥४३॥

अथ दैवतानि–

शृङ्गारो विष्णुदेवत्यो हास्यः प्रमथदैवतः ।
रौद्रो रुद्राधिदैवत्यः करुणो यमदैवतः ॥४४॥
बीभत्सस्य महाकालः कालदेवो भयानकः ।
वीरो महेन्द्रदेवः स्याददभुतो ब्रह्मदैवतः ॥४५॥

(६ अध्याय)[१२]

[अब रङ(को कुरा)–
शृङ्गार सांवलो हुन्छ । हास्य सेतो हुन्छ भनी भनिन्छ । करुण खैरो र रौद्र रातो हुन्छ भनी भनिन्छ ॥४२॥ वीरचाहिँ गोरो र भयानक कालो हुन्छ भनी थाहा पाउनुपर्छ । नीलो रङ भएको बीभत्स हुन्छ र अद्भुत पहेँलो हुन्छ भनी ठानिन्छ ॥४३॥

अब देवता(को कुरा)–
विष्णु देवता भएको शृङ्गार, प्रमथ (गण) देवता भएको हास्य, रुद्र अधिदेवता भएको रौद्र, यम देवता भएको करुण, बीभत्सको (देवता) महाकाल, काल देवता भएको भयानक, महेन्द्र [इन्द्र] देवता भएको वीर र ब्रह्मा देवता भएको अद्भुत हुन्छ ॥४४–४५॥]

भारतीय नाटयशास्त्रमा आठ रसको मात्र चर्चा गरिएको र शान्तरसको चर्चा नपरेको कुरा हरेक रसको नाउँ किटी तिनको रङ र देवताको पनि नाउँ तोकी लेखिएका यी श्लोकबाट पनि स्पष्ट भएको छ । तर पनि

आठवटा मात्र स्थायिभावको नाउँ परेको, **नाटयशास्त्र**को अभिनवगुप्तले देखेको पाठमा **विस्मयश्चेति** लेखिएको थियो कि **विस्मयश्चैव** लेखिएको थियो भन्ने कुरा उनको **अभिनवभारती**बाट खुल्दैन तापनि ती दुइमध्ये जुनसुकै पाठ भए पनि कुरा फरक नपर्ने भएकोले मैले ज्यादा चलतीको **विस्मयश्चेति** पाठ माथि लेखेको हुँ ।

१२. नागरको उपर्युक्त ग्रन्थको २९७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शान्तवादी अर्थात् शान्तरसका पक्षपातीहरूले अर्को पाठ सकारेको कुरा यी श्लोकको टीका गर्दा अभिनवगुप्तले लेखेका तलका वाक्यबाट स्पष्ट हुन्छ–

स्वच्छपीतौ शमाद्भुताविति शान्तवादिनां पाठः ।[१३]

[**स्वच्छपीतौ शमाद्भुतौ** [सफा र पहेँलो (क्रमशः) शम र अद्भुत] भन्ने शान्तवादीहरूको पाठ छ ।]

बुद्धः शान्ते ऽब्जजो ऽद्भुत इति शान्तवादिनः केचित्पठन्ति ।[१४]

[**बुद्धः शान्ते ऽब्जजो ऽद्भुते** [बुद्ध शान्तमा र ब्रह्मा अद्भुतमा] भनी केही शान्तवादीहरू पढ्छन् ।]

रसका रङ किट्दै जाँदा लेखिएको **पीतश्चैवाद्भुतः स्मृतः** भन्ने पाठको ठाउँमा **स्वच्छपीतौ शमाद्भुतौ** र रसका देवताको नाउँ लिँदै जाँदा लेखिएको **अद्भुतो ब्रह्मदैवतः** भन्ने पाठको ठाउँमा **बुद्धः शान्तो ऽब्जजो ऽद्भुते** भन्ने पाठ शान्तवादीहरूले मानेका रहेछन् भन्ने कुरा यताबाट स्पष्ट भएको छ ।

भारतीय नाट्यशास्त्रको छैटौँ अध्यायको उपसंहारमा पनि रसको सङ्ख्या किटिएकोले सबभन्दा पहिले त्यस श्लोकको यहाँ उद्धरण गर्नुपरेको छ–

एवमेते रसा ज्ञेयास्त्वष्टौ लक्षणलक्षिताः ।
अत ऊर्ध्वं प्रवक्ष्यामि भावानामपि लक्षणम् ॥८३॥[१५]

[यसरी लक्षणले चिनिएका आठ रस जान्नुपर्छ । यसपछि भावहरूको लक्षण पनि बताउनेछु ॥८३॥]

अभिनवगुप्तले यस श्लोकको टीका यसरी उठाएका छन्–

अध्यायार्थमुपसंहरन् भाविनो ऽवकाशं ददत्सङ्गतिं प्रकटीकर्तुमाह– एवमेते रसा ज्ञेया नवेति ।[१६]

[(यस) अध्यायको विषयको उपसंहार गर्दै पछि आउने (विषय)हरूलाई ठाउँ दिँदै सङ्गति प्रकट गर्न **एवमेते रसा ज्ञेया नव** [यसरी यी नौ रस जान्नुपर्छ] भनी (भरत मुनि) भन्नुहुन्छ ।]

यस श्लोकमा आएको **एवमेते रसा ज्ञेयास्त्वष्टौ** भन्ने पाठको ठाउँमा **एवमेते रसा ज्ञेया नव** भन्ने पाठ अभिनवगुप्तले

---

१३. उही २९६ पृष्ठ । त्यहाँ भ्रमवश **शान्तिवादिनां** छापिन गएको छ । शुद्ध पाठको लागि रामस्वामी शास्त्रीको उपर्युक्त ग्रन्थको २९८ पृष्ठ हेर्नू ।

१४. नागरको उपर्युक्त ग्रन्थको २९७ पृष्ठ । त्यहाँ भ्रमवश "**ब्जजो**" छापिन गएको छ । शान्तवादीहरूले मानेको पाठको अगाडिपछाडि राखिएका उद्धरणचिह्न मैले यहाँ हटाएको छु र **अद्भुते**को **एदेखि इतिको इ** पर हुँदा हुने सन्धिको खयाल गरेको छु ।

१५. उही ३३६ पृष्ठ ।

१६. उही ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकारेको यतावाट बुझिएको छ ।

भारतीय नाट्यशास्त्रमा शृङ्गार आदि अरू आठ रसले जस्तै शान्तरसले पनि ठाउँ पाएको कुरा सिद्ध गर्न अभिनवगुप्तले **भारतीय नाट्यशास्त्र**का पुराना लेखोट पुस्तकको पनि सहारा लिएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ ।

कुरा के हो भने, **नाट्यशास्त्र**मा रसहरूका देवताको विषयमा माथि उद्धरण गरिएका श्लोक दिइसकेपछि यस्तो लेखिएको छ–

> **एवमेतेषां रसानामुत्पत्तिवर्णदैवतान्यभिव्याख्यातानि । इदानीमनुभावविभावव्यभिचारि-संयुक्तानां लक्षणनिदर्शनान्यभिव्याख्यास्यामः । स्थायिभावांश्च रसत्वमुपनेष्यामः ।**
>
> (६ अध्यायको ४५ श्लोकपछिको गद्यवाक्य)[१७]

[यसरी यी रसहरूको उत्पत्ति, रङ र देवताको व्याख्यान गरियो । अब अनुभाव, विभाव र व्यभिचारी (भाव) मिलेका (रस)को लक्षण र उदाहरणको व्याख्यान गर्छौं । स्थायिभावहरूलाई पनि रसमा परिणत गर्छौं ।]

यसपछि छैटौं अध्यायको उपसंहार गरी लेखिएको, माथि भरखरै जस्तो उद्धरण गरिएको श्लोक दिइएको छ । अभिनवगुप्तले भने यस्तो

> **तस्मादस्ति शान्तो रसः । तथा च चिरन्तनपुस्तकेषु स्थायिभावान् रसत्वमुपनेष्यामः इत्यनन्तरं शान्तो नाम शमस्थायिभावात्मकः इत्यादिशान्तलक्षणं पठ्यते ।**[१८]

[त्यस कारण शान्तरस छ । **स्थायिभावान् रसत्वमुपनेष्यामः** [स्थायिभावहरूलाई रसमा परिणत गर्छौं] भनेपछि **शान्तो नाम शमस्थायिभावात्मकः** [शान्त भन्ने शम स्थायिभाव भएको] इत्यादि भएको, शान्त(रस)को लक्षण पुराना पुस्तकहरूमा पढिएको छ ।]

---

१७. उही २९७ पृष्ठ ।

१८. उही ३३४ पृष्ठ । **स्थायि**°अगाडि, °**नेष्यामः**पछाडि, **शान्तो**अगाडि, °**भावात्मकः**पछाडि राखिएका उद्धरण-चिह्न र °**नेष्यामः** र **भावात्मकः**पछि कोष्ठभित्र दिइएका, **नाट्यशास्त्र**का पृष्ठसङ्ख्या यहाँ हटाइएका छन् । **नाट्यशास्त्र**को मूल भागमा भएको **स्थायिभावांश्च रसत्वमुपनेष्यामः** भन्ने वाक्य बडोदाबाट प्रकाशित रामस्वामी शास्त्रीको संस्करणको २९९ पृष्ठमा र **शान्तो नाम शमस्थायिभावात्मकः** इत्यादि वाक्यचाहिँ त्यही संस्करणको ३३२ पृष्ठमा परेको छ । पढ्ने मानिसलाई सन्दर्भ भेट्टाउन सजिलो होस् भनी रामस्वामी शास्त्रीले माथि जहाँ जहाँ ती ती वाक्य परेका छन्, यस ठाउँमा (३३९ पृष्ठमा) ती ती वाक्यपछि तत्तत्पृष्ठ-को निर्देश गर्दा कोष्ठभित्र (**ना. शा. पु.** २९९) र (**ना. शा. पु.** ३३२) लेखेका छन् । रविशंकर नागरको संस्करणमा अघिल्लो सन्दर्भ २९७ पृष्ठमा र पछिल्लोचाहिँ ३२८ पृष्ठमा पर्दा पर्दै यस ठाउँमा तत्तत्पृष्ठको निर्देश गर्दा (**ना. शा. पु.** २९९) र (**ना. शा. पु.** ३३२) नै छापिएको देख्दा आजभोलि भारतमा शोधकार्य कसरी चलिरहेछ भन्ने कुराको झलक मिल्न गएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखेकाले **भारतीय नाट्यशास्त्र**का कुनै कुनै प्रतिमा पाइने **शान्तो नाम शमस्थायिभावात्मकः** इत्यादिबाट उठाइएको, शान्तरससम्बन्धी प्रकरण पुराना पुराना पुस्तकमा पाइएकाले त्यस प्रकरणलाई उनले प्रक्षिप्त नमानेको स्पष्ट देखिएको छ। त्यसमाथि, **भारतीय नाट्यशास्त्र**का शृङ्गाररससम्बन्धी प्रकरणहरूमा जस्तै शान्तरससम्बन्धी प्रकरणमा पनि उनले टीका लेखेकाले[१९] त्यस प्रकरणलाई उनले प्रामाणिक प्रकरणको दर्जा दिएकोमा शङ्का छैन।

यसरी एक थरी आचार्यहरूले **भारतीय नाट्यशास्त्र**मा शान्तरससमेत नवै रसको गणना गरिएको छ भनी माने तापनि अर्का थरीले आठ रसको मात्र **नाट्यशास्त्र**मा चर्चा गरिएको छ भनी मानेको कुरा यस प्रसङ्गमा स्मरणीय छ। उदाहरणको लागि **दशरूपक**को टीका **अवलोक**मा धनिकले लेखेका तलका वाक्य नै पर्याप्त होलान्–

> **इह शान्तरसं प्रति वादिनामनेकविधा विप्रतिपत्तयः। तत्र केचिदाहुः– नास्त्येव शान्तो रसस्तस्याचार्येण विभावाद्यप्रतिपादनाल्लक्षणाकरणात्।**[२०]

[यहाँ शान्तरसप्रति वादीहरूका अनेक प्रकारका विप्रतिपत्ति छन्। आचार्य [भरत] ले त्यसको [शान्तरसको] विभाव आदिको प्रतिपादन नगरेकाले र लक्षण नदिएकाले शान्तरस छँदै छैन भनी तिनमध्ये केही भन्छन्।]

एक थरी आचार्यहरूले **भारतीय नाट्यशास्त्र**मा शान्तरसको चर्चा परेको र अर्का थरी आचार्यहरूले चर्चा नपरेको भनी मानेकाले **भारतीय नाट्यशास्त्र**अनुसार प्राचीन कालदेखि नै शान्तरसलाई रस गन्ने एक परम्परा र नगन्ने अर्को परम्परा चलेको रहेछ भन्ने कुरा यतासम्मका कुराबाट स्पष्ट भएको छ।

दुइ

कस्ता पाठलाई प्राचीन आचार्यहरूले मान्यता दिएको भन्न मिल्छ भन्ने विषयमा यति लेखिसकेपछि अब पाठान्तरको साधुत्वको विषयमा केही लेख्नुपरेको छ।

जुन पुस्तक आफूले सारिरहेको छ, त्यस पुस्तकमा कतै कतै अक्षर राम्ररी पढ्न नसक्दा वा कुनै शब्द नबुझी अर्थ नलागेको खण्डमा पुस्तक सार्नेहरूले अर्को पाठ राखिदिन्छन् भन्ने सिद्धान्त[२१] प्राचीन ग्रन्थको मूलपाठको निर्णय

---

१९. रविशंकर नागरको उपर्युक्त पुस्तकका ३२७–३३६ पृष्ठ।

२०. **दशरूपक**को चौथो प्रकाशको पैँतीसौँ कारिकामा **अवलोक**। [वि. सं. २०३५ मा वाराणसीबाट चौखम्बा अमरभारती प्रकाशनद्वारा प्रकाशित, सुधाकर मालवीयको **श्रीधनञ्जयविरचितं दशरूपकम्, श्रीधनिककृत-दशरूपकावलोकटीकासहितसविमर्शं विद्वद्विनोदिनी'हिन्दीव्याख्योपेतम्** [श्रीधनिकले बनाएको दशरूपका-वलोक टीकासहितको, विमर्शसमेतको विद्वद्विनोदिनी भन्ने हिन्दी व्याख्याले युक्त भएको, श्रीधनञ्जयले बनाएको दशरूपक] को २७८ पृष्ठ। **नास्त्येव**अगाडि र **रसः**पछाडिका उद्धरणचिह्न यहाँ हटाइएका छन्।]

२१. वि. सं. २०२९/३० मा स्टुट्गार्टबाट वे. गे. तोइब्नेरद्वारा प्रकाशित, मार्टिन एल. वेस्टको **टेक्स्ट्युअल् क्रिट्इसिज्म् यान्ड् एड्इटर्इअल् टेक्निक्, याप्लिकेब्ल् टु ग्रीक् यान्ड् ल्याट्इन् टेक्स्ट्स्** [यूनानी र ल्याटिन ग्रन्थ सम्पादन गर्दा प्रयोग गर्न सकिने, मूलपाठको निर्णय गर्ने विद्या र सम्पादनसम्बन्धी काइदा] को १९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्ने विद्या पढेकाहरूको लागि सामान्य कुरा हो तापनि सर्वसाधारणलाई यस विषयमा राम्रो ज्ञान नहुने हुनाले यस सिद्धान्तका उदाहरण दिई यो विषय बुझाउने कोशिश गर्नुपरेको छ ।

जातरूपले बनाएको, **अमरकोष**को टीकाका दुइवटा लेखोट पुस्तक भेट्टिएका छन् । तिनमा पहिलो पुस्तक वि. सं. ११७६ मा[२२] र दोस्रोचाहिँ वि. सं. १८१२ मा[२३] सारिएका थिए । पहिलो पुस्तकबाट दोस्रो पुस्तक सारिएको हो भन्ने कुरा ती दुइ पुस्तक दाँजेर हेर्दा स्पष्ट बुझिन्छ । यसैले पहिलो पुस्तकको अक्षर नचिन्दा वा टीकामा कुनै शब्दको अर्थ नलाग्दा दोस्रो पुस्तक सार्नेले गरेका गलतीका एकएकवटा उदाहरण यहाँ दिइन्छन् ।

अमरकोष १।१।२९ मा गरुडका पर्याय दिइएका छन् र त्यस श्लोकको टीकामा गरुडको एउटा पर्याय **तार्क्ष्य** शब्दको व्युत्पत्ति जातरूप यसरी गर्छन्–

तृक्षस्यापत्यं गोत्रन्तार्क्ष्यः । गर्गादित्वाद्यञ् ।

[तृक्षका गोत्रापत्य तार्क्ष्य । (तृक्ष) गर्गादि (गण) भएकोले यञ् (प्रत्यय) लाग्यो ।]

जातरूपको टीकाको पहिलो पुस्तकमा **गोत्रं**को **ग**कारको **र** भाग लामो हुन गई दायाँपट्टि तल झरेको छ (१० ख पत्रको २ पङ्क्ति) । प्रसङ्ग नमिलाई लिपिकै आधारमा मात्र पढ्ने हो भने भुजिमोलको त्यस **ग**लाई **श** भनेर पढ्न नसकिने होइन । यसैले **लिखितं**लाई **ऋषितं**, लेखन पुग्ने दोस्रो पुस्तकका अल्पपठित लेखकले गोत्रापत्यको प्रसङ्ग बुझेनन् र पहिलो लेखोटको **गोत्रन्तार्क्ष्यः**लाई **शोत्रन्तार्क्ष्यः** पढी **शोत्रन्तार्क्ष्यः**को अर्थ नहुने भएकोले तालव्य शलाई दन्त्य स बनाएर र **तामा** झुण्डिएको **र**लाई हटाएर **सः**+**अत्र**को सन्धि भई **सोत्र** बनेको सम्झी **तृक्षस्यापत्यं सोत्र तार्क्ष्यः** भनी लेखन पुगेको (८ ख पत्रको ५ पङ्क्ति) ।

यो त भयो, अक्षर नचिन्दा पुस्तक सार्नेले पाठसंशोधन गर्न पुगेको उदाहरण । अर्थ नलाग्दा पुस्तक सार्नेले पाठ-संशोधन गर्न पुगेको उदाहरण अब दिइन्छ ।

---

२२. केसरपुस्तकालयको लेखोट पुस्तकको ५६० सङ्ख्या [नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या सी १२१/१] को १५३ ख पत्र । [वि. सं. २०३४ मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको **द टू अर्लिएस्ट् कप्अर्–प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्** [नेपालका सबभन्दा पुराना दुइवटा ताम्रपत्र] को ९ पृष्ठ, ३२ सङ्ख्याको टिप्पणी ।

२३. नेपाल राष्ट्रिय अभिलेखालय पहिलो ३३७ सङ्ख्या [नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या वी २६६/१५] को २५ ख पत्र–

संम्वत् ८७५ नष्टज्येष्टशुक्लया,, दशमि,, उत्रफागुणीनक्षत्र,, वरियानजोगे,, बुधवारशरे श्व कुन्हु शंपुन याङा जुरः ।। ९ श्रीकांत उपाध्या भाजुया पुस्तक जुर ।। ऋषितं श्रीशिवनारायण मिश्ररः ।। ।। शुभ ।। ।।

[ने. सं. ८७५ [वि. सं. १८१२] मलमास भएको ज्येष्ठशुक्लको दशमी, उत्तरफाल्गुनीनक्षत्र, वरीयान्योग, बुधवार यो दिन पूरा गरियो । श्रीकान्त उपाध्यायज्यूको पुस्तक हो । श्रीशिवनारायण मिश्रद्वारा लेखियो । शुभ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रा आचार्यहरूले तार भएका, छालाले मोडिएका, फुकेर बजाइने र परस्परमा ठोकेर बजाइने गरी बाजाहरू-लाई चार भागमा बाँडेका छन् । तार भएका बाजा **तत**, छालाले मोडिएका बाजा **आनद्ध**, फुकेर बजाइने बाजा **सुषिर** र ठोकेर बजाइने बाजा **घन** कहिन्छन् । **अमरकोष** १।७।४ मा यी चारै थरी बाजाको परिभाषा गरिँदा पहिलो प्रकारको बाजाको बारे यस्तो लेखिएको छ –

ततं वीणादिकं वाद्यम्

[वीणा आदि बाजा तत (कहिन्छ) ।]

त्यसको टीका जातरूपले यसरी गरेका छन्–

तन्त्रीविस्तारात् कृतं वीणाखोऽ्ङ्गणिकादि वाद्यं ततमुच्यते ।

[तारको फैलावटबाट बनाइएका वीणा र खोऽ्ङ्गणिका आदि बाजा तत कहिन्छ ।]

वीणासँगै आएको **खोऽ्ङ्गणिका** यो शब्द बेचलतीको भएकोले दोस्रो पुस्तक सार्नेलाई यस शब्दको अर्थ लागेन र **खोऽ्ङ्गणिका** यी अक्षर पहिलो पुस्तकमा स्पष्ट हुँदा हुँदै पनि (३० ख पत्रको ५ पङ्क्ति) **वीणाखोऽ्ङ्गणिकादिको** ठाउँमा **वीणाशंखोध्वणिकादि** (२२ ख पत्रको ८ पङ्क्ति) भनी पाठसंशोधन गर्न उनी पुगेका छन् । शङ्ख पनि बाजा भएकोले वीणा र शङ्खको आवाज आदि भनेको होला भन्ने ठानी **खोऽ्ङ्गको** ठाउँमा **शंखो** र लेख्दा **ध्व** छुटेको होला भन्ने विचारले **ध्वणिकादि** पाठ बनाई यसरी पाठसंशोधन गर्न ती लेखक पुगेको देखिन्छ । यसरी पाठसंशोधन गर्दा ती अल्पपठित लेखकले व्याकरणको मात्र खयाल नराखेको होइन कि शङ्ख फुकेर बजाइने हुनाले **ततमा** पर्दैन भन्ने सम्म पनि विचार नगरेर र खुद जातरूपले लगत्तै **सुषिरको** उदाहरण दिँदा बाँसुरी आदिसँगै शङ्खको उल्लेख गरेको[२४] पनि खयाल नराखेको चाखलाग्दो छ ।

तीन

पुस्तक सार्नेले अक्षर नचिनेर र कुरा नबुझेर पनि पाठभेदको उत्पत्ति हुन्छ भन्ने कुराको उदाहरण दिइसकेपछि **विवाहप्रसवावाह** जतिकै, प्राचीन आचार्यहरूले मानेको पाठ **विवाहप्रसवावास** हो भनी ज्ञानमणिजीले जिकिर गर्नु-भएको कुराको अब परीक्षा गर्नुपरेको छ ।

भारतीय नाट्यशास्त्रमा विवाह र **आवाह** त्यस ठाउँमा मात्र होइन, अन्त पनि सँगै आएको चर्चा यहाँनिर गर्नु रमाइलै होला । कुरा के भने, नाटक खेलाउन थाल्नुभन्दा अगाडि विघ्नविनाशनार्थ गरिने नान्दीको माहात्म्य

---

२४. **सुषिरकृतं वंशीशङ्खकाहलादि वाद्यं सुषिरम् ।**
[खोक्रो पदार्थले बनेका बाँसुरी शङ्ख काहल आदि बाजा सुषिर (कहिन्छ) ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाईंदै जाँदा[२५] त्यहाँ **आवाह** र **विवाह**को प्रसङ्ग यसरी आउँछ–

आवाहे च विवाहे च यज्ञे नृपतिमङ्गले ।
नान्दीशब्दमुपश्रुत्य हिंस्रा नश्यन्ति चैव हि ।।२४।।
(३६ अध्याय)[२६]

[आवाहमा र विवाहमा, यज्ञमा, राजाको मङ्गलकार्यमा नान्दीको आवाज सुनेर हिंस्रकहरू पक्कै नष्ट हुन्छन् ।]

भारतीय नाट्यशास्त्रमा आएको **विवाहप्रसवावाह°** भन्ने पाठलाई **विवाहप्रसवावास°** भन्ने पाठ मानी ज्ञानमणिजीले लेखेको कुराको खण्डन गर्दा संस्कृत, पालि, प्राकृत र बौद्ध संस्कृतभाषामा **छोरीको बिहे** वा **बिहेको एक विधिविधान**को रूपमा **आवाह** शब्द चलेको उदाहरण मैले प्रस्तुत गरेको थिएँ । **व्याकरणमहाभाष्य**मा पनि अन्यत्र झैं **आवाह** र **विवाह** शब्दको प्रयोग सँगै भएको रहेछ । तर त्यसमा मेरो आँखा पछि मात्र परेकोले ज्ञानमणिजीको खण्डन गरी प्रकाश गरिएको सो लेखमा त्यो छुट्न गएको छ । यसैले **व्याकरणमहाभाष्य**बाट सम्बद्ध अंशको यहाँ उद्धरण गर्नुपरेको छ–

अस्ति चेदानीं कश्चित्संज्ञाभूतो भावो यदर्थो विधिः स्यात् । अस्तीत्याह । आवाहो विवाह इति ।[२७]

[अहिले कुनै संज्ञा भएको, भावप्रत्ययान्त शब्द छ ? जसको लागि विधि [नियमविधि] होस् ? छ भनी भन्छ– आवाह विवाह (त्यस्तै शब्द हुन्) ।]

यसको टीका गर्दा कैयटले **आवाह** र **विवाह**को अर्थ गरेको पनि यस प्रसङ्गमा सम्झनुपरेको छ–

आवाह इति कन्याया आनयनमुच्यते । विवाहस्तु नयनम् ।[२८]

[आवाह भनेर कन्या ल्याउनुलाई भनिन्छ । विवाह भनेको त (कन्या) लग्नु हो ।]

---

२५. **भारतीय नाट्यशास्त्र**को ३६ अध्यायका १५–२३ श्लोक । [वि. सं. २०४०/४१ मा दिल्ली र अहमदाबाद-बाट परिमल पब्लिकेशन्सद्वारा प्रकाशित, कन्हैयालाल जोशीको **भरतमुनिप्रणीतं नाट्यशास्त्रम्, श्रीमदभिनवगुप्ताचार्यविरचितया अभिनवभारतीसंस्कृतव्याख्यया समुद्भासितम्** चौथो भागका ४८३–४८४ पृष्ठ ।]

२६. उही ४८४ पृष्ठ ।

२७. **अकर्तरि च कारके संज्ञायाम्** (**अष्टाध्यायी** ३।३।१९) को भाष्य । [वि. सं. १९९४ मा बम्बईबाट निर्णयसागर मुद्रणयन्त्रालयद्वारा प्रकाशित, शिवदत्त शर्मा र रघुनाथ शास्त्रीको **श्रीमद्भगवत्पतञ्जलि-मुनिनिर्मितं पाणिनीयव्याकरणमहाभाष्यम् । एतद्व्याख्यानभूत उपाध्यायकैयटप्रणीतो भाष्यप्रदीपस्तद्-व्याख्यानभूतो नागेशभट्टविरचितो भाष्यप्रदीपोद्द्योतः** [श्रीभगवान् पतञ्जलि मुनिले बनाएको पाणिनीय व्याकरणको महाभाष्य । यसको व्याख्यान भएको उपाध्याय कैयटले बनाएको भाष्यप्रदीप, त्यसको व्याख्यान भएको नागेश भट्टले बनाएको भाष्यप्रदीपोद्द्योत] को तेस्रो खण्डको २२५ पृष्ठ ।]

२८. उही ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसै गरेर **कौटलीय अर्थशास्त्र**मा पनि **आवाह** र **विवाह** शब्दको सँगै प्रयोग भएको रहेछ । त्यसमा पनि मेरो आँखा पछि मात्र परेकोले सम्बद्ध अंशको यहाँ उद्धरण गर्नुपरेको छ–

> **दुर्गादीनि च कर्माण्यावाहविवाहपुत्राभिषेकाश्वपण्यहस्तिग्रहणसत्त्रयात्राविहारगमनानि चानुज्ञातः कुर्वीत ।२२।**
>
> (७ अधिकरण १५ अध्याय)[२९]

[(आफूलाई जित्ने राजाको) आज्ञा लिएर मात्र (आश्रित राजाले) किल्ला आदिको काम, आवाह, विवाह, छोराको अभिषेक, घोडाबिक्री, हात्तीखेदा, यज्ञ, यात्रा र घुमफिर गर्न जाने काम गर्नू ।२२।]

कौटलीय अर्थशास्त्रका अहिले बचेका, संस्कृतमा लेखिएका चारवटा[३०] प्राचीन टीकामध्ये खालि माधवयज्वाको **नयचन्द्रिका**मा मात्र सम्बद्ध अधिकरणको टीका परेको छ ।[३१] यसकारण **नयचन्द्रिका**बाट सम्बद्ध अंशको यहाँ उद्धरण गरिन्छ–

> **अनुक्तान् धर्मविशेषानाह– दुर्गादीनि चेत्यादि । दुर्गादीनि कर्माणि प्रागुक्तानि । आवाह....., ... कन्यादानम्, अत्र ... भिषेको यौवराज्यदानम्, अश्वपण्यं– अश्वक्रयः, हस्तिग्रहणं हस्तिबन्धनम्, हस्तिबन्धनस्य दुर्गाद्यन्तर्गतत्वेपि पुनर्वचनमादरार्थं ग्राह्यम् । सूत्रं– विचारसाध्यो योगः, यात्रा– परानभियोक्तुं गमनम्, देवोत्सवगमनं वा, विहारश्चिर-मुद्यानादिक्रीडा, एतान्यनुज्ञातः कुर्यादित्यर्थः ।**[३२]

---

२९. वि. सं. २०२५ मा बम्बईबाट बम्बईविश्वविद्यालयद्वारा प्रकाशित, आर. पी. काङ्गलेको **द कौटिलीय अर्थ-शास्त्र पार्ट् १, ए क्रिट्इकल् एडिशन् विथ् ए ग्लस्अरि** [कौटिलीय अर्थशास्त्र १ भाग, शब्दार्थसूचीसहितको परीक्षणात्मक संस्करण] को दोस्रो संस्करणको १९६ पृष्ठ । त्यहाँ **कर्माणि**को इदेखि **आवाह°**को **आ** पर हुँदा हुने सन्धि गरिएको छैन ।

३०. यी चार टीकाका नाम **जयमङ्गला, नयचन्द्रिका, नीतिनिर्णीति** र **प्रतिपदपञ्चिका** हुन् । **जयमङ्गला**मा **चाणक्यटीका** भन्ने टीका पनि मिसिएको छ भन्ने कुरा विशेषज्ञहरू गर्छन् ।

३१. **जयमङ्गला** उठानदेखि तेस्रो अधिकरणको पहिलो अध्यायसम्म मात्र पाइन्छ । **नयचन्द्रिका** सातौँ अधिकरण-को सातौँ अध्यायदेखि बाह्रौँ अधिकरणको चौथो अध्यायको एघारौँ सूत्रसम्म मात्र उपलब्ध छ । **नीति-निर्णीति** दोस्रो अधिकरणको पहिलो अध्यायदेखि चौथो अध्यायको पहिलो सूत्रसम्म मात्र भेट्टाइएको छ । **प्रतिपदपञ्चिका** दोस्रो अधिकरणको आठौँ अध्यायको पाँचौँ सूत्रदेखि त्यही अधिकरणको अन्त्यसम्म मात्र पाइएको छ । त्यसमा पनि **जयमङ्गला** र **नयचन्द्रिका**मा ठाउँठाउँमा निकै अंश टुटेका छन् । विशेष विवरणको लागि काङ्गलेको उपर्युक्त पुस्तकको **इन्ट्रडक्शन्** [उपोद्घात]का १५–१७ पृष्ठ हेर्नू ।

३२. वि. सं. १९८१ मा लाहौरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, युजिअस योल्लि र रिखार्ड स्मिड्ट-को **कौटिलीयम् अर्थशास्त्रम्**को दोस्रो भागमा गाँसिएको, उदयवीर शास्त्रीको **कौटलीयार्थशास्त्रव्याख्या नयचन्द्रिका वादिकविचूडामणिमहोपाध्यायश्रीमन्माधवयज्वमिश्रप्रणीता** [कौटलीय अर्थशास्त्रको व्याख्या नय-चन्द्रिका, वादिकविचूडामणि महोपाध्याय श्रीमान् माधवयज्वा मिश्रले बनाएको] को ३७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[**दुर्गादीनि च** इत्यादि भनेर नतोक्तिसकिएका कर्तव्यविशेषलाई भन्छन् । किल्ला आदिका काम पहिल्यै भनिसकिए । **आवाहः ...** कन्यादान, यहाँ ... **अभिषेकः** भनेको युवराजपद दिनु, **अश्वपण्यं** भनेको घोडाखरीद, **हस्तिग्रहणं** भनेको हात्तीखेदा, **दुर्गादिभिन्न** हात्तीखेदा पर्दा पर्दै पनि फेरि भन्नुलाई आदरको लागि भनेको भनेर लिनुपर्छ । **सूत्रं**[३३] भनेको विचारसाध्य योग, **यात्रा** भनेको शत्रुलाई हमला गर्न जानु वा देवताको जात्रामा जानु, **विहार** भनेको धेरै समयसम्म बगैंचाहरूमा खेलबाड गर्नु, यी (काम) आज्ञा लिएर गर्नू भन्ने अर्थ हो ।]

कौटलीय अर्थशास्त्रमा अन्यत्र एक ठाउँमा पनि **आवाह** र **विवाह** शब्दको यसरी सँगै प्रयोग भएको छ–

आवाहविवाहाभ्यां वा कृत्वा संयोगमसंयुक्तान् भेदयेत् ।७०।

(६ अधिकरण ६ अध्याय)[३४]

[अथवा आवाह र विवाहद्वारा सम्बन्ध जोडेर सम्बन्ध नजोडिएकाहरूलाई (त्यससँग) फुटाउनू ।]

यस अंशको टीका पनि **नयचन्द्रिका**मा मात्र बचेको छ र त्यसलाई पनि यहाँ उद्धरण गरिन्छ–

भेदन एव प्रकारान्तरमाह– आवाहेत्यादि । भानमावाहः कन्यायाः, तस्या एव दानं विवाहः, ताभ्यां वा सम्बन्धं कृत्वा असंयुक्तान् तत्सम्बन्धरहितान् भेदयेदित्यर्थः ।[३५]

[**आवाह** इत्यादि भनेर फुटाउने कुरामा नै अर्को प्रकार भन्छन् । **आवाहः** भनेको कन्याको भान, **विवाहः** भनेको तिनीको नै दान, अथवा ती दुइ (काम)द्वारा सम्बन्ध गरेर **असंयुक्तान्** भनेको त्यो सम्बन्ध नभएकाहरूलाई फुटाउनू भन्ने अर्थ हो ।]

आवाहको अर्थ **नयचन्द्रिका**को पहिलो अंशमा टुटेको र दोस्रो अंशमा चाहिँ **भानं** भनी गरिएको छ । **भान** शब्दको अर्थको सन्दर्भ यहाँ नमिल्ने भएकोले पाठ भ्रष्ट छ भन्ने स्पष्ट छ । पहिलो अंशमा **कन्यादानम्** कुन शब्दको पर्यायमा आएको हो, त्यो शब्द लेखोट पुस्तकमा लुप्त भइसकेको भए तापनि सन्दर्भअनुसार **विवाह**कै अर्थमा आएको हो भनी भन्न सकिन्छ । दोस्रो अंशमा **तस्या एव दानं विवाहः** भनी लेखिएकोले **विवाह**को अर्थ **कन्यादान** भनी माधवयज्वाले गरेको कुरामा शङ्का छैन ।

मलयालम भाषामा लेखिएको **कौटलीय अर्थशास्त्र**को प्राचीन टीका **भाषाव्याख्यान**को शब्दशः उल्था जस्तो भएको[३६] गणपति शास्त्रीको **श्रीमूल** टीकामा **आवाहः कन्यास्वीकरणं** [आवाह भनेको कन्या स्वीकार गर्नु] र

---

३३. यहाँ टीकामा **सूत्रं** भन्ने पाठ भए तापनि मूलानुसारी पाठ **सत्रं** हो भन्ने कुरा यहाँनिर सम्झनुपर्छ ।

३४. काङ्लेको उपर्युक्त पुस्तकको २२८ पृष्ठ ।

३५. उदयवीर शास्त्रीको उपर्युक्त पुस्तकको १५५ पृष्ठ ।

३६. काङ्लेको उपर्युक्त ग्रन्थको **इन्ट्रडक्शन्**को १७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवाहः कन्यादानं[३७] [विवाह भनेको कन्यादान] भनी गरिएको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ।

बौद्ध वाङ्मयमा छोरोको बिहेलाई बुझाउन **आवाह** र छोरीको बिहेलाई बुझाउन **विवाह** शब्दको प्रयोग भए जस्तै,[३८] कैयटले र **कौटलीय अर्थशास्त्र**का टीकाकारहरूले पनि ती दुइ शब्दको ती ती नै अर्थ मानेको यत्ताबाट बुझिन्छ। अभिनवगुप्तको भने, दुलही भित्याउनेसम्मको विधिविधानलाई **विवाह** शब्दले र दुलही लिएर जुवाई ससुराकहाँ जाने अर्थात् दुलान फर्काउने जस्ता विधिविधानलाई **आवाह** शब्दले बुझाउँछ भन्ने विचार भएकोले **आवाह** शब्दलाई बिहेसँग सम्बद्ध मान्दा मान्दै पनि **आवाह** र **विवाह**को उनले मानेको अर्थ अरूहरूले मानेको भन्दा केही फरक भएको स्पष्ट छ।

बडोदाबाट प्रकाशित **भारतीय नाट्यशास्त्र**मा **विवाहप्रसवावाह**°को पाठान्तरका रूपमा **विचार्य प्रसवोद्वाह**° र **विवाहप्रसवावास**° भन्ने पाठ दिइएका छन्। तिनमा पहिलो पाठान्तर उज्जैनबाट ल्याइएको भनेर र झण्डै तीन सय वर्ष पुरानो भनी बडोदाबाट प्रकाशित **नाट्यशास्त्र**का सम्पादकले लेख काटेको पुस्तकमा छ। दोस्रोचाहिँ, ट्राभन्कोरका महाराजको, त्रिभेन्द्रमदरबारको पुस्तकखानामा रहेका, मलयालम लिपिमा लेखिएका दुइ पुस्तकको आधारमा पूनाका डा. श्रीपाद कृष्ण वेलवलकरको लागि तयार गरिएको प्रतिलिपिबाट दिइएको हो। त्रिभेन्द्रममा रहेका ती दुइ आदर्श पुस्तकमध्ये पहिलोको लिपि पुरानो भएकोले त्यस पुस्तकखानाका पण्डितले चार सय वर्ष जति पुरानो भनी एउटाको समय अन्दाज गरेको र अर्कोको चाहिँ लिपि नयाँ भएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ।[३९]

आ उपसर्ग लागेको **वह्** धातुको र त्यस धातुबाट निष्पन्न शब्दको[४०] पनि **उद्** वा **वि** उपसर्ग लागेका **वह्** धातुको र ती धातुबाट निष्पन्न शब्दको जस्तै **बिहे**कै अर्थमा प्रयोग भएको देखिए तापनि संस्कृतभाषाका प्राचीन ढङ्गका कोष पल्टाउँदा बिहेको अर्थमा **आवाह** शब्द[४१] नभेट्टिएकोले पछिपछि गएर बिहेको अर्थमा **आवाह** शब्दको प्रयोग हुन छोडेको देखिन्छ र खालि पालि, प्राकृत र पालि प्राकृतको अत्यन्त प्रभाव परेको बौद्ध सङ्कर संस्कृतमा मात्र बिहेको अर्थमा **आवाह** शब्द चलेको देखिन गएको छ। यतावाट पछिका कोरा संस्कृतज्ञहरूले **आवाह** शब्दको पुरानो अर्थ बिर्सिएको अनुमान हुन्छ र यसैले **नाट्यशास्त्र** सार्नेहरूलाई त्यहाँ परेको **आवाह** शब्दको अर्थ नलाग्नु अस्वाभाविक देखिँदैन। जसरी ज्ञानमणिजीलाई **आवाह** शब्दको अर्थ लागेन र उहाँको प्रत्युत्पन्नमतिले **आवाह**को ठाउँमा **आवास** भनी पाठसंशोधन गऱ्यो, त्यसै गरी **नाट्यशास्त्र**का कुनै लेखोट पुस्तक सार्नेलाई **आवाह**को अर्थ लागेन र

---

३७. वि. सं. १९८१ मा त्रिभेन्द्रमबाट गभर्नमेन्ट प्रेसद्वारा प्रकाशित, त. गणपति शास्त्रीको **कौटलीयम् अर्थशास्त्रं महामहोपाध्यायगणपतिशास्त्रिविरचितश्रीमूलाख्यव्याख्योपेतम्** [महामहोपाध्याय गणपति शास्त्रीले बनाएको श्रीमूल भन्ने व्याख्याले युक्त भएको कौटलीय अर्थशास्त्र] को दोस्रो भागको ३४१ पृष्ठ; तेस्रो भागको ८७ पृष्ठ।

३८. **पूर्णिमा**को ६९ अङ्कका १०–१७ पृष्ठ।

३९. बडोदाबाट प्रकाशित **भारतीय नाट्यशास्त्र**को पहिलो भागको दोस्रो संस्करणको **प्रिफेस्** [प्रस्तावना] का ८–१० पृष्ठ, मूल भागको १७८ पृष्ठ।

४०. **पूर्णिमा**को ६९ अङ्कका १७–१८, १९ पृष्ठ।

४१. उही १३ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उनको प्रत्युत्पन्नमतिले **आवास** पाठ बनाएको देखिन्छ भनी तर्क गर्न नसकिने होइन ।

त्यसमाथि, पूनामा विराजमान डाक्टर साहेबको लागि पुरानो मलयालम लिपि र नयाँ मलयालम लिपिका दुइ पुस्तकबाट यत्किञ्चिद् द्रव्यलाभको लागि पुस्तक सारिदिने बबुरा लेखकले कति शुद्धतासँग पाठ उतार्न सकेका थिए भन्ने प्रश्न पनि यहाँनिर उठाउन नसकिने होइन ।

विवाहप्रसवावास° मात्र होइन; **विवाहप्रसवावाह°**का अरू अरू पाठान्तर पनि **आवाह** शब्दको अर्थ नलागेरै जन्मिएका हुन् भन्ने कुरा यहाँनिर जोड दिईकन भन्नुपरेको छ । बडोदाबाट प्रकाशित सोही **नाट्यशास्त्र**मा अर्को पुस्तकबाट दिइएको **विचार्य प्रसवोद्वाह°** भन्ने पाठलाई नै लिऊँ । **आवाह** शब्दको अर्थ नलागेरै त्यसलाई हटाउन **विवाह**को ठाउँमा **विचार्य** [विचार गरेर] भन्ने पाठ बनाई अर्थ लागेको **विवाह** शब्दलाई छन्दले गर्दा समेट्न नसक्दा त्यसको पर्याय **उद्वाह** शब्दले काम चलाई पाठ सच्याइएको कुरा पनि **विवाहप्रसवावास°** भनी पाठ सच्याइएकोभन्दा कम चाखलाग्दो छैन ।

विवाहप्रसवावाह°का पाठान्तरकै कुरा गर्ने हो भने अरू अरू पाठान्तर पनि जुटाउन नसकिने होइन । जोआनी ग्रोसेको **नाट्यशास्त्र**मा एउटा पुस्तकबाट **विवाहप्रसवःवाह°** र अर्को पुस्तकबाट **विवादप्रसवाचार°** भन्ने पाठान्तर दिइएको छ ।[४२] अन्त किन जाऊँ, नेपालमै भएको **नाट्यशास्त्र**को एउटा पुरानो पुस्तकमा **विवाहप्रसवावाह°** होइन कि, **विवाहप्रसवोत्साह°** भएको कुरा मैले पहिल्यै भनिसकेको हो ।[४३] यी पाठान्तरमध्ये कुन कुनलाई हाम्रा ज्ञानमणिजी प्राचीन आचार्यहरूले मानेको भनी ठान्नुहुन्छ ?

आवाह शब्दको अर्थ नलाग्नाले जन्म लिन पुगेको, टीकाकारलाई थाहै नभएको, अन्त कतैबाट पनि पुष्टि नपाएको **विवाहप्रसवावास°** भन्ने पाठलाई ज्ञानमणिजीले प्राचीन आचार्यहरूले मानेको पाठ भनी जिकिर गर्नुभएकोले हामीले मानेर आएका आचार्यका र उहाँले मान्ने गरेका आचार्यका योग्यतामा निकै फरक रहेछ भनी यहाँनिर भन्नै पर्ने भएको छ ।

चार

माथि उल्लेखित 'विवाहप्रसवावाह' भन्ने पाठमा...त्रिवेन्द्रम्को...दरबार लाइब्रेरीमा रहेको पुरानो पाण्डुलिपिमा चाहिं 'विवाहप्रसवावास' भन्ने पाठ पाइन्छ । मैले आफ्नो पुस्तकमा यो पाठ ठीक यो पाठ बेठीक भन्नेतर्फ नलागी दुवै पाठ दिएर...सन्दर्भको मिलान खातिर 'आवास' को चाहिं नेपालीमा अर्थ दिएको हुँ भनी ज्ञानमणिजीले लेख्दा लेख्दै ज्ञानमणिजीलाई **आवाह** शब्दको अर्थ नलागेकोले उहाँले **आवास** भनी पाठसंशोधन गर्न पुग्नुभयो भनी भरखरै मैले माथि जो लेखें, त्यसमा विप्रतिपत्ति उठ्ने सम्भावना भएकोले त्यसको निराकरणको लागि यहाँनिर केही लेख्नुपरेको छ ।

---

४२. ग्रोसेको **नाट्यशास्त्र**को संस्करणको चौथो अध्यायको २६८ श्लोक । [५८ पृष्ठको पहिलो पङ्क्तिको पाठान्तर ।]

४३. **पूर्णिमा**को ६९ अङ्कको ९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञानमणिजीले **महीरावणवध**को सम्पादन गर्दा उपयोग गर्नुभएको **भारतीय नाट्यशास्त्र** बडोदाबाट प्रकाशित उपर्युक्त संस्करण नभई ई. सं. १९७२ [वि. सं. २०२८/२९] मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज अफिसबाट प्रकाशित संस्करण थियो भन्ने कुरा ज्ञानमणिजीले आफ्नो त्यस पुस्तकमा दिनुभएको **सन्दर्भग्रन्थ–सूची**बाट स्पष्ट हुन्छ।[४४] ज्ञानमणिजीले त्यस बेला उपयोग गर्नुभएको त्यो संस्करण मैले देखेको छैन तापनि **विवाहप्रसवावास°** भन्ने पाठको साधुत्वको पुष्टिको लागि लेखनुभएको लम्बेतानको निबन्धमा त्यस संस्करणको चर्चे नआएकोले त्यस संस्करणमा **विवाहप्रसवावास°** भन्ने पाठ पनि दिइएको थियो भनी भन्न म सक्दिनँ। अर्को शब्दमा भन्ने हो भने, जुन बेला ज्ञानमणिजीले **महीरावणवध**को सम्पादन गर्नुभयो, त्यस बेला उहाँले पाठान्तरमा **विवाहप्रसवावास°** पनि दिइएको, बडोदाबाट प्रकाशित **भारतीय नाट्यशास्त्र**को उपयोग गर्नुभएको थिएन, बनारसबाट प्रकाशित **नाट्यशास्त्र**कै उपयोग गर्नुभएको थियो, त्यहाँ **विवाहप्रसवावाह°** पाठ हुँदा हुँदै पनि **आवाह** शब्दको अर्थ नलागेकोले र **आवाह**को ठाउँमा **आवास** पढ्दा आफूले खोजेको सन्दर्भसँग मिल्ने पनि भएकोले उहाँले **विवाहप्रसवावास°** भन्ने पाठ सच्याएको देखिन गएको छ। पछि मैले **विवाहप्रसवावास°** पाठको निराकरण गरी लेख प्रकाश गरिसकेपछि मात्र उहाँले **नाट्यशास्त्र**का थरीथरीका संस्करण पल्टाउँदै जाँदा बडोदाबाट प्रकाशित संस्करणमा पाठान्तरको रूपमा **विवाहप्रसवावास°** भन्ने पाठ फेला पार्नुभयो र प्राचीन ग्रन्थको पाठ बुझनसुझ संशोधन गरी हिँड्ने आरोपबाट आफूलाई चोख्याउन बडोदाबाट प्रकाशित संस्करण पहिले नै उपयोग गरे जस्तो गरी **मैले आफ्नो पुस्तकमा यो पाठ ठीक यो पाठ बेठीक भन्नेतर्फ नलागी दुवै पाठ दिएर रामाङ्कनाटिका नयाँ पुरप्रतिष्ठाको उत्सवमा देखाइएको हुनाले त्यस सन्दर्भको मिलान खातिर 'आवास' को चाहिं नेपालीमा अर्थ दिएको हुँ** भनी लेखन उहाँ पुग्नुभयो भनी भन्न नसकिने होइन। आफ्नो अनुसन्धानधर्मलाई मैले पालना गरेको छु[४५] भनी ज्ञानमणिजीले त्यस लेखमा दावी गरे तापनि यहाँनिर अनुसन्धाताको धर्म उहाँले छोड्नुभएको छ भनी भन्नैपर्छ।

पाँच

आजभन्दा झण्डै छ वर्षअगाडि ज्ञानमणिजीको खण्डन गर्न वस्दा फ्याङ्कलिन एजर्टनले बनाएको, बौद्ध सङ्कर संस्कृतभाषाको कोषमा **महाभारत अनुशासनपर्व** ३२३२ मा **आवाह र विवाह** शब्द सँगै आएको कुरा लेखेको देखेपछि त्यो अंश पत्ता लाउन म आतुरिएँ। तर **महाभारत**को कुनचाहिं संस्करण आफूले उपयोग गरेको हो, त्यस विषयमा एजर्टनले लेखेको नदेखेकोले म रनभुल्लमा परेँ। पूनाबाट छापिएको **महाभारत**को **श्लोकपादसूची**बाट त्यो अंश पत्ता लाउन सकिन्छ कि भनी त्यो सूची पल्टाउन म पुगेँ। परीक्षणात्मक भनी कहलिएको पाठमा त होइन, परीक्षणात्मक संस्करणका संस्कर्ताहरूले मूलपाठबाट हटाई परिशिष्टमा राखेको पाठमा सो अंश पनि रहेको

---

४४. **जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन**को १९४ पृष्ठ।

४५. अहिले मैले भरत नाट्यशास्त्रको 'विवाहप्रसवावास' भन्ने पाठ पुरानै हो कि ज्ञानमणि नेपालले बनाएको हो भनेर निर्णय गर्न पनि त्यस्तै विद्वान्हरूले नेपाल र भारतको विभिन्न ठाउँमा अभिलेखालयमा रहेका हस्तलिखित ग्रन्थ हेरेर प्रकाश गरेका विभिन्न संस्करणलाई पल्टाएर देखाइदिनु परेको छ र मैले आफ्नो अनुसन्धान धर्मलाई कतिको पालना गरेको छु भनेर पनि प्रमाणित गर्नु परेको छ।

(**प्राचीन नेपाल**को १२३–१२५ संख्याको नेपाली खण्डका २६–२७ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस **श्लोकपादसूचीबाट** पत्ता लाग्न गयो[४६] र **अनुशासनपर्वको** दाक्षिणात्य पाठमा मात्र पाइने[४७] [परीक्षणात्मक संस्करणको परिशिष्टमा उतारिएको सो भागबाट[४८] डेढ श्लोकको सम्बद्ध अंश[४९] **पूर्णिमाको** ६९ अङ्कमा मैले उद्धरण गरें ।[५०] तर त्यस अंशको पूर्वापरसम्बन्ध आफूले मिलाउन नसकेकोले त्यहाँ आएको **आवाह** शब्दको अर्थ यही नै हो भनी ठोकेर भन्न मैले सकिनँ र **महाभारतमा यहाँ आएको आवाह शब्दको अर्थ यही नै हो भनी भन्न सक्ने स्थितिमा म अहिले छैन**[५१] भनी कति पनि छलकपट नगरीकन मैले आफ्नो कमजोरी त्यस वेला प्रकट गरेको थिएँ । अहिले त्यहीँ ठाउँमा मलाई ङ्याच्दै **सबै प्रयोग उद्धृत गरेर विद्वान्हरूले गरेका अर्थ देखाउने प्रयास गरे पनि महाभारतको प्रयोगको चाहिं यही अर्थ हो भनेर महेशराज पन्तले खुट्याएको देखिंदैन**[५२] भनी ज्ञानमणिजीले लेख्नुभएकोले यस विषयमा फेरि विचार गर्नु आवश्यक भएको छ ।

महाभारत अनुशासनपर्वमा आवाह र **विवाह** यी शब्द सँगसँगै आएको जुन उद्धरण मैले **पूर्णिमाको** ६९ अङ्कमा दिएको थिएँ, त्यसको अर्थको विषयमा लेख्नुभन्दा अगाडि विषय स्पष्ट पार्नको लागि केही वाक्य पहिले लेख्नु यहाँनिर जरूरी भएको छ ।

अनुशासनपर्वमा महादेव र पार्वतीको संवादको रूपमा जोडिएका अध्यायमध्ये एकमा गृहस्थीहरूले त्रिवर्ग अर्थात् धर्म, अर्थ र कामको अनुसरण गर्दै कस्तो वृत्ति लिई कसरी जीवनयापन गर्नुपर्छ भन्ने प्रश्न पार्वतीले शिवजीसँग सोद्धा शिवजीले दिएको उत्तरमा **आवाह** र **विवाह** शब्दको प्रयोग भएको छ । कुरा के भने, गृहस्थीहरूले न्यायपूर्वक वृत्ति कमाउने पाँच बाटो अर्थात् विद्या, वार्ता [खेतीपाती, बेपार र गोठ], सेवा, कारुत्व [कालिगढी] र नाटच्यता [नाच]मध्ये एकको अवलम्बन गरी आर्जन गरेको द्रव्यलाई चार भागमा बाँडी पहिला तीन अंश त्रिवर्गमा खर्च गर्नु र पछिल्लो अंशचाहिं आपत्कालको लागि जोगाएर राख्नुपर्छ भनी शिवजीले जवाफ दिँदा **आवाह** र **विवाह** शब्द त्यहाँ आएका छन् ।[५३] अझ खुलाएर भन्ने हो भने, त्रिवर्गमध्ये दोस्रो वर्ग अर्थात्

---

४६. वि. सं. २०२४ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, परशुराम लक्ष्मण वैद्यको **महाभारतस्थश्लोकपादसूची**को पहिलो भागको ३५४ पृष्ठ ।

४७. वि. सं. २०२०/२१ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, रामचन्द्र नारायण दाण्डेकरको **दि अनुशासनपर्वन्, बीइङ द थर्टीन्थ् बुक् अफ् द महाभारत** [महाभारतको तेह्रौँ पर्व– अनुशासनपर्व] को ९२२ पृष्ठ ।

४८. उही पुस्तकको पहिलो **अपेन्डइक्स्** [परिशिष्ट] को १५ सङ्ख्या ।

४९. ९५५ पृष्ठ, १४५१–१४५३ पङ्क्ति ।

५०. **पूर्णिमाको** ६९ अङ्कको १७ पृष्ठ ।

५१. उही ।

५२. **प्राचीन नेपालको** १२३–१२५ संख्याको नेपाली खण्डको २५ पृष्ठ ।

५३ १३ पर्वको २१६ अध्यायका ६–४७ श्लोक । [कुम्भघोणम्संस्करण भनी कहलिएको, वि. सं. १९६६ मा बम्बईबाट प्रकाशित, कुम्भघोणम्को मध्वविलास बुक डिपोका मालिक टी. आर्. कृष्णाचार्य र टी. आर्. व्यासाचार्यले अनेकन् विद्वान्हरूको सहायताद्वारा तयार गरेको दाक्षिणात्य पाठअनुसारको **श्रीमन्महाभारतम् सटिप्पणम्** [टिप्पणसहितको श्रीमन्महाभारत] **अनुशासनपर्वका** ३४१–३४३ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थको लागि जुन अंश छुट्टचाइएको छ, त्यो अंश फलाना फलाना काममा खर्च गर्नुपर्छ भनी किट्दा छोराछोरीको **आवाहमा** र **विवाहमा** पनि खर्च गर्नुपर्छ भनी त्यहाँ लेखिएको छ । अर्थकार्यको तपसील दिन अढाइ श्लोकमा लेखिएको सो अंशको उद्धरण विचारार्थ यहाँ गरिन्छ–

ऐश्वर्यस्थानलाभार्थं राजवाल्लभ्यकारणात् ।।३८।।
वार्तायां च समारम्भे ऽमात्यमित्रपरिग्रहे ।
आवाहे च विवाहे च पुत्राणां वृत्तिकारणात् ।।३९।।
अर्थोदयसमावाप्तावनर्थस्य विघातने ।
एवमादिषु चान्येषु अर्थार्थं विसृजेद्धनम् ।।४०।।[५४]

[ऐश्वर्यको ठाउँ पाउनको लागि, राजाको प्यारो हुनको लागि, वार्ता [खेतीपाती बेपार र गोठ] सम्बन्धी काम उठाउनको लागि, मन्त्रीलाई र साथीलाई कोसेली दिनको लागि, छोराछोरीका आवाह र विवाहको लागि, वृत्तिको लागि, धन कमाउनको लागि, अनर्थको नाशको लागि र इत्यादि अरू अरू (काम)को लागि अर्थको निमित्त (छुट्टचाइएको) धन खर्च गर्नू ।।३८–४०।।]

त्रिवर्गमध्ये दोस्रो वर्ग अर्थात् अर्थको लागि छुट्टचाइएको रकम फलाना फलाना काममा खर्च गर्नुपर्छ भनी भन्दै जाँदा **आवाहे च विवाहे च पुत्राणाम्** पनि भनिएकोले छोराछोरीका बिहेको अर्थमा यहाँ **आवाह** र **विवाह** शब्दको प्रयोग भएको हो भन्ने अब स्पष्ट भएको छ, अब यस विषयमा कति पनि शङ्का बाँकी छैन भनी भनिरहनुपर्दैन ।

ख

महाभारत अनुशासनपर्वमा एक ठाउँमा आएको **आवाहे च विवाहे च पुत्राणाम्**को प्रसङ्ग त्यस बेला मैले मिलाउन नसक्दा **महाभारतमा यहाँ आएको आवाह शब्दको अर्थ यही नै हो भनी भन्न सक्ने स्थितिमा म अहिले छैन भनी** लेख्दा लेख्दै पनि **महाभारत अनुशासनपर्वमै** अन्यत्र **आ** उपसर्ग लागेको **वह्** धातुको तुमुन्प्रत्ययान्त रूपको अर्थात्

---

१३ पर्वको १२२ अध्यायका ६–४८ श्लोक । [दाक्षिणात्य संस्करण भनी कहलिएको, वि. सं. १९९२/९३ मा मद्रासबाट वाविल्ल रामस्वामिशास्त्रुलु अण्ड् सन्स्द्वारा प्रकाशित, पि. पि. सुब्रह्मण्यशास्त्रीको **श्रीमन्महाभारतम्** [श्रीमन्महाभारत] **अनुशासनपर्व**को दोस्रो भागका १०७०–१०७५ पृष्ठ ।]

परीक्षणात्मक संस्करण भनी कहलिएको, पूनाबाट प्रकाशित **महाभारत अनुशासनपर्व**को पहिलो **अपेन्ड्इक्स्**को १५ सङ्ख्याका १३८२–१४६८ पङ्क्ति, ९५३–९५५ पृष्ठ ।

५४. कुम्भघोणम्संस्करणअनुसार माथि श्लोकसङ्ख्या हालिएको छ । दाक्षिणात्य संस्करणमा यो भाग ३९–४१ श्लोकमा पर्छ । **आवाहे च विवाहे च पुत्राणां**को ठाउँमा त्यहाँ **आवाहे च विवाहे च पूर्णानां** छापिन गएको छ । परीक्षणात्मक संस्करणमा यो भाग १४४९–१४५३ पङ्क्तिमा पर्छ । त्यहाँ **समारम्भे ऽमात्यमित्रपरिग्रहे**को ठाउँमा **समारम्भे भृत्यमित्रपरिग्रहे** पाठ दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आवोढुम्को उपपद एक ठाउँमा **कन्याम्** र अर्को ठाउँमा **नारीम्** भएको र केही पनि उपसर्ग नलागेको वह् धातुको सोही रूपको उपपद **ताम्** भएको उदाहरण दिई आवाह र विवाह **यी शब्दले सङ्कर–संस्कृतको अर्थ बुझाएका हुन् भन्ने मलाई पनि लागेको छ** र केटो मान्छेको बिहेलाई आवाह शब्दले बुझाएको हो भनी बौद्धवाङ्मयका विद्वान्हरूले गरेको अर्थ महाभारतको प्रसङ्गमा पनि सत्यको घेरै नजीक देखिन्छ[५५] भनी निष्कर्ष निकालेको थिएँ। ज्ञानमणिजीले **आवास** पाठको साधुत्व सिद्ध गर्न लेखेको लेख पढेपछि अहिले **महाभारत** पल्टाउँदै जाँदा अन्यत्र पनि त्यस्ता प्रसङ्ग आएको भेटिएकोले त्यस विषयमा पनि केही लेख्नुपरेको छ।

कौरव र पाण्डवको लडाइँ हुने पक्का भए पछि कौरव पक्षका एक जना प्रबल सेनापति कर्णलाई कौरवसँग फुटाउन तिमीलाई कुन्तीले कन्या छँदै पाएको भए तापनि धर्मअनुसार तिमी पाण्डुकै छोरा हौ, तिमी जेठा भएकाले तिमीलाई हामी राजा बनाउँछौं, युधिष्ठिरचाहिँ तिम्रा युवराज हुनेछन् इत्यादि भनी कृष्णजीले कर्णलाई फकाउँदा[५६] जुन जवाफ कर्णले दिएका छन्, त्यहाँ एक ठाउँमा **आवाह** र **विवाह**को पनि प्रसङ्ग आएको छ–

असंशयं सौहृदान्मे प्रणयाच्चात्थ केशव ।
सख्येन चैव वार्ष्णेय श्रेयस्कामतयैव च ।।१।।
सर्वं चैवाभिजानामि पाण्डोः पुत्रो ऽस्मि धर्मतः ।
निग्रहाद्धर्मशास्त्राणां यथा त्वं कृष्ण मन्यसे ।।२।।
कन्या गर्भं समाधत्त भास्करान्मां जनार्दन ।
आदित्यवचनाच्चैव जातं मां सा व्यसर्जयत् ।।३।।
सो ऽस्मि कृष्ण तथा जातः पाण्डोः पुत्रो ऽस्मि धर्मतः ।
कुन्त्या त्वहमपाकीर्णो यथा न कुशलं तथा ।।४।।
सूतो हि मामधिरथो दृष्ट्वैव अनयद्गृहान् ।
राधायाश्चैव मां प्रादात्सौहार्दान्मिधुसूदन ।।५।।
मत्स्नेहाच्चैव राधाया सद्यः क्षीरमवातरत् ।
सा मे मूत्रं पुरीषं च प्रतिजग्राह माधव ।।६।।
तस्याः पिण्डव्यपनयं कुर्यादस्मद्विधः कथम् ।
धर्मविद्धर्मशास्त्राणां श्रवणे सततं रतः ।।७।।
तथा मामभिजानाति सूतश्चाधिरथः सुतम् ।
पितरं चाभिजानामि तमहं सौहृदात्सदा ।।८।।

---

५५. पूर्णिमाको ६९ अङ्कका १७, १८ पृष्ठ।

५६. **महाभारत** ५ पर्वको १३८ अध्यायका ६–२८ श्लोक। [वि. सं. १९९६ मा पूनाबाट भाण्डारकरप्राच्यविद्या-संशोधनमन्दिरद्वारा प्रकाशित, सुशीलकुमार देको **दि उद्योगपर्वन्, बीइङ द फिफथ् बुक् अफ् द महाभारत** [महाभारतको पाँचौं पर्व– उद्योगपर्व] का ४९५–५९७ पृष्ठ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स हि मे जातकर्मादि कारयामास माधव ।
शास्त्रदृष्टेन विधिना पुत्रप्रीत्या जनार्दन ।।९।।
नाम मे वसुषेणेति कारयामास वै द्विजैः ।
भार्याश्चोढा मम प्राप्ते यौवने तेन केशव ।।१०।।
तासु पुत्राश्च पौत्राश्च मम जाता जनार्दन ।
तासु मे हृदयं कृष्ण संजातं कामबन्धनम् ।।११।।
न पृथिव्या सकलया न सुवर्णस्य राशिभिः ।
हर्षाद्भयाद्वा गोविन्द अनृतं वक्तुमुत्सहे ।।१२।।
धृतराष्ट्रकुले कृष्ण दुर्योधनसमाश्रयात् ।
मया त्रयोदश समा भुक्तं राज्यमकण्टकम् ।।१३।।
इष्टं च बहुभिर्यज्ञैः सह सूतैर्मयासकृत् ।
आवाहाश्च विवाहाश्च सह सूतैः कृता मया ।।१४।।[५७]

[हे केशव ! हे वार्ष्णेय [वृष्णिका सन्तान] ! मउपरको राम्रो भावनाले र प्रेमले, मसँगको मित्रताले र मेरो कल्याण होओस् भन्ने कामनाले गर्दा नै हजुरबाट आज्ञा भएको हो, यसमा शङ्का छैन ।।१।।

मलाई सबै कुरा थाहा पनि छ– धर्मअनुसार, धर्मशास्त्रहरूका बन्धनअनुसार हजुरबाट ठानिबक्से झैं, हे कृष्ण ! म पाण्डुको छोरो हुँ ।।२।।

हे जनार्दन ! कन्याले सूर्यको गर्भ मलाई धारण गरिन् । म जन्मेपछि तिनीले सूर्यले भनेकाले नै मलाई छोडिदिइन् ।।३।।

हे कृष्ण ! म त्यसरी जन्मेको हुँ, धर्मअनुसार म पाण्डुको छोरो हुँ । कुन्तीद्वारा त जसो गर्दा भलो हुँदैन, त्यसो गरी म छोडिएको हुँ ।।४।।

सूत अधिरथले पो देखनासाथ मलाई घर लगे । हे मधुसूदन ! राम्रो भावनाले गर्दा उनले मलाई राधालाई दिए ।।५।।

मेरो मायाले गर्दा नै राधाको दूध उत्तिखेरै सर्र आयो । हे माधव ! तिनीले मेरो गुहुमूत सोहरिन् ।।६।।

धर्म जान्ने, धर्मशास्त्रहरू सुन्नमा सधैं लागेका हामी जस्ताले तिनीको पिण्ड हर्ने काम कसरी गरौंला ? ।।७।।

त्यसरी नै सूत अधिरथले छोरो भनी मलाई मानेका छन् । मैले पनि मायाले गर्दा उनलाई बाबु भनी सधैं मानेको छु ।।८।।

हे माधव ! हे जनार्दन ! शास्त्रानुसारी विधिद्वारा छोरोको प्रेमले तिनले नै मेरो जातकर्म आदि गराए ।।९।।

वसुषेण भन्ने मेरो नाम बाहुनहरूद्वारा तिनले राख्न लगाए । हे केशव ! मेरो जवानी आएपछि तिनले मेरा बिहे गराइदिए ।।१०।।

---

५७. महाभारत ५ पर्वको १३९ अध्याय । [उही ४९८–४९९ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हे जनार्दन ! ती स्वास्नीहरूबाट मेरा छोराछोरी जन्मे, (ती छोराछोरीहरूबाट) नातिनातिना जन्मे । हे कृष्ण ! कामद्वारा मेरो मनको बन्धन ती स्वास्नीहरूसँग भएको छ ॥११॥

हे गोविन्द ! न सारा पृथ्वीले, न सुनका रासले, खुशीले वा डरले, झूटो बोल्ने आँट गर्दिनँ ॥१२॥

हे कृष्ण ! धृतराष्ट्रको घरमा दुर्योधनको आश्रयद्वारा मैले तेह्र वर्ष राज्यको निष्कण्टक भोग गरेँ ॥१३॥

सूतहरूसँग मैले अनेकन् पटक यज्ञ गरेँ । आवाह् र विवाह् पनि सूतहरूसँग मैले गरेँ ॥१४॥]

धर्मअनुसार म पाण्डुको छोरो हुँ तापनि मेरो पालनपोषण सूत अधिरथ र उनकी पत्नी राधाद्वारा भएको हो, मेरो सम्पूर्ण संस्कार सूत अधिरथले छोरो सम्झी गराइदिएका हुन्, म उनीलाई बाबु मान्छु, उनी मलाई छोरा मान्छन्, मैले यज्ञयागादि पनि सूतहरूसँगै गरेँ, मैले **आवाह् र विवाह** पनि सूतहरूसँगै गरेँ भनी सूतवंशसँग आफ्नो सम्बन्ध भएकोले आफूलाई सूत मानेको र जन्मनासाथ कुन्तीले आफूलाई छोडिदिएकी हुनाले आफ्नो सम्बन्ध पाण्डवसँग नभएको कुरा शिष्ट भाषामा कर्णले यहाँ व्यक्त गरेका छन् । **आवाह र विवाह** सूतहरूसँग मैले गरेँ भनी भन्नुको मतलब मैले बिहेवारी सूतहरूसँग गरेँ भनेर नै कर्णले भनेको हो भन्ने कुरा **महाभारत**मा अन्यत्र आएका **आवाह र विवाह**को प्रसङ्गसँग यसलाई दाँजेर हेर्दा स्पष्ट हुन्छ । अर्को शब्दमा भन्ने हो भने, **आवाहाश्च विवाहाश्च सह सूतैः कृता मया**को मतलब मैले छोरी दिने लिने काम सूतहरूसँगै गरेँ भन्ने हुन्छ भनी भन्दा बढ्ता बोलेको अवश्य ठहरिनेछैन ।[५८]

कति प्रकारबाट बिहे हुन सक्छ भन्ने विषयमा भीष्मले युधिष्ठिरलाई बताउँदा प्रयोग भएका, **आ** पूर्वमा भएको **वह्** धातुबाट निष्पन्न **आवाह्य** शब्दको पनि यहाँनिर चर्चा गर्नु प्रासङ्गिक नै होला । सबभन्दा पहिले विवाहका प्रकारसम्बन्धी सो अंशको उद्धरण यहाँ गर्नुपरेको छ–

शीलवृत्ते समाज्ञाय विद्यां योनिं च कर्म च ।
अद्भिरेव प्रदातव्या कन्या गुणवते वरे ।
ब्राह्मणानां सतामेष धर्मो नित्यं युधिष्ठिर ॥३॥
आवाह्यमावहेदेवं यो दद्यादनुकूलतः ।
शिष्टानां क्षत्रियाणां च धर्म एष सनातनः ॥४॥

---

५८. वि. सं. १९७१ मा लाइप्जिगबाट फेर्लाग फोन विल्हेल्म हाइम्नद्वारा प्रकाशित, योहन याकोब मायरको **दास् वाइब् इम् आल्ट्इन्डिशेन् एपोस्, आइन् बाइट्राग् त्सूर् इन्डिशेन् उन्ट् त्सूर् फेर्ग्लाइखेन्डेन् कुल्तूर्गेशिख्टे** [प्राचीन भारतीय युगमा स्वास्नीमान्छे, भारतीय र तुलनात्मक संस्कृतिको इतिहाससम्बन्धी रचना]को ४३ पृष्ठको तेस्रो टिप्पणीमा यस श्लोकार्धको वास्तव अर्थ गरिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । **सेक्स्युअल् लाइफ् इन् एन्शन्ट् इन्डिअ, ए स्टड्इ इन् द कम्पेर्एटिभ् हिस्टरि अफ् इन्डिअन् कल्चर्** [प्राचीन भारतमा कामजीवन, भारतीय संस्कृतिको तुलनात्मक इतिहाससम्बन्धी परिशीलन] भन्ने नाउँले मायरको उपर्युक्त पुस्तकको अङ्ग्रेजी उल्था प्रकाशित छ । वि. सं. २०२७/२८ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा पहिलो संस्करणको फोटो गरी पुनः प्रकाशित संस्करणमा यो अंश ५६ पृष्ठको पहिलो टिप्पणीमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आत्माभिप्रेतमुत्सृज्य कन्याभिप्रेत एव यः ।
अभिप्रेता च या यस्य तस्मै देया युधिष्ठिर ।
गान्धर्वमिति तं धर्मं प्राहुर्धर्मविदो जनाः ॥५॥
धनेन बहुना क्रीत्वा संप्रलोभ्य च बान्धवान् ।
असुराणां नृपैतं वै धर्ममाहुर्मनीषिणः ॥६॥
हत्वा छित्त्वा च शीर्षाणि रुदतां रुदतीं गृहात् ।
प्रसह्य हरणं तात राक्षसं धर्मलक्षणम् ॥७॥
पञ्चानां तु त्रयो धर्म्या द्वावधर्म्यौ युधिष्ठिर ।
पैशाच आसुरश्चैव न कर्तव्यौ कथंचन ॥८॥
ब्राह्मः क्षात्रो ऽथ गान्धर्व एते धर्म्या नरर्षभ ।
पृथग्वा यदि वा मिश्राः कर्तव्या नात्र संशयः ॥९॥[५९]

[चालचलन र पेशा, विद्या, कुल र काम राम्ररी बुझेर गुणी वरलाई पानीद्वारा [पानी हालेर] नै कन्या दिनुपर्छ । हे युधिष्ठिर ! सज्जन ब्राह्मणहरूको यो नित्य धर्म हो ॥३॥

जसले आवाह गर्न योग्यलाई बोलाउँछ, यसरी अनुकूल पारी दिन्छ। असल क्षत्रियहरूको पनि यो सनातन धर्म हो ॥४॥

हे युधिष्ठिर ! आफूलाई मन परेकोलाई छोडेर कन्यालाई मन परेको जुनचाहिँ छ, जसलाई जुन [कन्या] मन परेकी छ, त्यसलाई (सो कन्या) दिनू । त्यस धर्मलाई धर्म जान्ने मान्छेहरू गान्धर्व भनी भन्छन् ॥५॥

हे राजा ! धेरै धनले किनेर र माइतीलाई लोभ्याएर (जुन बिहे गरिन्छ), त्यसलाई विद्वान्हरू असुरहरूको धर्म भन्छन् ॥६॥

हे बाबु ! रोइरहेकाहरूलाई मारेर र (तिनका) टाउका काटेर रोइरहेकीलाई घरबाट जबरदस्ती हरण गर्नु राक्षस धर्मको लक्षण हो ॥७॥

हे युधिष्ठिर ! पाँचमध्ये तीन धर्मअनुसारका, दुइ धर्मविपरीतका हुन् । पैशाच र आसुरचाहिँ कसै गरी पनि नगर्नू ॥८॥

हे मानिसहरूमा श्रेष्ठ ! ब्राह्म, क्षात्र र गान्धर्व यी धर्मअनुसारका हुन् । भिन्नाभिन्नै वा छ्यासमिस (विधिले यसरी बिहे) गर्नु हुन्छ । यसमा शङ्का छैन ॥९॥]

आ पूर्वमा भएको **वह्** धातुदेखि ण्यत् प्रत्यय आउँदा आदिवृद्धि भई बनेको **आवाह्य** शब्दको प्रयोग ब्राह्मण र क्षत्रियहरूमा साधारणतया प्रचलित वैवाहिक विधिको प्रसङ्गमा यहाँ आएको छ । **महाभारत**का ख्यातनामा टीकाकार नीलकण्ठले अर्थ गरे जस्तै[६०] यस **आवाह्य** शब्दले **विवाह गर्न योग्यलाई** यहाँ बुझाएको छ भन्ने कुरा

---

५९. **महाभारत** १३ पर्वको ४४ अध्याय । [परीक्षणात्मक संस्करणको **अनुशासनपर्व**का २७२–२७३ पृष्ठ ।]

६०. **एवं उक्तगुणवन्तं आवाह्यं विवाहयोग्यं आवहेत् आकारयेत् ।**
(**महाभारत** १३ पर्वको ४४ अध्यायको ४ श्लोकको **भारतभावदीपटीका**बाट ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[वि. सं. १९९० मा पूनाबाट चित्रशालाप्रेसद्वारा प्रकाशित, रामचन्द्रशास्त्री किंजवडेकरको **महाभारतम् । चतुर्धरवंशावतंस श्रीमन्नीलकण्ठविरचितभारतभावदीपाख्यटीकया समेतम्** [चतुर्धरकुलका गहना, श्रीमान् नीलकण्ठले बनाएको भारतभावदीप भन्ने टीकासहितको महाभारत] छै टौँ भागको १२४ पृष्ठबाट । वि. सं. २०३५/३६ मा नयाँ दिल्लीबाट ओरियन्टल बुक्स रीप्रिट कारपोरेशनद्वारा फोटो गरी पुनः प्रकाशित संस्करणको मैले यहाँ उपयोग गरेको छु ।]

[**एवम्** भनेको बताइएको गुण भएको, **आवाह्यम्** भनेको विवाहयोग्यलाई, **आवहेत्** भनेको डाक्नू ।]

६१. **अथास्मै पञ्चविंशतिवर्षाय षोडशवर्षां पत्नीमावहेत् पित्र्यधर्मार्थकामप्रजाः प्राप्स्यतीति ॥५३॥**

(**सुश्रुतसंहिता शारीरस्थान** १० अध्याय)

[वि. सं. १९९५ मा बम्बईबाट निर्णयसागरमुद्रणयन्त्रालयद्वारा प्रकाशित, यादवशर्मा आचार्य र नारायण राम आचार्यको **महर्षिणा सुश्रुतेन विरचिता सुश्रुतसंहिता श्रीडल्हणाचार्यविरचितया निबन्धसंग्रहाख्यव्याख्यया निदानस्थानस्य श्रीगयदासाचार्यविरचितया न्यायचन्द्रिकाख्यपञ्जिकाव्याख्यया च समुल्लसिता** [श्रीडल्हणाचार्यले बनाएको निबन्धसंग्रह भन्ने व्याख्याले, निदानस्थानको श्रीगयदासाचार्यले बनाएको न्यायचन्द्रिका भन्ने पञ्जिकाव्याख्याले पनि चम्किएको, ठूला ऋषि सुश्रुतले बनाएको सुश्रुतसंहिता]को तेस्रो संस्करणको ३९२ पृष्ठ । वि. सं. २०३७ मा वाराणसी र दिल्लीबाट चौखम्भा ओरियन्टालियाद्वारा फोटो गरी पुनः प्रकाशित संस्करणको मैले यहाँ उपयोग गरेको छु ।

त्यहाँ मूलमा **षोडशदशवर्षां** दिई **षोडशवर्षां** भन्ने पाठ ताडपत्रको पुस्तकमा र **द्वादशवर्षां** भन्ने पाठ अरू लेखोट पुस्तकहरूमा छ भनी टिप्पणीमा लेखिएको छ । त्यसपछि लगत्तै आउने श्लोकमा

ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतिम् ।
यद्याधत्ते पुमान् गर्भं कुक्षिस्थः स विपद्यते ॥५४॥

[पच्चीस वर्ष नपुगेको केटोले सोह्र वर्षभन्दा कमकीलाई पेट बोकायो भने त्यो गर्भ कोखमै मर्छ ॥५४॥]

भनी लेखिएकोले अघिल्लो सूत्रको वास्तव पाठ ताडपत्रमा भएको **षोडशवर्षां** नै हो भन्ने स्पष्ट छ । यसैले चारुदेव शास्त्रीले (वि. सं. २०३६ मा दिल्लीबाट भारतीय विद्या प्रकाशनद्वारा प्रकाशित, चारुदेव शास्त्रीको **उपसर्गार्थचन्द्रिका** तेस्रो खण्डको ५०८ पृष्ठ, **पूर्णिमा**को ६९ अङ्कको १९ पृष्ठ) पनि मानेको पाठ मैले माथि दिएको हुँ ।]

[अनि, पितृको उद्धार गर्ने, धर्म अर्थ र काममा (प्रवृत्ति भएका) सन्तान पाओस् भनी पच्चीस वर्षको यसलाई (कुमारलाई) सोह्र वर्षकी स्वास्नी बिहे गरिदिनू ॥५३॥]

सुश्रुतसंहिताको यस सूत्रमा जुन अर्थमा **आवहेत्** आएको छ, **महाभारत**को माथिको श्लोकमा पनि त्यही अर्थमा **आवहेत्** आएको जस्तो झ्वाट्ट हेर्दा देखिन्छ तापनि नीलकण्ठले **आवहेत्**को **आकारयेत्** भनी यहाँ गरेको अर्थ नै वास्तव अर्थ हो भन्ने कुरा अब स्पष्ट पारिन्छ ।

छोरी कस्तो केटोलाई दिनुपर्छ [**कीदृशाय प्रदेया स्यात् कन्येति... (महाभारत** १३।४४।२)] भन्ने प्रसङ्ग चल्दा कन्यापक्षको भाखामा विहेका प्रकार बताउँदै जाँदा वरलाई बुझाउन **महाभारत**मा यहाँ **आवाह्य** शब्दको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सात

महाभारत अनुशासनपर्वमा आवाह र **विवाह** शब्द सँगसँगै आएको देखाउन फ्याङ्कलिन एजर्टनले निर्दिष्ट गरेको अंश, मैले **पूर्णिमा**को ६९ अङ्कको १७ पृष्ठमा उद्धरण गरेको अंश अर्थात् **आवाहे च विवाहे च पुत्राणां वृत्तिकारणात्** भन्ने नभई अर्कै अंश रहेछ भन्ने कुरा मैले भरखरै बुझेकोले यस विषयमा पनि यही प्रसङ्गमा केही लेख्नुपरेको छ ।

महाभारतको कुनचाहिँ संस्करण फ्याङ्कलिन एजर्टनले उपयोग गरेका थिए भन्ने कुरा उनको कोषबाट नबुझिए तापनि **आवाह** र **विवाह** शब्द सँगसँगै आएको देखाउन **अनुशासनपर्व** ३२३२ श्लोकको सँगसँगै ओट्टो ब्योट्लिङ्क र रूडोल्फ रोथको संस्कृतकोषको पाँचौँ भागको ११२४ अर्धपृष्ठ पनि उनले निर्दिष्ट गरेको कुरा यहाँनिर उल्लेख गर्नुपरेको छ ।[६२]

ब्योट्लिङ्क र रोथको संस्कृतकोषको पाँचौँ भागमा, ब, भ, मदेखि उठेका शब्दको साथै अघिल्ला अघिल्ला भागमा वा त्यही भागमा तत्तत्स्थानमा हाल्न नसकिएका र संशोधित अर्थ दिइएका अदेखि लिएर मसम्मका अक्षरबाट उठेका शब्द पनि दिइएका छन् । **आवाह** शब्दको अर्थ त्यस कोषको पहिलो भागमा[६३] परिसकेको भए तापनि पाँचौँ भागमा पनि त्यो शब्द दोहऱ्याएर यसरी दिइएको छ–

> **आवाह वोल् ऐन्लाङुङ त्सुम् श्मौजे इन् डेर् स्टेल्ले : आवाहाश्च विवाहाश्च यज्ञाश्चान्नमृते तथा । निवर्तन्ते एम्बेहा. १३, ३२३२ । फाउगेएल्. आवाहणं विवाहणं इम् पालि, वेल्खेस् ब्यूर्नूफ् इन् लोट्. दे ला बे. एल्. ४७० दुर्ख् फेर् दे कँजुराश्यौँ उन्ट् देतूर्ने दे कँ-**

जुन प्रयोग भएको छ, त्यो अत्यन्त उपयुक्त छ । केटोको बिहेलाई **आवाह** शब्दले र केटीको बिहेलाई **विवाह** शब्दले बुझाउने भएकोले वरलाई कन्याका माइतीले छोरी दिँदा त्यस वरको दृष्टिमा त्यो संस्कार **विवाह** नभई **आवाह** भएकोले यहाँ **आवाह्य** शब्दले वरलाई बुझाएको छ । **पच्चीस वर्षको कुमारलाई सोह्र वर्षकी स्वास्नी बिहे गरिदिनू** भनी **सुश्रुतसंहिता**मा लेखिएकोले वरपक्षको भाखाबाट यो वाक्य लेखिएको हो भन्ने कुरामा शङ्का छैन । यस कारण **सुश्रुतसंहिता**मा **आवहेत्**को उचित तरीकाले प्रयोग भएको छ भनी टोक्न भन्न सकिन्छ । तर **महाभारत**मा यस ठाउँमा बिहेको जुन प्रसङ्ग आएको छ, कन्यापक्षको भाखामा त्यो भएकोले **सुश्रुतसंहिता**ले गरे जस्तो गरेर **आवहेत्**को अर्थ **बिहे गरिदिनू** भनी गर्न अवश्यमेव मिल्दैन । त्यसमाथि त्यस श्लोकार्धमा कर्ता एउटा र क्रियापद भने **आवहेत्** मात्र नभई **दद्यात्** पनि भएकोले **कन्या बिहे गरिदिनू** भन्ने भाव **दद्यात्**बाटै आउँछ । यी कारणले गर्दा, **आ** पूर्वमा भएको **वह्** धातुको अर्थान्तर **बोलाउनु** पनि भएकोले नीलकण्ठले **आकारयेत्** भनी अर्थ गरेको ठीक ठहर्छ ।

६२. **पूर्णिमा**को ६९ अङ्कका १४–१५ पृष्ठमा त्यो अंश उल्थासहित प्रस्तुत गरिएको छ ।

६३. ऐजन १३ पृष्ठमा त्यो अंश उल्थासहित प्रस्तुत गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जुराश्यों, **वेबर् आबेर् इन् इन्ड्. स्ट्. ३,१५६ दुर्ख् हेर्बाइफूरेन् उन्ट् इन्-डी-फेर्ने-फूरेन् वीडेर्गीब्ट् ।**[६४]

[**आवाह** यस सन्दर्भमा भोजको निम्तो हो कि ? **आवाहाश्च विवाहाश्च यज्ञाश्चाप्तमृते तथा । निवर्तन्ते महाभारत**को १३ पर्वको ३२३२ श्लोक । पालिमा **आवाहणं विवाहणं**सँग दाँज्नू, यी शब्दको उल्था, ब्यूर्नूफले **ल लोत्युस् द ला बन्न ल्वा** [सद्धर्मपुण्डरीक]को ४७० पृष्ठमा भूतप्रेत लाइदिनु र भूतप्रेत मन्साउनु भनेर गरेका छन्, वेबरले भने, **इन्डिशे स्टूड्यन्** [भारतसम्बन्धी परिशीलन]को तेस्रो भागको १५६ पृष्ठमा वरसम्म ल्याउनु र परसम्म लैजानु भनी गरेका छन् ।]

ब्योट्लिङ्क र रोथको संस्कृतकोषमा **महाभारत**बाट उद्धरण हालिँदा कलकत्तासंस्करणको उपयोग भएको थियो ।[६५] कलकत्ताबाट वि. सं. १८९१ देखि १८९६ भित्र चार खण्डमा प्रकाशित संस्करण[६६]लाई कलकत्तासंस्करण भन्ने चलन छ र **महाभारत**को इदम्प्रथमतया प्रकाशित संस्करण पनि यही नै हो ।

कलकत्तासंस्करणको **अनुशासनपर्व**को ३२३२ श्लोक[६७] पूनाबाट प्रकाशित, परीक्षणात्मक भनी कहलिएको संस्करण-लगायत अरू अरू संस्करणमा पनि भेटिन्छन् । ब्योट्लिङ्क र रोथले दिएको अंशको मात्र होइन, पूरै श्लोकको उद्धरण विचारार्थ यहाँ गर्नुपरेको छ–

---

६४. वि. सं. १९२५ मा सेन्ट पिटर्सबर्गबाट बूखद्रुकेराइ डेर कैजेरलिखेन अकाडेमी डेर विस्सेनशाफ्टनद्वारा प्रकाशित, ओट्टो ब्योट्लिङ्क र रूडोल्फ रोथको **सन्स्क्रिट्–वोईटर्बूख्** [संस्कृतकोष]को पाँचौं भागको ११२४ अर्धपृष्ठ ।

६५. वि. सं. १९१२ मा प्रकाशित सोही कोषको पहिलो भागको १० पृष्ठ ।

६६. वि. सं. १८९१ मा कलकत्ताबाट कमिटी अफ पब्लिक इन्स्ट्रक्शन अर्थात् साधारणविद्यावृद्धचर्थकसमाजद्वारा प्रकाशित, सोही समाजसँग सम्बद्ध पण्डितहरूले सम्पादन गरेको **श्रीमन्महाभारतं, श्रीमन्महर्षिवेदव्यासविरचिता श्रीमन्महाभारतसंहिता** [श्रीमन्महाभारत, श्रीमान् ठूला ऋषि वेदव्यासले बनाएको श्रीमन्महाभारतसंहिता], पहिलो खण्ड ।

वि. सं. १८९२ मा कलकत्ताबाट बङ्गालको एसियाटिक सोसाइटीद्वारा प्रकाशित, सोही सोसाइटीसँग सम्बद्ध दुइजना पण्डितले सम्पादन गरेको **श्रीमन्महाभारतं, श्रीमन्महर्षिवेदव्यासविरचिता श्रीमन्महाभारतसंहिता** दोस्रो खण्ड ।

वि. सं. १८९४ मा कलकत्ताबाट बङ्गालको एसियाटिक सोसाइटीद्वारा प्रकाशित, निमाइचन्द्र शिरोमणि, जयगोपाल तर्कालङ्कार र रामगोविन्द तर्करत्नको **श्रीमन्महाभारतं, श्रीमन्महर्षिवेदव्यासविरचिता श्रीमन्महाभारतसंहिता** तेस्रो खण्ड ।

वि. सं. १८९६ मा कलकत्ताबाट बङ्गालको एसियाटिक सोसाइटीद्वारा प्रकाशित, निमाइचन्द्र शिरोमणि, रामगोविन्द तर्करत्न र रामहरि न्यायपञ्चाननको **श्रीमन्महाभारतं, श्रीमन्महर्षिवेदव्यासविरचिता श्रीमन्महाभारतसंहिता** चौथो खण्ड ।

६७. **श्रीमन्महाभारतं, श्रीमन्महर्षिवेदव्यासविरचिता** श्रीमन्महाभारतसंहिताको चौथो खण्डको ११२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आवाहाश्च विवाहाश्च यज्ञाश्चान्नमृते तथा ।
न वर्तन्ते नरश्रेष्ठ ब्रह्म चात्र प्रलीयते ।।[६८]

[हे मानिसहरूमा श्रेष्ठ ! त्यस्तै, अन्नविना आवाह र विवाह, यज्ञ पनि हुँदैनन्, यहाँ वेद पनि नष्ट हुन्छ ।]

बाहुनलाई के दान दिनाले ठूलो पुण्य मिल्छ भनी युधिष्ठिरले भीष्मसँग सोद्धा अन्नदान जस्तो ठूलो दान अरू छैन भनी भीष्मले अन्नदानको महिमा गाउँदा यो श्लोक आएको हो भन्ने कुरा याद राख्नुपर्छ ।[६९]

अन्नदानको महिमाको प्रसङ्गमा आएको यस श्लोकमा **आवाह** शब्दको प्रयोग देख्दा आपूर्वको **वह्** धातुले बोलाउनु भन्ने अर्थ पनि बुझाउने भएकोले ब्योट्लिङ्क र रोथले यस सन्दर्भमा **भोजको निम्तो हो कि ?** भनेर अर्थ गर्नु पुगेको र १३ वर्षअगाडि भने बौद्ध ग्रन्थ **महाव्युत्पत्ति**को आधारमा त्यही शब्दको अर्थ **बिहे** भनी तिनीहरूले गरेको देख्दा संस्कृतभाषामा त्यति चलनचलतीमा नभएको **आवाह** शब्दले बौद्ध ग्रन्थमा आएको **आवाह** शब्दले जस्तै **बिहे**को अर्थलाई बुझाउँदैन भनी तिनीहरूले ठानेको देखिन्छ तापनि पालिका **आवाहणम्** र **विवाहणम्**सँग यस **आवाह** शब्दलाई दाँज्नि तिनीहरू पुगेको निकै चाखलाग्दो छ । यसो भए तापनि एजर्टनले चाहिँ ब्योट्लिङ्कहरूको कुरा नखाएको र **महाभारत**मा यहाँ आएको **आवाह** शब्दले **बिहे**कै अर्थ बुझाएको हो भन्नेतिर उनी बढी ढल्किएको कुरा स्मरणीय छ ।

आठ

महाभारतमा आएको **आवाह** शब्दले संस्कृतभाषाको वरिष्ठ कोषका कर्ता ओट्टो ब्योट्लिङ्क र रूडोल्फ रोथलाई चकचकाएको त हामीले भरखरै हेऱ्यौं । उनीहरूलाई मात्र होइन, **महाभारत**का प्रशस्तयशा टीकाकार नीलकण्ठ चतुर्धरसुद्धालाई यस शब्दले चकचकाएको थियो । यति मात्र होइन, **महाभारत**लाई पाण्डित्यमय ढङ्गले उल्था गर्ने योहन्निस आड्रिआनुस बेर्नार्डुस फान ब्यूइटेनेन र संस्कृतवाङ्मयको राम्ररी छानबीन गरी उपसर्गहरूको पाण्डित्यमय कोष लेख्ने चारुदेव शास्त्री पनि नीलकण्ठको भर पर्दा बहकिन पुगेका छन् । यसैले यस विषयमा पनि यहाँनिर केही लेख्नु आवश्यक हुन गएको छ ।

महाभारतबाट मैले माथि उद्धरण गरेका चार अंशमध्ये पहिलो अंश दाक्षिणात्यपाठानुसारी भएकोले[७०] उदीच्य-पाठानुसारको **महाभारत**को टीका **भारतभावदीप** अर्थात् नीलकण्ठको टीकामा[७१] त्यो अंश हुने कुरा नै भएन । बाँकी तीन अंशमध्ये पहिलो अंश अर्थात् कृष्णजीलाई कर्णले जवाफ दिँदा बोलेको

---

६८. १३ पर्वको ६२ अध्यायको ३३ श्लोक । [परीक्षणात्मक संस्करणको ३६० पृष्ठ ।] **न वर्तन्ते**को ठाउँमा अरू अरू संस्करणमा **निवर्तन्ते** भन्ने पाठ छ ।

६९. १३ पर्वको ६२ अध्याय ।

७०. यही निबन्धको ४७ टिप्पणीसँग सम्बद्ध लेखांश हेर्नू ।

७१. वि. सं. १९९० मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, विष्णु एस. सुक्थङ्करको **दि आदिपर्वन्, बीइङ द फर्स्ट् बुक् अफ् द महाभारत** [महाभारतको पहिलो पर्व– आदिपर्व]मा प्रकाशित उनैको **प्रोलेगम्इन** [प्रस्तावना]का ३०, ६५–६९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आवाहाश्च विवाहाश्च सह सूतैः कृता मया ।।

को

आवाहाः कुलधर्माः । आवापा इति पाठे ऽपि स एवार्थः ।[७२]

[**आवाहाः** भनेको कुलका धर्म । **आवापाः** भन्ने पाठमा पनि त्यही अर्थ हुन्छ ।]

भनी नीलकण्ठले टीका गरेका छन् ।

दोस्रो अंश अर्थात् **विवाह**का प्रकारको विषयमा भीष्मले बोल्दा आएको

आवाह्यमावहेदेवं यो दद्यादनुकूलतः ।

को टीकामा

एवं उक्तगुणवन्तं आवाह्यं विवाहयोग्यं आवहेत् आकारयेत् ।

[**एवम्** भनेको बताइएको गुण भएको, **आवाह्यम्** भनेको विवाहयोग्यलाई, **आवहेत्** भनेको डाक्नू ।]

भनी नीलकण्ठले लेखेका छन् ।[७३]

अन्तिम अंश अर्थात् भीष्मले अन्नदानको महिमा गाउँदा आएको

आवाहाश्च विवाहाश्च यज्ञाश्चान्नमृते तथा ।
निवर्तन्ते नरश्रेष्ठ ब्रह्म चात्र प्रलीयते ।।[७४]

को नीलकण्ठले टीका नगरेकाले यहाँ आएको **आवाह** शब्दको अर्थ उनले के सम्झेका थिए भनी ठोकेर भन्न सकिँदैन तापनि माथि कर्णले कृष्णजीलाई जवाफ दिँदा आएको

आवाहाश्च विवाहाश्च सह सूतैः कृता मया ।।

को टीका गर्दा **आवाहाः**को अर्थ **कुलधर्माः** भनेर उनले गरेकाले यहाँ पनि उनले **आवाह**को त्यही अर्थ सम्झेका थिए होलान् भनी भन्न नसकिने होइन ।

---

७२. **महाभारत**को ५ पर्वको १४१ अध्यायको १४ श्लोकको **भारतभावदीप** । [वि. सं. १९८७ मा पूनावाट चित्रशाला प्रेसद्वारा प्रकाशित, रामचन्द्रशास्त्री किंजवडेकरको **महाभारतम् । चतुर्धरवंशावतंस श्रीमन्नीलकण्ठविरचित-भारतभावदीपाख्यटीकया समेतम्**को **उद्योगपर्व**को २३१ पृष्ठ । वि. सं. २०३५/३६ मा नयाँ दिल्लीवाट ओरियण्टल बुक्स रीप्रिंट कारपोरेशनद्वारा फोटो गरी पुनः प्रकाशित संस्करणको मैले यहाँ उपयोग गरेको छु ।]

७३. यही निबन्धको ६० सङ्ख्याको टिप्पणी हेर्नू ।

७४. **भारतभावदीपानुसार**को **महाभारत**को १३ पर्वको ६३ अध्यायको ३३ श्लोक । [रामचन्द्रशास्त्री किंजवडेकरको उपर्युक्त संस्करणको १५८ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आवाह्य शब्दको अर्थ **विवाह गर्न योग्य** भनेर गर्दा गर्दै पनि सबै ठाउँमा **विवाहसँग** जोडी भएर आउने **आवाह**को अर्थचाहिँ **कुलधर्म** भनी गर्न नीलकण्ठ पुगेकाले उनको मनमा **आवाह**को पक्का अर्थ थिएन र उनी दोधारमा थिए भन्ने देखिन गएको छ।[७५]

आवाह शब्दको अर्थमा नीलकण्ठ यसरी चकरिएकाले नै

आवाहाश्च विवाहाश्च सह सूतैः कृता मया ।।

को

आइ ह्याभ् पर्फर्म्ड् डोमेस्टिक् यान्ड् म्यार्इटल् राइट्स्, बट् अल्वेज् विथ् सूतज् ।[७६]

[मैले सधैँ नै सूतहरूसँग मात्र गृह्य र वैवाहिक विधि गरेको छु ।]

भनी योहन्निस आड्रिआनुस बेर्नार्डुस फान ब्यूइटेनेनले उल्था गरेको।[७७]

पत्नीवाचक शब्द सँगै आउँदा **आ** उपसर्ग लागेको **वह्** धातुका विभिन्न लकारका रूपको र त्यस धातुको तुमुन्-प्रत्ययान्त रूपको वास्तव अर्थ गर्दा गर्दै पनि[७८] **महाभारत उद्योगपर्व**बाट माथि उद्धृत श्लोकमा **विवाह**सँगै आएको **आवाह** शब्दको अर्थ गर्दा भने

आवाहः कुलधर्म इति नीलकण्ठः । अथास्य कर्म ।[७९]

[आवाह भनेको कुलधर्म हो भनी नीलकण्ठले भनेका छन् । त्यस कारण यसको काम ।]

---

७५. **सुश्रुतसंहिता**का ख्यातनामा टीकाकार डल्हणले **सुश्रुतसंहिता**को माथिको वाक्यमा टीका गर्दा **आवहेत्**को पर्याय **विदध्यात्** [गर्नू] भनी दिएको यस प्रसङ्गमा स्मरणीय छ । त्यस्तै गरेर **आवहेत्**को पाठान्तर भई **आहरेत्** चलेको पनि निकै चाखलाग्दो छ । (यसको लागि यादवशर्मा आचार्य र नारायण राम आचार्यको उपर्युक्त संस्करणको ३९२ पृष्ठ हेर्नू ।]

७६. वि. सं. २०३४ मा शिकागो र लन्डनबाट द युनिभर्सिटी अफ शिकागो प्रेसद्वारा प्रकाशित, योहन्निस आड्रिआनुस बेर्नार्डुस फान ब्यूइटेनेनको **द महाभारत, ४ द बुक् अफ् विराट, ५ द बुक् अफ् एफ्अर्ट्** [महाभारत, चारौँ विराटपर्व, पाँचौँ उद्योगपर्व]को ४४५ पृष्ठ ।

७७. ब्यूइटेनेनको उल्था परीक्षणात्मक संस्करणअनुसारको भएकोले (वि. सं. २०२९/३० मा शिकागो र लन्डन-बाट द युनिभर्सिटी अफ शिकागो प्रेसद्वारा प्रकाशित **द महाभारत, १ द बुक् अफ् द बिगिन्निङ्ज** [महाभारत, पहिलो आदिपर्व]को **इन्ट्रडक्शन्** [उपोद्घात]को ३१ पृष्ठ) र **आवाह** शब्दको प्रसङ्ग परेका, माथि उद्धरण गरिएका चार अंशमध्ये पहिलो अंशलाई परीक्षणात्मक संस्करणमा मूलपाठमा नराखी परिशिष्टमा मात्र राखिएकोले ब्यूइटेनेनले त्यसको उल्था गर्ने कुरै भएन । पछिल्ला दुइ अंश परेको भागचाहिँ प्रकाशमा आएको मैले देखेको छैन ।

७८. **उपसर्गार्थचन्द्रिका**को तेस्रो खण्डका ५०७, ५०८, ५०९ पृष्ठ ।

७९. उही ५०९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी चारुदेव शास्त्रीले लेखेकाले **आवाह** शब्दको अर्थमा चकरिएका नीलकण्ठको वाक्यलाई प्रमाण मान्दा उनी बहकिन पुगेको स्पष्ट छ ।

नौ

वडोदाबाट प्रकाशित **भारतीय नाट्यशास्त्रमा विवाहप्रसवावास°** भन्ने पाठ पनि हुँदा हुँदै र त्यो पाठ भएका प्रति राष्ट्रिय पुस्तकालयमा, त्रिभुवनविश्वविद्यालयको मूल पुस्तकालयमा र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पुस्तकालयमा राखिँदा राखिँदै पनि मेरो लेखमा त्यस पाठको चर्चा नपरेकोले मैले जानाजान त्यतापट्टि आँखा चिम्लिदिएको हो कि भन्ने शङ्का पनि ज्ञानमणिजीले उठाउनुभएकोले त्यस विषयमा पनि केही लेख्नुपरेको छ ।

वडोदाबाट प्रकाशित **भारतीय नाट्यशास्त्र**को सम्बद्ध भाग त्यस बेला मैले यताउति खोज्दा पनि भेट्टाउन नसकेकोले नै मेरो लेखमा त्यस भागमा परेको **विवाहप्रसवावास°** भन्ने पाठान्तरको चर्चा नपरेको हो भन्ने कुराको प्रमाण कानूनी तवरले त म ज्ञानमणिजीलाई दिन सक्तिनँ तापनि मैले त्यसै बेला त्यो भाग भेट्टाएकै भए पनि त्यो पाठ असाधु भएकोले ज्ञानमणिजीको खण्डन गर्नबाट मलाई कति पनि पछि हट्नुपर्ने थिएन । खालि कति भने,

> भारतीय नाट्यशास्त्रको सम्बद्ध अंशको मैले पाँच थरी संस्करण देखेको छु । तर कुनैमा पनि श्रीज्ञानमणि नेपालले गरे जस्तो संशोधन नभई विवाहप्रसवावाह पाठ नै भएकोले र पाठान्तर दिँदा पनि त्यो पाठ नदिइएकोले उहाँको उपज्ञा स्वीकार गर्न मैले सकिनँ ।[८०]

भनेर लेख्नुको सट्टा

> भारतीय नाट्यशास्त्रको सम्बद्ध अंशको मैले छ थरी संस्करण देखेको छु । तर कुनैमा पनि विवाहप्रसवावास भन्ने पाठ नभई विवाहप्रसवावाह नै पाठ भएको र नाट्यशास्त्रका थरी-थरीका संस्करणका थरीथरीका सम्पादकले केलाएका नाट्यशास्त्रका पचासभन्दा बढी लेखोट पुस्तकमध्ये मलयालम लिपिमा लेखिएका दुइवटा पुस्तकबाट सारिएको आधुनिक पुस्तकमा मात्र विवाहप्रसवावास भन्ने पाठ भएकोले र त्यो पाठ आवाह शब्दको अर्थ नलाग्दा जन्मन गएको देखिएकोले ज्ञानमणिजीले मानेको पाठ स्वीकार गर्न मैले सकिनँ ।

भनी विषयको उपक्रम गर्ने थिएँ ।

दश

वडोदावाट प्रकाशित **भारतीय नाट्यशास्त्र**को दोस्रोमा मात्र होइन, पहिलो संस्करणमा पनि **विवाहप्रसवावास°** भन्ने पाठान्तर थियो भन्ने कुरा ज्ञानमणिजीको लेखबाट माथि उद्धृत अंशबाट नआउने होइन तापनि वस्तुस्थिति

---

८०. **पूर्णिमा**को ६९ अङ्कको ८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको एकदमै उल्टो रहेछ भन्ने कुरा सो पहिलो संस्करण भरखरै पल्टाएर हेर्दा मैले बुझें। त्यही कुरा मेरा पाठकहरूलाई पनि बुझाउनुपरेकोले केही पञ्क्ति कोरिहाल्नुपरेको छ।

दोस्रो संस्करणमा चौथो अध्यायको दुइ सय पैंसट्ठियौं श्लोक भएको त्यो अंश पहिलो संस्करणमा दुइ सय बहत्तरौं श्लोकको रूपमा उभिएको छ। दोस्रो संस्करणमा १७८ पृष्ठमा परेको सो अंश पहिलो संस्करणमा १८० पृष्ठमा परेको छ। दोस्रो संस्करणमा **विवाहप्रसवावाह**°का दुइ पाठान्तर दिइएका छन्, तर पहिलो संस्करणमा **विवाहप्रसवावाह**°का कुनै पनि पाठान्तर दिइएका छैनन्, वरु, **विवाहप्रसवावाह**पछि आउने **प्रमोद**°को पाठान्तरको रूपमा **प्रमोह**° दिइएको छ, जसलाई दोस्रो संस्करणमा हटाइएको छ।

हातमा लिएको मुद्दा जसरी भए पनि जितिछोड्छु भनी कसिएको धर्मछाडा वकीलको स्थितिभन्दा राम्रो स्थिति, अनुसन्धाताको धर्मको पालना गरेको छु भनी दावी गरे तापनि ज्ञानमणिजीको नभएको कुरा अब मैले भनिरहनु परोइन।

एघाह

विवाहप्रसवावास° भन्ने पाठको साधुत्व सिद्ध गर्नको लागि ज्ञानमणिजीले निकै हतारिएर लेख लेख्न पुग्नुभएको कुरा उहाँको त्यस लेखको मूल विषयवस्तुको आधार खँदिलो नभएकोबाट मात्र होइन, त्यस निबन्धमा परेका निकै भद्दा भद्दा अशुद्धिबाट पनि अनुमान हुन्छ। त्यस्ता गलतीको पनि केही नमूना अन्त्यमा पेश गर्नु अप्रासङ्गिक नठहरिएला।

> वि. सं. १९३७ मा फ्रेन्च विद्वान् पाउल् रेनो उड्ले नाट्यशास्त्रको समीक्षात्मक संस्करण प्रकाश गरे।[८१]

भन्ने ज्ञानमणिजीको वाक्यलाई पहिले लिऊँ।

गीमेम्यूजीयमको पत्रिकामा ई. सं. १८८० [वि. सं. १९३६/३७] मा **भारतीय नाटयशास्त्र**को सत्रौं[८२] र यसको एक वर्षपछि सोही पत्रिकामा उल्थासहित पन्ध्रौं र सोह्रौं अध्याय पल रेनियोले प्रकाश गरेका थिए।[८३] यसपछि

---

८१. **प्राचीन नेपाल**को १२३–१२५ संख्याको नेपाली खण्डको २७ पृष्ठ।

८२. वि. सं. १९३६/३७ मा पेरिसबाट एर्नेस्त लेरूद्वारा प्रकाशित **आनाल् द्यु म्युजे गीमे** [गीमेम्यूजीयमको पत्रिका]को पहिलो भागका ८५–९९ पृष्ठमा छापिएको, पल रेनियोको **ल दि–सेत्येम् शापित्र द्यु भारतीय–नाटच–शास्त्र आँतित्युले वाग्–अभिनय** [भारतीय–नाटच–शास्त्रको अध्यायको शीर्षक वागभिनय भएको सत्रौं अध्याय] भन्ने निबन्ध।

८३. वि. सं. १९३७/३८ मा प्रकाशित **आनाल् द्यु म्युजे गीमे**को दोस्रो भागको ६५–१३० पृष्ठमा छापिएको, पल रेनियोको **ला मेत्रीक् द भरत, टेक्स्ट् सँस्क्री द दो शापित्र द्यु नाटच–शास्त्र, प्युब्लिए पूर् ला प्रोमिइर् फ्वा ए स्वीभी द्युन्न आँतर्प्रेतास्यों फ्राँसेज** [भरतको छन्दःशास्त्र, नाटचशास्त्रका दुइ अध्यायको पहिलो पटक प्रकाशित संस्कृत पाठ र तिनको फरासीस उल्थासहित] भन्ने निबन्ध।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ई. सं. १८८४ [वि. सं. १९४०/४१] मा प्रकाशित भएको, आफ्नो अलङ्कारशास्त्रसम्बन्धी ग्रन्थमा **नाट्यशास्त्र**का छैटौं र सातौं अध्याय परिशिष्टको रूपमा उनले प्रकाशित गरेका छन् ।[८४] छोटकरीमा भन्ने हो भने, पल रेनियोको कामबाट **नाट्यशास्त्र**का ३६, ३७ वा ३८ अध्याय[८५]मध्ये खालि पाँच अध्यायको मात्र उद्धार हुन गएको छ । **नाट्यशास्त्र**का चार अध्याय प्रकाश गर्ने फित्स–एड्वार्ड हलले[८६] जस्तै पल रेनियोले पनि समग्र **नाट्यशास्त्र**को प्रकाशन गरेका थिएनन् भन्ने यतावाट स्पष्ट भएको छ । तर हलको कामको विषयमा लेख्दा **त्यो संस्करण सम्पूर्ण चाहिं थिएन**[८७] भनी लेख्ने ज्ञानमणिजीले रेनियोको कामको विषयमा लेख्दा भने **वि. सं. १९३७ मा फ्रेन्च विद्वान् पाउल् रेनो उड्ले नाट्यशास्त्रको समीक्षात्मक संस्करण प्रकाश गरे** भनी लेख्न पुग्नुभएकोले रेनियोले समग्र **नाट्यशास्त्र** वि. सं. १९३७ मा प्रकाशित गरेका थिए भन्ने भ्रम सहजै पर्न जान्छ । तर वास्तव स्थिति यस्तो थिएन, पाँच वर्षभिन्न रेनियोले पटक पटक गरी **नाट्यशास्त्र**का जम्मा पाँच अध्याय मात्र प्रकाशित गरेका थिए भन्ने कुरा माथिको विवरणबाट स्पष्ट हुन्छ ।

पल रेनियोको कामको विषयमा लेखेपछि ज्ञानमणिजी लेख्नुहुन्छ–

> ८ वर्षपछि अर्का विद्वान् ग्रोशेट्ले नाट्यशास्त्रको फ्रेन्च भाषामा अनुवाद गरी प्रकाशमा ल्याए ।[८८]

पल रेनियोले **नाट्यशास्त्र**को सत्रौं अध्याय प्रकाश गरेको आठ वर्षपछि उनका चेला जोग्रानी ग्रोसेले अट्ठाइसौं अध्याय प्रकाश गरेका थिए । ग्रोसेको भारतीय सङ्गीतशास्त्रसम्बन्धी किताबमा उल्थासहित यो छापिएको छ ।[८९] ज्ञानमणिजीले यसैलाई लक्ष्य गर्नुभएको हो तापनि **नाट्यशास्त्र**को विषयमा ग्रोसेको कृतिको चर्चा गर्दा छोड्नै

---

८४. परिशिष्टका १–४२ पृष्ठ । यस पुस्तकको पूरा परिचयको लागि यही निबन्धको ११ सङ्ख्याको टिप्पणी हेर्नू ।

८५. **भारतीय नाट्यशास्त्र** एक परम्पराअनुसार ३६ अध्यायमा, अर्को परम्पराअनुसार ३७ अध्यायमा र झन् अर्को परम्पराअनुसार ३८ अध्यायमा टुङ्गिएको छ ।

[वि. सं. २०२४ मा कलकत्ताबाट मनीषाग्रन्थालय प्राइभेट लिमिटेडद्वारा प्रकाशित, मनोमोहन घोषको द **नाट्यशास्त्र, अस्काइन्ड् टु भरत–मुनि** [भरत–मुनिको भनी ठानिएको नाट्यशास्त्र]को मूलको पहिलो भागको **इन्ट्रडक्शन्** [उपोद्घात]को १९ पृष्ठ, २ टिप्पणी हेर्नू ।]

८६. वि. सं. १९२१ मा कलकत्ताबाट बङ्गालको एशियाटिक सोसाइटीद्वारा प्रकाशित, फित्स–एड्वार्ड हलको **दशरूपम् । अर्थात् धनञ्जयविरचितनाट्यधर्म्मिकम् । धनिकस्यावलोकाभिधया टीकया महितम्** [धनिकको अवलोक भन्ने टीकाले सहित, दशरूप अर्थात् धनञ्जयले बनाएको नाट्यसम्बन्धी नियम भएको]का १९९–२४१ पृष्ठमा **भारतीय नाट्यशास्त्र**का १८, १९, २०, ३४ अध्याय प्रकाशित भएका छन् ।

८७. **प्राचीन नेपाल**को १२३–१२५ संख्याको नेपाली खण्डको २७ पृष्ठ ।

८८. उही ।

८९. वि. सं. १९४४/४५ मा पेरिसबाट एर्नेस्त लेरूद्वारा प्रकाशित, जोग्रानी ग्रोसेको **कँत्रीब्युसों आ लेत्यूद् द ला म्यूजिक् आँदू** [हिन्दू सङ्गीतको परिशीलनमा थप कुरा]का २५–९० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नहुने पुस्तकचाहिँ **नाट्यशास्त्र**का १ देखि १४ अध्यायको सम्पादन गरी वि. सं. १९५४ मा उनले निकालेको[९०] **आधुनिक पाश्चात्य पाण्डित्यका उम्दा नमूनामध्ये एक भएको**[९१] संस्करण हो, जसको ज्ञानमणिजीले उल्लेखसम्म गर्नुभएको छैन ।

जोआनी ग्रोसेको कामको विषयमा लेखिसकेपछि ज्ञानमणिजी लेख्नुहुन्छ–

> यसै सन्दर्भमा जर्मन विद्वान् हाइमनले पनि नाट्यशास्त्रमा निकै अनुसन्धान गरेका थिए । यी विद्वान्हरूले छापेका संस्करण फ्रेन्च जर्मन भाषामा गरेका अनुवाद पनि मैले देखेको छैन ।[९२]

विल्हेल्म हाइमानले **भारतीय नाट्यशास्त्र**को विषयमा लेखेको एउटा लेख गोट्टिङ्गनको शास्त्रानुसन्धानपरिषद् र विश्वविद्यालयको पत्रिकामा ई. सं. १८७४ [वि. सं. १९३०/३१] मा प्रकाशित भएको छ ।[९३] हाइमानको त्यस लेखमा **नाट्यशास्त्र**का केही लेखोट पुस्तकको आधारमा **नाट्यशास्त्र**को विषयवस्तुको विवेचना गरिएको छ तापनि उनले न **नाट्यशास्त्र**को कुनै अध्यायको सम्पादन, न उल्थै गरेका छन् । स्थिति यस्तो हुँदा हुँदै पनि ज्ञानमणिजीको माथि उद्धरण गरिएको वाक्यबाट हाइमानले पनि रेनियो र ग्रोसेले जस्तै **नाट्यशास्त्र**को कमसेकम कुनै अध्यायको सम्पादन र उल्था गरेका थिए भन्ने भ्रम अवश्य पर्छ भनी यहाँनिर भनिरहनुपर्दैन ।

पल रेनियो, जोआनी ग्रोसे र विल्हेल्म हाइमानको कृति आफूले देख्न नपाएको कुरा ज्ञानमणिजीले स्पष्टसँग लेख्नुभएकोले उहाँले अरू कुनै कृति हेरेर त्यसको आधारमा **भारतीय नाट्यशास्त्र**को विषयमा ककसले काम गरे भनेर लेख्नुभएको स्पष्ट बुझिन्छ ।

> भारतीय विद्वान् मनमोहन घोषले अंग्रेजीमा गरेको अनुवाद सहित मनीषा ग्रन्थालय कलकत्ताबाट प्रकाशित भएको संस्करण चाहिँ मैले देखेको छु ।[९४]

भनी ज्ञानमणिजीले लेख्नुभएको र मनोमोहन घोषले आफूले सम्पादन गरेको **नाट्यशास्त्र**को उपोद्घातमा दिएको

---

९०. यस पुस्तकको पूरा परिचयको लागि यही निबन्धको ११ सङ्ख्याको टिप्पणी हेर्नू ।

९१. वि. सं. २०२४ मा कलकत्ताबाट मनीषाग्रन्थालय प्राइभेट लिमिटेडद्वारा प्रकाशित, मनोमोहन घोषको **द नाट्यशास्त्र (ए ट्रीटिज् अन् एन्शन्ट् इन्डिअन् ड्राम्याटर्जि यान्ड् हिस्ट्रिओनिक्स्) अस्क्राइब्ड् टु भरत–मुनि** [भरत–मुनिको भनी ठानिएको नाट्यशास्त्र (प्राचीन भारतीय नाट्यशास्त्र र नाट्यकलासम्बन्धी ग्रन्थ)]को उल्थाको पहिलो भागको दोस्रो संस्करणको **इन्ट्रडक्शन्** [उपोद्घात]को २१ पृष्ठ ।

९२. **प्राचीन नेपाल**को १२३–१२५ संख्याको नेपाली खण्डको २७ पृष्ठ ।

९३. वि. सं. १९३०/३१ मा गोट्टिङ्गनबाट प्रकाशित **नाख्रिख्टेन् फोन् डेर् कोनिग्लिखेन् गेजेल्शाफ्ट् डेर् विस्सेन्शाफ्टन् उन्ट् डेर् गेअ्रोर्ग– औगुस्ट्स उनिभर्सितेत्** [राजकीय शास्त्रानुसन्धानपरिषद्को र गेअ्रोर्ग–औगुस्ट्सविश्वविद्यालयका खबर]को वि. सं. १९३०/३१ को भागका ८६–१०७ पृष्ठमा छापिएको, विल्हेल्म हाइमानको **ऊबेर् भरत'स् नाट्यशास्त्रम्** [भरतको नाट्यशास्त्रको विषयमा] भन्ने निबन्ध ।

९४. **प्राचीन नेपाल**को १२३–२२५ संख्याको नेपाली खण्डको २७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाट्यशास्त्रको परिशीलनविषयक छोटकरी इतिहाससँग **नाट्यशास्त्र**को प्रकाशन ककसले कहिले कहिले गरे[९५] भन्ने विषयमा ज्ञानमणिजीले लेख्नुभएका वाक्य दाँजेर हेर्दा मनोमोहन घोषको अङ्ग्रेजी लेखको निकै हतारसँग तेरीज खिँच्न ज्ञानमणिजी पुग्दा नै यी भद्दा गलती उहाँको लेखमा पर्न गएका हुन् भन्ने स्पष्ट हुन्छ ।

ज्ञानमणिजीले मनोमोहन घोषको अङ्ग्रेजी उल्थासहितको संस्करणलाई मनीषाग्रन्थालयद्वारा प्रकाशित भएको भनी जुन लेख्नुभएको छ, त्यसमा पनि अशुद्धि परेकै छ । **भारतीय नाट्यशास्त्र**को मनोमोहन घोषको संस्करणको १ देखि २७ अध्यायसम्म परेको पहिलो भाग मनीषाग्रन्थालयद्वारा प्रकाशित हो तापनि दोस्रो भाग अर्थात् २८ देखि ३६ अध्यायसम्म चाहिँ बङ्गालको एशियाटिक सोसाइटीद्वारा प्रकाशित भएको हो ।[९६] मनोमोहन घोषको उल्था दुइ भागमा गरेर इदम्प्रथमतया बङ्गालको एशियाटिक सोसाइटीद्वारा प्रकाशित भएको हो[९७] र पहिलो भागको दोस्रो संस्करण मात्र मनीषाग्रन्थालयद्वारा प्रकाशित भएको हो ।

ग्रन्थकारले देवनागरी रोमन दुवै लिपिमा आफ्नो नाउँ मनोमोहन घोष लेख्दा लेख्दै पनि संस्कृतव्याकरणका विद्वान् ज्ञानमणिजीले ती ग्रन्थकारलाई मनमोहन घोष बनाइदिनुभएको देखेर उहाँमा प्राकृतको प्रभाव बढ्दै गएको कुरा दिक्क मानी यहाँनिर भन्नुपरेको छ ।

फेरि अर्को गजबको कुरा के छ भने, मनोमोहन घोषले **आवाह**को **अर्थ रिसेप्शन् अफ् ए सन्–इन्–ल**[९८] भनेर लेखेकोमा,

> ...मनमोहन घोषले...आवाह पाठ नै पढेका छन् र त्यसको अर्थ जुवाइँलाई गरेको निमन्त्रणा भन्ने गरेका छन् ।[९९]

भनी ज्ञानमणिजी लेख्न पुग्नुभएको छ । यताबाट ज्ञानमणिजीको दृष्टिमा **इन्भिटेशन्** र **रिसेप्शन्**मा केही भेद नभएको छर्लङ्गिन्छ भन्दा अवश्य पनि बढ्ता बोलेको ठहरिनेछैन ।

★

---

९५. मनोमोहन घोषको **नाट्यशास्त्र**को मूलको पहिलो भागको उपोद्घातका २०–२२ पृष्ठ । यस पुस्तकको पूरा परिचयको लागि यही निबन्धको ८५ सङ्ख्याको टिप्पणी हेर्नू ।

९६. वि. सं. २०१२ मा कलकत्ताबाट एशियाटिक सोसाइटीद्वारा प्रकाशित, मनोमोहन घोषको **भरत–मुनिप्रणीतम् नाट्यशास्त्रम् (तस्याष्टाविंशाध्यायादारभ्य षट्त्रिंशाध्यायान्तो द्वितीयो भागः)** [भरत–मुनिले बनाएको नाट्यशास्त्र (त्यसको अट्ठाइसौँ अध्यायदेखि थालेर छत्तीसौँ अध्यायमा टुङ्गिएको दोस्रो भाग)] ।

९७. वि. सं. २००७ मा कलकत्ताबाट द रायल एशियाटिक सोसाइटी अफ बङ्गालद्वारा प्रकाशित, मनोमोहन घोषको **द नाट्यशास्त्र, ए ट्रीटिज् अन् हिन्दू ड्रामयाटर्जि यान्ड् हिस्ट्रिओनिक्स्, अस्क्राइब्ड् टु भरत–मुनि** [भरत–मुनिको भनी ठानिएको नाट्यशास्त्र अर्थात् हिन्दू नाट्यशास्त्र र नाट्यकलासम्बन्धी ग्रन्थ]को पहिलो भाग । वि. सं. २०१७ मा कलकत्ताबाट एशियाटिक सोसाइटीद्वारा प्रकाशित, मनोमोहन घोषको **द नाट्यशास्त्र, ए ट्रीटिज् अन् हिन्दू ड्रामयाटर्जि यान्ड् हिस्ट्रिओनिक्स्, अस्क्राइब्ड् टु भरत–मुनि**को दोस्रो भाग ।

९८. उल्थाको पहिलो भागको दोस्रो संस्करणको ६८ पृष्ठ । यस पुस्तकको पूरा परिचयको लागि यही निबन्धको ९१ सङ्ख्याको टिप्पणी हेर्नू ।

९९. **प्राचीन नेपाल**को १२३–१२५ संख्याको नेपाली खण्डको २७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उजीरसिंह थापाले वि. सं. १८७९ मा बाँधेको बन्देज

–दिनेशराज पन्त

भीमसेन थापाका भतिजा, पाल्पाका शासक कर्णेल उजीरसिंह थापाले वि. सं. १८७९ मा पाल्पा श्रीनगरमा बसी बाँधेको बन्देज वीरपुस्तकालय दोस्रो ३०७ सङ्ख्यामा छ। वि. सं. २०४० कार्तिक २२ गते श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित **अभिलेख** १ वर्ष १ अङ्कका ३५–५२ पृष्ठमा श्रीवलरामदास डङ्गोलको **उजीरसिंहले तयार गर्न लगाएको जंगी तथा निजामती स्थिति बन्देज-** नामक निबन्ध छापिएको छ। त्यस निबन्धमा यस बन्देजको प्रत्येक तजबीजको कुरा खुलाएर लेखिएको छ तापनि मूलपाठ नछापिएकोले यहाँ मूल छापिएको छ।

अहिले यो बन्देज प्रकाश गर्दा मूलमा तलथोप्ली व लेखिएकोमा व र मूलमा व मात्र लेखिएकोमा नेपाली भाषामा व उच्चारण हुनेमा व नै तथा ब उच्चारण हुने जतिमा चाहिँ ब छापिएको छ। मूलमा अक्षर टुटेकोमा [ ] कोष्ठ, एक थोक लेखनुपर्नेमा अर्को थोक लेखिएकोमा ( ) कोष्ठ हालिएको र शब्द दोहोरिएकोमा टिप्पणीमा त्यसको उल्लेख गरिएको छ।

श्रीभगवति सहाय

इछा भगवानको मनसुबा

तजबिज श्रीकर्णेल उजिरसिंह थापाको

यो किताप नत्रा भारादार हुद्दा सिपाहि वो गैरह जंगि मुलुकि अदालथि गैरह इलममा रहन्या औ मनसुबा गर्न्यालाई तालिम गर्न श्रीकर्णेल उजीरसिंह थापाले तजबिज गरि आफुले पनी कवायत गैरह जो जो काम लेषियाको छ सो अनुभव गरि काम लागन्या कुरा ठहराई तयार गऱ्याको किताप् लेषिन्छ सम्बत् १८७९ साल मिति चैत्रवदि १ रोज मुकाम पालपा श्रीनगर — — — — — — — — — — — — — — — — — —

ढैरै तहका काम् बालबोध गरि नत्रा सिक्न्यालाई बहुत सजिलो पारि तयार गऱ्याको छ जंगी मुलुकि अदालथि इलम् वो गैरहमा मनसुबा गर्न्या आदमि जो छन् उन्मा यो किताप् जउन् आदमिले मिहिनत् गरि रफत् गर्ला. यो किताप्मा जउन् जउन् काम छन् दिलमा चढाउला त उस्लाई येस्ले बहुत तरहसित फाइदा दिन्याछ — —

यो किताप्मा भयाका काम् जो साफ गर्ला लडाञी औ गयरह काम्मा भगवानले नदिकन काम् बिग्न्या मात्र मैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

येस् ठाउं यो कुरा चुक्या र काम् बिग्न्यो भन्न्या ढेरै परैन दिनदिन उसको मानमर्ज्याद बढ्दै जाला मुलुक्मा ज्यस नाउं फैलाउदै जाला —

येस किताप्मा इलम् औ गैरह जो जो लेषियाको छ श्रीकर्णेल उजिर्सिंह थापाल(ले) आफना जियले तजबीज गरि जौन जौन कुरा ठिक् भयाको छ सो कुरा लेषियाको छ गलद कुरा लेषियाको छैन — — — — — — —

श्रीः

श्रीभगबति सहायेः

इछा भगबान्को

तजबिज. कर्णेल उजिर्सिंह थापाको

मुलुक्को मालिक्. सबै काजकाम. जस्का तैनाथमा रहंछ. तस्लाइ चाहिन्या काम

पहिलो बन्देज तजबिज. श्रीकर्णेल उजिर्सिंह थापाको

पहिला बन्देजको पहिलो तजबिज. मलाइ ठुलो काम बक्सिस् भयो. अब मदेषि उंभो कोहि छैन. मैले ज्या गन्यो सो हुन्याछ. मेरो चुक्लि पुन्याउंन सक्न्या कोहि छैनन्. मेरा कुरा कोहि गर्न सकैनन्. भन्न्या सेषिले गाफिल गराउंछ. येसतो सेषि कैल्हे नगर्नु. मैले जउन् दिन यो मरात पाया. अब मेरा सत्रु बढ्या. आज मेरा उपर दिन छन्. सरासर हिछुं. कोहि दिनमा रात पनि हुन्याछ. उस् बषत्मा मलाई थकत् लागला. आज कोहि भन्न सकैनन्. तपनि. मन्यापछि ईश्वरका दर्गाहिमा यो बिचार हुनैछ. जस्तो गरि मैले बिजाइमा. सजाय गछुं. तेस्तै गरि. मेरा उपर. भगबान्. सजाय गर्न्याछन्. भन्या येस्तो देषनु. जस्ले येस्तो देषिकन कामकाज गर्छ निमक्को सोझो हुंछ. वरत्र बिग्रदैन. पाप ताडा रहंछ. परत्र बिग्रदैन आफनु मुलुक् रैयत गैरहलाइ. राजि गराउन्या र. सत्रुलाई रुवाउन्या काम् हुंछ —

पहिला बन्देजको दोस्रो तजबिज. सानु थुलो जस्तोसुषै हवस्. कामकुरो परिआउदा आफुले कामकुरो गर्दा लिदा दिदा. भन्दामा पहिले आफना चितमा तजबिज गरि. बेस गरि जांचि. बुझी ठहराई गर्नु. येक थोक. कामकुरो ठहराइ गर्न लाग्याको छ, उसभन्दा जरुरि. अकस्मात. अर्कै कामकुरो. पर्न आयो भन्या पनि. हड्बड् नगर्नु. आगा-पिछा हेरिः बषत र. अबकासमाफिक्को तज्बिज गरि. अकस्मात् पर्न आयाको कामकुरा गर्नु. — — — —

पहिला बन्देजको तेस्रो तजबीज. केहि कामकुरामा. कसैले बिराउदा. येकोहोरा कुरा सुनि उसको सजाय. सासना हड्बड् गरि चाडो नगर्नु. तहकित गर्नालाइ. मानिस् जोर्नुपर्न्या भया जोरि. तजबीज षारषेर. अनेक जुक्तिसित गरि. मैले यो बिराउ गर्याको हो. जानिन. येस्मा म कायल् छु भन्यापछि. उस्का बिरांमाफिक्को सजाय सासना गर्नु —

पहिला बन्देजको चौथो तजबीज. पहिले षारषेर्गर्दामा. जोर्नुपर्न्या मानिस् जोरि. अन्मान्प्रमाण गरि. ठुलाठुला सासनाको धुकि देषाई अनेक त्रहवाट. तहकीकात गरि ठहराउनु. उस्को प्राणान्त हुन्या गरि. मारपिट् गरि षारषेर्नगर्नु. पहिले षारषेर्गर्दैमा. प्राणान्त हुन्या गरि मार्पिट् सास्ति सासना गर्दा. येसो पनि उसो पनि अबस्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सर्न लाग्यां. अब बांचीन भन्या पछ र. मैले बिरायाको हो भन्छ. अबस्य बिरायाकै रहेछ भन्या त. बढियै हुंछ उस्को बिरां रहेनछ. मार्पिट्का डरले मात्रै हो भन्याको रहेछ भन्या. बितवल पर्न जांछ — — — — —

पहिला बन्देज[को] पांचौं तज्बीज. कोहि मानिस्ले. केहि घटिया बढिया. कामकुरा गर्दा भन्दा कुरा पुऱ्याउन. नपाइ. तैले भन्याको कुरा मैले बुझ्या भनि. जान्न्या. नठहर्नु. बीचैमा कुराको ढाड पनि नहान्नु. उस्का कुराको मतलप् आफुले नबुझि. उस्लाइ जबाफ नदिनु. उस्का कुराको मतलप्. आफुले जाचि बुझी बेस गरी ठहराइ जबाफ दिनु सबैको चित्त बुझदछ — — — — — — — — — — — — — — — — — — —

पहिला बन्देज[को] छैटो तज्बीज् कसैलाई कामकाज दिदामा पहिलेइ जांचि बुझि ठहराइ काजकाम दिनु काज्काम् दियापछि बढिया काम् आफुले गर्न्या घटिया काम्मा उस्लाइ अघि सार्न्या जस् आफुले लिन्या अब्जस् उस्का कपालमा लाउन्या नगर्नु — — — — — — — — — — — — — — — — — — —

पहिला बन्देजको सातौं तज्बीज् कसैले केहि बिरायामां बिराउं माफिक् सासना गर्नु सपार्दा काममाफिक् रिझ दिनु. बिराउंदा सासना मात्र गर्न्या रिझाउंदा रिझ नदिन्या बिराउंदा सासना नगर्न्या रिझाउंदा रिझ मात्र दिन्या काम नगर्नु रिझबिझ बरोबर बुझि काम गर्नु र बिरायामा सजाय हुन्याछ भनि डराउंछन् सपान्या रिझ हुन्छ भनि काममा उमेद बढाउंछन् लस्कर आफना काबु रहंछ— — — — — — — — — — — — — — —

पहिला बन्देजको आठौं तज्बीज्. केहि कामकुरा परिआउंदा गर्दा भन्दामा आफना चित्तले येक कुरो ठहरायाको छ छोटाबडा सभै राषि सोधनि सल्लाह गर्दा भन्दामा आफना चित्तले ठहरायाको कुराभन्दा बढिया निमष्को सोझो हुन्या कुरो. अरु कसैले भन्यो उ मानिस् छोटो छ अथवा आफना मन पन्याको छैन त्यो कुरा लिया तेहि जान्न्या ठहर्ला भनि उस्ले गन्याको कुरा फालि अर्कै मतलप् नगर्नु निमष्को सोझो हुन्या बढिया कुरो जस्ले ठहरायो सोहि कुरा लिइ गर्नु — — — — — — — — — — — — — — — — — — —

पहिला बन्देजको नवौं तज्बीज् कांहिं गौंडामा किल्लामा तर्तहसीलमा औरै केहि काम्कुरामा पठायाको छ कसैले चुक्लि लेष्यो गन्यो तपनि येकोहोरा कुरा सुनि उस्को सजाय धरपकर हपकि गालि कदाचित् नगर्नु तहकीकात् बुझनु र ठहन्यामाफिक् गर्नु — — — — — — — — — — — — — — — — — — —

पहिला बन्देजको दशौं तज्बीज् जो कामकाज गर्छ नचुकि रहंदैन येक् फेरा चुक भयो भन्या उस्लाई सानै तक्सीरमा रिसले मत्त भै जोरिपारिका मुष्यान्जि बेहुर्मत् नगर्नु आफुले डाकि तक्सीरमापिक् हप्काउनु येस् पाला येस्तो भयो तपनि अबउंप्रांत येस्तो नगर्नु भनि बेस् गरि समझाइ चेताउन्या पाठ गर्नु चेताइ हुन्याछैन डंड प्रभृति गर्नुपर्न्याछ भन्या तक्सीरको जो डंड हुन्या हो सो मतलप् पुऱ्याउनु बेहुर्मत् नगर्नु उसैले दोस्रा पल्ट फेरि येस्तै तक्सीर गन्यो भन्या आफनु बिरानु केहि नभनि पन्पक्ष नगरि तक्सीरमाफिक् सजाय साफ गरि गर्नु—

पहिला बन्देजको येघारौं तज्बीज् जो मुलुक्को नुषतियार हुन्छ उस्ले जंगि मुलुकि अदालथमा येकैतिर हेरि हुदैन तिनैतिर बरोबर गरि हेर्नुपर्छ जंगितिर मात्रै हेरिदिया सिपाहिले मुलुक्मा बिद्त्बेजाज् गर्छन् रैथेत् पिरिइन्छन् दुष् पाउंछन् मुलुक् उजार हुन्छ मुलुकितिर मात्रै हेन्या सिपाहि लेथ्रा निर्तेजि हुन्छन् पन्याका बषत्मा काम आउंदैनन् अदालथमा आम्दानि मात्रै हेन्या दुनिजामा निसाफ पर्दैन रैथेत्ले दुष् पाउंछन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुनिजातिर मात्रै हेन्या अदालथ बलियो हुंदैन निसाफ पन्याको कुरा पनि अदालथमा बस्याका मालिक्बाट होइ सक्तैन तसर्थ मुष्तियार मालिक्ले जंगि अदालथी मुलुकी सबै काममा बराबर गर्नु र सिपाहि सुरा अदालथ बलियो रैथत् राजी मुलुक् गुल्जार हुन्छ — — — — — — — — — — — — — — — — — —

पहिला बन्देजको बान्हौं तज्बीज् जर्नेल कर्नेल जंगि काम गैरहमा भर्ति गर्दा सुरा चतुरा पन्पक्ष नगर्न्या बषत् बुझन्या बिबेकि जंगि कामका सानाठुला गैरह कामको मेसो पाउन्या येस्ता जंगि कामलायक्का हुन्छन् बेस् लायक् छ भिहिनति छ चतुराइमा कमी छ उस्तालाइ ठुलो मान दिनुपन्यो भन्या मान दिनु हुकुम् नदिनु बेपारि पन्पक्ष गर्न्या काफर हुस्सु बषत् नबुझन्या निर्तेजि रिस् नभयाको जंगि कामको मेसो नपाउन्या अन्बिबेकि नसा षाइ लट्ठ भैरहन्या जुवार् छिनार लंपट घुस्याहा आफु पनि षुसामत् गर्न्या आफनु षुसामत् अर्कालै गर्दा फुल्न्या येस्तालाइ जंगि कामको मुष्तियारि नदिनु — — — — — — — — — — — — — — — — — —

पहिला बन्देजको तेन्हौं तज्बीज् काजि षजांचि मुलुकी काम गैरहमा भर्त्ति गर्दा चतुरा पन्पक्ष नगर्न्या मुलुकी कामका सानाठुला काम गैरहमा मेसो पाउन्या अर्कालै रिस उठाउन्या काम् गर्न्या पनि रिस् नगरि कामको मतलप् पुऱ्याउन सक्न्या थोरै रिस भयाका षुसामत् नसुन्न्या षुसामत् नगर्न्या मुलुकी कामलायक्का हुन्छन् दिनु पन्पक्ष गर्न्या हुस्सु मुलुकि कामको मेसो नपाउन्या नसा षाड्(इ) लट्ठ भैरहन्या रिसाहा जुवार छिनार लंपट् घुस्याहा षुसामत्या येस्तालाइ मुलुकि कामको मुष्तियारि नदिनु — — — — — — — — — — — —

पहिला बन्देजको चौधौं तज्बीज् जर्नेल् जज् अदालती काम गैरहमा भर्ति गर्दा चतुरा पन्पक्ष नगर्न्या बषत् बुझन्या षुसामत् नसुन्न्या षुसामत् नगर्न्या निसाफ गर्न्या अदालती सानाठुला गैरह कामको मेसो पाउन्या तज्बीज गर्न सक्न्या ढेर थोक् इलम् जान्न्या पराइका चेलिबेटि स्त्री दिदिबहिनी बरोबर मान्न्या पापको डर मान्न्या येक दुइ फाल् अघिपछि देष्न्या रुपैयापैसाको लालच् नगर्न्या दर्द बुझन्या दगा नलिन्या येस्ता अदालती काममा लायक् हुंछन् दिनु हुस्सु पन्पक्ष गर्न्या बषत् नबुझन्या षुसामत्या निसाफ नगर्न्या अदालति कामको मेसो नपाउन्या बेपारि नसा षाइ लट्ठ भैरहन्या जुवार छिनार लंपट् घुस्याहा मुर्ख जबर्जस्ति अघिपछी येक दुइ फाल् नदेषन्या रुपैयापैसामा लालच् राषन्या पापको दर नमान्न्या दगा लिन्या येस्तालाइ अदालति कामको मुष्तियारि नदिनु— — — —

श्रीभगबती सहाय
इछा भगबान्को

तजबीज श्रीकर्णेल उजीरसिंह थापाको

सिपाहि भर्ति गरि पल्टन् जमाउनु लड्नु लडाउनु गैरह जंगि कामका मालिक् जर्नेल कर्नेलहरु जो छन् उन्लाइ चाहिन्या काम् —

दोस्रा बन्देज तजबीज कर्णेल उजीरसिंह थापाको

दोसरा बन्देजको पहिलो तज्बीज कप्तान् लप्टेन् इन्साइन्मा भर्ति गर्दा पहिले तिलंगा भै क्रमैसित बढदै आयाका होसियार अथवा तिलंगा नभयाका भया पनि जङ्गि काममा तिलंगा प्रभृति सबै काम् जान्न्या मानिस् जांचिदिनु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिलंगा भनि वेअक्कलि उल्लु अबुझ स्वांठ तिलंगा नभयाको र तिलंगा प्रभृति पल्टन्का कामको मेसो नपाउन्यालाइ पनि नदिनु —

दोसरा बन्देजको दोस्रो तजबीज् ठुला पगरिका छोराहरुलाई पहिले सिकाउन लाइ मान दिंदा हुद्दादेषि उंधो नदिनु सार्जन्देषि उंधो हुद्दासम्म दिनु सिकिसाधिसकियापछि जौन् लाईक्को ठहर्छ सोहिबमोजिम् दिनु— — —

दोसरा बन्देजको तेस्रो तजबीज् भारादारको छोरो नाति हो येस्का बाबु येस्ता हुन् येस्का बाज्या येस्ता हुन् येस्ता गादिको हो भनि होसियार नभयाको अदवेस्रो बेकुप् अघिपछि येक दुइ फाल् नदेष्न्या गोडैमनि मात्र देष्न्या येस्तालाइ येउटा षान्या जिबिकाको बाटो मात्रै गरिदिनु काजकामको मुष्तियार नदिनु येस्तालाई पन्पक्ष र आइनुसाइनु हेरि काम्काजको मुष्तियारि दियो भन्या षतडा षान्छ उस्ले गन्याका कामको अबजस् आफना कपालमा आइलाग्छ सर्कारको सोझो जसो गरि हुंछ सो गर्नु काजकाममा जस् पाइंछ निमष्को सोझो हुन्छ ——

दोसरा बन्देजको चौथो तजबीज् पन्ध्र बर्षदेषि उंभोका तिस् बर्षदेषि उंधोका सिपाहि पल्टन्मा भर्ना गर्नु येस्मा पनि परिपंच्या डबल्का नहालनु परिपंच नजान्न्या स्वांठ् सुरा येकोहोन्या सिपाहि जांचि हाल्नु सिकि-साधिसकियापछि भन्या. निरोगो बलियो छ बेराजि छैन राजि छु जागिर षांछु भन्छ भन्या पचास् पचपन्न वर्षका उमेरसम्म राषनु वांहांउप्रान्त षोसिदिनु सधै षोसि पजनि गन्या पल्टन् तयार कहिले रहंदैन सधै नआ हुन्छ —

दोसरा बन्देजको पांचौं तजबीज् पंध्र बर्षदेषि उधोका पैतिस् बर्षदेषि उभोका सिपाहि र लडाजिबाट भाग्याका सिपाहि पल्टन्मा नहाल्नु. — — — — — — — — — — — — — — — — — — —

दोसरा बन्देजको छैटो तजबीज् पल्टन् कंपनिमा मोष्य छोटा जातका सिपाहि नहाल्नु कदाचित् परिगयो भन्या र. यो छोटो हो यो बडो हो यो बिरानु हो यो आपस्त हो भनिकन पन्पक्ष नगर्नु मर्मिहिनत्माफिक् रिझमा इनाम्पात दिंदा मानमर्य्याद बढाउंदा र बिद्युतबेजात्रमा डाट्गिरि सासना गर्दा बन्देजका सवालबमोजिम सभैलाइ बरोबर गर्नु —

दोसरा बन्देजको सातौं तजबीज् लस्कर राष्तामा साफ गराइ राषनु फोहर् किचड् गरि नराषनु अर्काको बेजाजिबिद्युत् गर्न नदिनु सिपाहिलाई आफना काबु गराइ राषनु — — — — — — — — — — — —

दोस्रा बन्देजको आठौं तजबीज् जाडरक्सिले गाफिल् भैरहन्या अर्धबौलाहा नसादार छिनार मुषमुष लाग्न्या जाली हुल्याहा हुचि हंगमा चलाउन्या येस्ता सिपाहि लस्कभित्र येक घडि नराषनु अरु सबै लस्करलाइ देषाइ पिटि धपाउनु —

दोसरा बन्देजको नवौं तजबीज् आफना लस्करको सबैको येक् मतो राषनु लस्करमा भयाको कुरो बाहिर लैजान नदिनु बाहिरको छोटो बडो षबर जश्ले सुन्यो आफु भयाका ठाउंमा ल्याउनाको ताकिति गर्नु — — — —

दोसरा बन्देजको दसौं तजबीज् आफनु लस्कर ढेरै छ बैरिको लस्कर थोरै छ भनि हिंयाईकन गाफिल्मा नरहनु आफना लस्करभन्दा पनि बैरिको लस्कर भारि छ क्यार भन्न्या जस्तो गरि हुसियार षबर्दारसित रहनु —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोसरा बन्देजको येघारौं तजबीज् लस्कर ठुलो छ बंदुक् तोप् बम् ढेरै छन् भन्या पनि लस्करलाइ षान्या सरंजाम बारुद गोलि गैरह षजाना मेघ्जिन् कमि छ भन्या पनि साध्य हुंदैन जउन् ब(बे)लामा पर्ला उसै बेलामा ताकिति गरुला नभन्नु यो सानु काम् छ अर्कालाई अन्हाइदिया पनि होला नभन्नु — — — — — — — —

दोसरा बन्देजको बान्हौ तजबीज् जंगि फौज् चल्यामा फौज्लाई रातिमा ताडा जान र सितार सारंगि गैरह बाजा बजाउन गिद सिलोक् दोहा गैरह अथस् गर्न नदिनु आफुले पठायाका आफनातर्फका चिवासित आफना लस्करलाइ बोल्चाल् बस्उठ् गर्न नदिनु आफना लस्करबाहिक्का नचिह्नाका र बाहिडा मानिस् महाजन् बेपारि बनिजा गैरहसित किन्मेल् बोल्चाल् बस्उठ् गर्न नदिनु — — — — — — — — — — — — — — —

दोसरा बन्देजको तेन्हौं तजबीज् आफना लस्कर षजाना गैरहभन्दा बैरिको लस्कर षजाना गैरह ढेरै भया पनि. आफनु लस्करमा बैरिको षजाना लस्कर थोरै छ भनि उस्लाइ होच्याइ कुरा गर्नु बैरिको लस्कर षजाना ढेरै छ भनि आफना लस्करलाइ झस्काउन्या काम नगर्नु आफना लस्करको साहस बढाउन्या काम गर्नु मालिक्ले पनि आफनाभन्दा बैरिको लस्कर षजाना ढेरै छ भनि कसो होला भनि नडराउनु कौन् चांजाले येस्लाइ लोटाइयेला भनि चांजापछि लाग्नु लस्कर ढेरैथोरैले हुन्न आफनु चांजो र भगबान्को कृपा दुइ थोक् मिल्न गया हुन्छ —

दा(दो)सरा बन्देजको चौधौं तजबीज् लस्कर ढेरै छ भन्या पनि मुषतियार जो छ लंपट् सोम् नसादार जुवार घुस्याहा पन्याहा कायर भया काम् साध्य हुंदैन लस्कर सोम् भै बिग्रदैन मालिकै मा(गा)फिल् भया बिग्रंन्छ —

दोसरा बन्देजको पन्ध्रौं तजबीज् लड्न्या लडाउन्या कुराको हुकुम् येउटालाई छ लिनुदिनु सासना गर्नाको हुकुम् अर्कालाइ छ भन्या उस्तो भया आत्याका काम्कुराको साध्य हुंदैन — — — — — — — — — —

श्रीभगवती सहाय
इछा भगबान्को

तजबिज श्रीकर्णेल उजीरसिंह थापाको

तेस्रो बन्देज तजबिज कर्णेल उजीरसिंह थापाको

तेसरा बन्देजको पहिलो तजबिज् पगरि हुद्दा सिपाहि गैरहले झगरा दंगाफसाद कहिले नगर्नु येकै जग्गामा षानुपर्न्या येकै जगामा मर्मिहिनत् गर्नु मर्नुपर्न्या येक् काल्फाल्काले येकै मत भै रहनु कसैसित झगरातक्रार नगर्नु कदाचित् कसैले झगरातक्रार गर्न लाग्यो भन्या उस् बषत्मा वांहां जो छ उन्ले झगरा नगर भनि छुटचाउन्या काम गर्नु छुट्टचाउंदामा पनि हातले नछुनु टाडैबाट छोड झगरा नगर भनि मुषले मात्रै भनि छुट्टचाउनु धुरा पनि नउठ्नु छुट्टियेनन् भन्या र ठुला काम्कुराको झगरा रहेछ भन्या सो षबर लस्करको मुष्तियार कमान्डिङ आफिसरसित आइ कहनु छुटचाउंदामा हात हालि छुटचाउन लाग्यो धुरा उठ्यो ठुलो तक्रार लस्करको मुष्तियार कमान्डिङ आफिसरसित कहन आयेन भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेसरा बन्देजको दोस्रो तजबीज् झगरा दंगाफसाद केहि कामकाज परि आउंदा गर्दा भनाभन् हुंदामा जनेंल् प्रभृति आफुभन्दा ठुला हुद्दादारसित जदबातदबा तुछ हेला गरि बेअदब्सित डर नराषि नबोल्नु हात्पात् नगर्नु तरबारमाथि हात नलैजानु नषें चनु केहि हतियार पनि नउठाउनु अरु कौनै तरहको जबर्जस्ति पनि नगर्नु कदाचित् बेअदब्सित डर नराषि जदबातदबा बोल्यो हातपात गऱ्यो तरवारमाथि हात लैग्यो षैच्यो केहि हतियार पनि उठायो अरु कौनै तरहको पनि जबर्जस्ति गऱ्यो भन्या लस्[क]रको मुष्तियार कमान्डिङ आफिसरका तजबीजमा जो सासना ठहर्ला सो होला —

तेसरा बन्देजको तेसरा तजबिज् कोहि पगरि हुद्दादार सिपाहि गैरहले आफना पल्टन् कंपनिमा भयो आफना रिजमंटमा भयो आपस्का रिसाला कंपनिमा भया(यो) लस्करमा भयो आफु तैनाथ भयाका ठाउंमा हुकुम्ले षटियाका ठाउंमा भयो पहरा चौकिमा भयो रमन्बिकट्मा झगरा धाम्धुम् लुट्पिट् नगर्नु कदाचित् कसैले झगरा धाम्धुम् लुट्पिट् गऱ्यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबीजमा जो सासना ठहर्ला सो होला— — — —

तेसरा बन्देजको चौथो तजबिज् कोहि पगरि हुद्दा सिपाहि गैरहमा झगरा धाम्धुम् भयाका ठाउंमा जो छ झगरा मेटाउनामा भरिसष्य गर्नु कसैको झगरा गर्न्या मनसुब छ भनि थाहा पायो भन्या आफुले पनि मिलाप हुन्या काम् गरिदिनु. भयेन भन्या आफुले लस्करको मुष्तियार कमान्डिङ आफिसरसित जनाइदिनु आफुले पनि झगरा मेटाउन्या काम् गरेन फलाना फलानाको झगरा पर्न्या डबल् छ भनि लस्करको मुष्तियार कमान्डिङ आफिसरसित पनि जनायेन चुप् लागि तमासा हेरिरहन लाग्यो भन्या. लस्करको मुष्ति[या]र कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — — — — — — — — — —

तेसरा बन्देजको पांचौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहलाइ पजनिमा राजि बिराजि गराउंदा जजस्का चित्त बुझदैन बेराजि हुन्छ उन्ले पल्टन् कंपनिको चाकरि छोडि जानु बुढाषाढा बेरामि गल्याका नसक्न्यालाइ पजनिमा अदल्बदल् गरि अरुले थमाउनि गरिसकि लेषियापछि बिराजि भऱ्यो नभन्नु नट्षट् पनि नगर्नु नसि भागि नजानु कदाचित् पजनिमा राजि भऱ्यो भनि थमाउनि गऱ्यापछि बेराजि भऱ्यो भनि कसैले भन्यो नट्षट् गऱ्यो अथवा पल्टन् कंपनिको चाकरि छोडि नस्ना भाग्नामा पस्यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला —

तेस्रा बन्देजको छैटो तजबिज् पगरि हुद्दा सिपाहि गैरहले आफना काजनिमित्त कतै जानुपऱ्यो भन्या लस्करको मुष्तियारसाहेबसित बिदा भै जानु अथवा नगरि नहुन्या उस्तो चाडो काम् पऱ्यामा भयो सानु काम् छ उदिकबायतका बेलामा हाजिर हुन आइपुग्न्यैछ लस्करको मुष्तियार कमान्डिङ आफिसरसित बिदा हुन्या अवसर पाइयेन भन्या आफुभन्दा ठुला दर्जाका पगरि हुद्दासित बिदा भै जानु उन्ले येस्तो चाडो काम् रहेछ र बिदा दिऊं भनि. लस्करका मुष्तियार कमान्डिङ आफिसरसित जनाउनु कदाचित् बिदा नभै कबायत्मा गयेर हाजिर भयो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — —

तेसरा बन्देजको सातौं तजबिज् चांडो कामले अथवा सानु काम् पन्ध्र बिस् घडिका बिदाले पुगि जान्या हुंदा र लस्करको मुष्तियार कमान्डिङ आफिसरसित बिदा हुन नपाउंदा आफुभन्दा ठुला दर्जाका पगरि हुद्दासित बिदा भै गयाको छ उन्ले लस्करको मुष्तियार कमान्डिङ आफिसरसित जनायेनन् भन्या लस्करको मुष्तियार कमान्डिङ आफिस[र]का तजबिजमा गयेर हांजिर हुन्यालाई ठहऱ्याका सासनाको आधि सासना होला — — — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेसरा बन्देजको आठौं तजबिज् पल्टन् कंपनिमा दर्सन् गरि सामेल् भयापछि उस्मा आफनु चित्त बुझेन भनि मिति नपुगि पंजनि नआइ चाकरि छोडी अर्को पल्टन् कंम्पनिमा पनि नजांनु कदाचित् मिति पुगि पजनि नआइ चाकरि छोडन आंटचो छोडचो अर्क पल्टन् कंपनिमा जांन आंटचो गयो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — — — — — — — —

तेसरा बन्देजको नवौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले पल्टन् कंपनिमा अरु मानिस्लाइ नबहकाउनु चाकरि छोडि भागि जा भन्न्या अर्त्ति पनि नदिनु कदाचित् कसैले बहकायो चाकरि छोडि भाग् भन्न्या अर्त्ति दियाको ठहर्‍यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला बहकौन्याको आधि सासना बहकाउन्यालाइ होला— — — — — — — — — — — — — — — — — —

तेसरा बन्देजको दसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले येस्भन्दा ठुला दर्जाका हामि छौं भनि पल्टन् कंपनिका हुद्दा सिपाहिमाथि र प्रजाप्राणिमाथि जबर्जस्ति नगर्नु दुनिया रैयत्को सानुठुलो जउन्सुकै चिज् भयो आफुलाइ चाहिंछ भन्या रैयत् राजि गराइ पैसा दिकन लिनु बेनिसाफमा र रैयत्को चित्त नबुझाइ जबर्जस्ति गर्‍याको ठहर्‍यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबीजमा जो सासना ठहर्ला सो होला— — — — —

तेसरा बन्देजको येघारौं तजबीज् पल्टन् कंपनिका पगरि हुद्दा सिपाहिले कसैको रिन् षायाको छ साहु आयो भन्या साहुसित सलुकै राषि भया रुपैया दि बुझाउनु रुपैया पुगि नआया भाषारेषाको बन्दोबस्त गरि बुझाउनु रिन् षान्याले साहु बुझाउन्या पाठ गरेन जबर्जस्ति गर्न लाग्यो भन्या उस् बषत्मा वाहा भयाका पगरि हुद्दाले उसलाइ चेताइ साहुसितको बन्दोबस्त गरिदिनु रिन् षान्याले पनि उ बात् सुन्न्या पगरि हुद्दाले पनि उसितको सलुक् राषेनन् पन्पक्ष गरी साहुसित जबर्जस्ति गर्‍याको ठहर्‍या भन्या लस्करको मुष्तियार कमान्डिङ आफि[स]रका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — — — — — —

तेसरा बन्देजको बार्‍हौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले बेनिसाफमा कसैमाथि जबर्जस्ति नगर्नु कदाचित् बेनिसाफमा कसैले जबर्जस्ति गर्‍यो भन्या येस्तो बात जस्ले देष्याको तहकीत सुनि चाल् पायाको छ लस्करको मुष्तियार कमान्डिङ आफिसरसित चांडो गै जाहेर गर्नु जाहेर गरेन येस्तो बात पछि षुल्न गयो येस्तो बात थाहा पाइ नकहिकन दबायो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला जबर्जस्ति गर्न्याको आधि सासना दबाउन्यालाइ होला — — — — — — — — — — —

तेसरा बन्देजको तेर्‍हौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले पहरा चौकि प्रभृति आफुलाइ लाग्याको कौनै काम्मा पनि जेला दिकन अरु कसैलाइ नराषनु कसैले पनि जेला लिइ नरहनु कदाचित् आफुले गर्न्या काममा जेला दिकन अरु कसैलाइ लगायो जेला लि लाग्यो भन्या इ दुवैलाइ लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — — — — — — — — — —

तेसरा बन्देजको चौधौं तजबिज् लस्करमा किल्लामा छाउनिमा महाजन् बेपारि गैरहले अनाजको रसद र षान्या लाउन्या अरु चिज्बिज् जो फौजलाइ चाहिन्या ल्याइ पुन्याउंछन् उन्हेरुमाथि बेनिसाफमा जबर्जस्ति नगर्नु कदाचित् उन्माथि बेनिसाफमा जबर्जस्ति गर्‍यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — — — — — — — — — — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेसरा बन्देजको पन्ध्रौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले क्या छाउनिमा क्या कुवमा बन्दोबस्तसंग रहनु कसका बगैंचामा माछा पाल्याका तलाउमा गाउंघरमा कसैको ष(षे)तमा साग्पात गैरहका बारिमा नोक्सान गरिदिन्या काम नगर्नु कसैलाइ दुष्ष पनि नदिनु रिस्राग्ले रैयत् गैरह कसैको आल्माल् षराप् पनि नगर्नु बिनातक्सिरले र लस्करको मुष्तियार कमान्डिङ आफिसरका बिनाहुकुम्ले. कसैलाइ दुष् दियो कसैको माल् षराप् गरिदियो कसैको बगैंचा माछा पाल्याका तलाउमा गाउंघरमा कसैका बारिमा नोक्सान् गरिदियो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — —

तेसरा बन्देजको सोन्हौं तजबीज् पल्टन् कंपनिको कुंच हुद्दा(दा)मा लस्करलाइ साहबेसाहा दिउंला भनि पछि आयाका बनिज्ञाबगाल् दोकान्दार महाजन् गैरहहरु निसान्भित्रका नभया पनि पल्टन् कंपनिमा चल्याका उदिबमोजिम इन्ले पनि गर्नैपर्छ कदाचित् उदिबमोजिम गरेनन् भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — — — — — — — —

तेसरा बन्देजको सत्रौं तजबिज् पल्टन् कंपनिका जबान्ले र फलास् चिरुवादार्सबारी दारोगा मुन्सि डिठ्ठा बिचारि भन्स्या जोसि पुरोहित बैठक्या तेलि धोबि डोल्या चिरांक्या छाताबर्दार बंद्य कार्चोबि चित्रकारि चप्रासि हल्कारा बगैंचाको सुसान्या गैरह नोकरिदारले जउन्जउन् कुराको कबुल् गरि षतम् भै नोकरिमा लाग्याका छन् आफुआफुले कबुल् गन्याका काजकाम्मा सांझ बिहान् दिउसो जउन्जउन् बेलामा गरिन्या काम छन् हर्षत् कत्ति नगरि अल्सि नमानि साफ गरि काम गर्नु कदाचित् ठग्न्या छल्छाम गर्न्या साफि काम नगर्न्या टाल्टोल् गरि बालि षान्या उपाय मात्र गर्न लाग्यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— —

तेसरा बन्देजको अठारौं तजबीज् पगरि हुद्दा सिपाहि गैरहले कबायेदमा कबायेद गर्न्या ठाउं परेट्मा अथवा लस्करको मुष्तियार कमान्डिङ आफिसरका हु[कू]म्ले सभैले भेला हुन्या ठाउंमा सवारि सिकारिमा बेराम् र अथवा अट्काउको चांडो काम् नभै गयर हाजिर नहुनु कदाचित् अट्काउको काम् र बेरामि नभैकन गयर हाजिर भयो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — —

तेस[रा] बन्देजको उन्नइसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले सेषिका मारे अरु पल्ट्निज्ञा भाइहरुसित र दुनिज्ञादार रैयत् गरीप्गुरुवासित इन्लाइ हप्काई काबु गर्नौं आफनु सेषि बढाउं भन्न्या मग्रुडिले सेषि गरि चढिकन बात्. नगर्नु हतियार नषैचनु कदाचित् सेषिका मारे तरबार गैरह हतियार षैंच्यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — — —

तेसरा बन्देजको बिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरह अरु जो कोहिले पनि कसैका स्वास्नि केटाकेटी नचिन्ह्याकासंग नबोल्नु कोहि बेस्या स्वास्नि भया पनि उस्का बेराजिसित जबर्जस्ति नगर्नु कसैले जबर्जस्ति गन्याको देष्यो येस्तो जबर्जस्ति हुंछ भन्याको सुन्यो भन्या जबर्जस्ति गर्न्यालाइ पक्रि लस्करको मुष्तियार कमान्डिङ आफिसरसित पुन्याइदिनु कदाचित् जबर्जस्ति गर्दा तमासा हेरिरह्यो पक्रि लस्करको मुष्तियार कमान्डिङ आफिसरसित पनि लैगेन षबर पनि सुनायेन भन्या. इ दुवैजाइ लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला जबर्जस्ति गर्न्यालाइ भयाका सासनाको आधि सासना तमासा हेर्न्यालाइ होला— —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेसरा बन्देजको येकाइसौं तजबिज बिदा नमागि आफना षुसिले षलंगा छाउनि छोडि टाढा नजानु गाफिल् र नसामा नरहनु बिगुल् र भेरि तमोर ज्या बज्दामा सामेल् हुनु भनि उर्दि दियाको छ उ कुरो रात्ब्याल् जउन् बेलामा बज्छ बज्यापछि कत्ति गाफिल् नभै चांडो गरि आफना आफना गारत्मा हाजिर हुनु कदाचित् बिदा नमागि षलंगा छाउनि छोडि टाढा गयो उर्दि दियावमोजिम बिगुल् भेरि तमोर बज्दामा सामेल् भयेन भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — —

तेसरा बन्देजको बाइसौं तजबिज आफना लस्करभरिमा केटा भरिया नोकरिदार मानिस्लाइ जस्ले जेलाको षान लाउन दिनाको ठेगाना गरि जति बर्ष जति मैह्ना जति दिन्को बन्दोबस्त गरि राष्याको छ उसित बोल्-कबोल् गर्याको मिति नपुगि तंलाइ बढता जेला षान लाउन दिउंला भनि अर्कले नफकाउनु केटाले पनि नफकीनु [प]हिले बोल्कबोल् गर्याको मिति पुग्यापछि अघि जस्काहां थियो उसैले चित्त बुझाइदियो भन्या पनि केटा अर्कैकाहां राजि भयो भन्या पनि जान दिनु जानु कदाचित् मिति नपुगि कसैले फकायो केटा पनि फकियो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरसित जाहेर गर्नु र लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिज-मा जो सासना ठहर्ला सो होला फकाउन्यालाइ भयाका सासनाको आधि सासना फकिन्यालाइ होला— — —

तेसरा बन्देजको तेइसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले गाफिल् भै नरहनु को क्या गर्छ कसो गर्छ भनि चर्चा बुझ्दै रहनु गाउमा सहरमा छाउनिमा रस्तामा चोर साइधुवा षुनि जबर्जस्ति यो येस्तो हो भनि थाहा पाया-पछि यादै नगरि चुप् लागिरहन्या र लुकाउन्या छपाउन्या काम् नगर्नु पक्रि लस्करको मुष्तियार कमान्डिङ आफिसरसित लैजानु पक्रि लैजान सक्नु रहेनछ भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरसित चांडो गै जाहेर गर्नु कदाचित् उस्लाई यादै नगरि चुप् लागिरह्यो लुकाउनाछपाउनामा पस्यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — —

तेसरा बन्देजको चौबिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले लस्करको मुष्तियार कमान्डिङ आफिसरसित बिदा नभै छाउनि लस्कर किल्लादेषि बाहिर गैकन राति नसुत्नु कदाचित् यो बन्देज नमानि छाउनि लस्कर किल्लादेषि बाहिर गै राति सुत्यो भन्या लस्करकी मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — — — — — — — — — — —

तेसरा बन्देजको पचिसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले लस्करको मुष्तियार कमान्डिङ आफिसर्का बिनाहुकुम्ले र बिनाकाजले भेरि तमोर बेस्दरम् बिगुल् गैरह बाजा नबजाउनु कदाचित् कसैले बजायो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — —

तेसरा बन्देजको छबिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले केहि काजनिमित्त आफु तैनाथ भयाका ठाउंमा अथवा पहराचौकिमा अथवा केहि काम्मा अथवा हतियारसमेत् लि तयार भै रहन्या ठाउंमा नसा षाइ लठ्ठ भै नरहनु कदाचित् येस्ता काम्मा षटियाको नसा षाइ लठ्ठ भै गाफिल भयो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना हठर्ला सो होला— — — — — — — — — — — — — —

तेसरा बन्देजको सत्ताइसौं तजबिज् आफना पल्टन् कंपनिमा कैह्ले केहि उर्दि हुन्छ बढिया घटिया जो उर्दि भयो पल्टन् कंपनि जस्लाइ उर्दि भयाको छ उस्का मानिस्बाहिक् आफना दाज्यु भाई छोरा भतिजा अरु कसैसित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नभनुन् कदाचित् कसैले भन्या पनि सुन्न्याले लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरसित कहन जानु भन्न्याले भन्यो सुन्न्याले चुप् लागिरह्यो भन्या र पछि कतैबाट कुरा घुल्न गयो भन्या इ दुवैलाई लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — — —

तेसरा बन्देजको अठ्ठाइसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले आफना पल्टन् कंपनिका पहराचौकिका इसाराको उर्दि बाहिडा मानिस्सित [न]भनुन् कदाचित् बाहिडा मानिस्सित कुरा गन्यो अर्कै केहि इसाराले कुरा घुस्कायो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — —

तेसरा बन्देजको उन्तिसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले बिनाकाजैले लस्करको मुष्तियार कमान्डिङ्ग आफि[स]रका बिनाहुकुम् आफु मौवासि भै लस्करमा छाउनिमा किल्लामा बस्याका मानिस्लाइ बातुला नगर्नु कदाचित् लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका बिनाहुकुम् आफु मबासि भै लस्कर छाउनि किल्लाका मानिस् बाटुलो गन्यो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— —-

तेसरा बन्देजको तिर्सौं तजबिज् जुवा भाङ्ग गैरह यो कुरो नगर्नु भनि लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरले बन्देज गन्याका कुरा लुकि चोरि कसैले नगर्नु लुकि चोरि कसैले गन्यो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — — — —

तेसरा बन्देजको येक्तिसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले बिनाकाजले र लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका बिनाहुकुम्ले सर्कारिया षजाना षराप् गरि बंदुक् नपट्काउनु कसैले पट्कायो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — —

तेसरा बन्देजको बत्तिसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले उस्का जिम्मा लाग्याको सर्कारिया जंगि षजाना बारुद गोलि हतियार घोडा घोडाको साज पोसाक् गैरह बहुतै जत्न गरि संभारसित राषनु नबेच्नु नहराउनु गाफिल् भै बिगार्न्या र षराप् गर्न्या काम् नगर्नु लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका बिनाहुकुम् कत्ति षर्च नगर्नु कदाचित् कसैले बेच्यो अथवा केहि मन्सुब्ले अथवा गाफिल् भैकन षेर हाल्यो बिगार्न्यो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — — —

ते[स]रा बन्देजको तत्तिसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले केहि काजनिमित्त आफु तैनाथ भयाका ठाउंमा अथवा पहराचौकिमा अथवा केहि काम्मा अथवा हतियारसमेत् लि तयार भै रहन्या ठां[उ]मा नसा षाइ लट्ठ भै नरहनु कदाचित् येस्ता काम्मा षटियाको नसा षाइ लट्ठ भै गाफिल् भयो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबीजमा जो सासना ठहर्ला सा(सो) होला—— — — — — — — — — — — —

तेसरा बन्देजको चौतिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले बैरिसितको सन्मुष जबाप्साल हुन्या बेलामा कुचेष्टा गरि भाग्न्या र किल्ला ठाना चौकि पहरा जस्मा आफु तैनाथ छ छोडि जान्या अथवा अरुलाइ बहकाउन्या काम नगर्नु कदाचित् कुचेष्टा गरि किल्ला ठाना चौकि पहरा छोडि भाग्यो अरुलाइ बहकायो भन्या लस्करको मुष्तियार कमान्डिङ्ग आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — — — — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेसरा बन्देजको पैंतिसौं तजबिज् फौजभित्रको जो कोहि मानिस्ले हतियार बंदुक् बारुद गोलि प्रभृति लडाञिको सरजाम गैरह लुकाउन्या बिगार्न्या अथबा फालिदिन्या काम म(न)गर्नु कदाचित् लुकायो बिगार्‌यो आफालिदियो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला — — — — —

तेसरा बन्देजको छत्तिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले जो कोहि भया पनि आफना बैरिलाई लस्करको मुष्तियार कमान्डिङ आफिसरका बिनाहुकुम् रुपैयापैसाले अनाजले गोलिबारुदले अथबा अरु केहि लडाञिका सरंजामले मद्दत् नगर्नु कदाचित् बिनाहुकुम् येस्तो मद्दत् गर्‌यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सा(सो) होला— — — — — — — — — — — — — — — —

तेसरा बन्देजको सततिसौं तजबिज् पगरि हुद्दा सिपाहि गैरहले लस्करको मुष्तियार कमान्डिङ आफिसरका बिनाहुकुम् बैरिसंग केहि कुराको मद्दत् नगर्नु केहि कामले बैरि आफना हात पर्‌यो भन्या नदबाउनु सन्मुष जबाप-साल हुन्या बेलामा केहि औसरमा बैरि अपठारा जगामा बटोलियाको थाहा भयो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरसित चांडै जाहेर गर्नु कदाचित् बैरिसंग मद्दत् गर्‌यो आफना गफमा पर्‌याको बैरि जाहेर गरि दबाइ बैरिलाइ बचाउनामा पर्‌यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला —

तेसरा बन्देजको अठतिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरहले लस्करको मुष्तियार कमान्डिङ आफिसरका बिनाहुकुम् जस् कसैले बैरिसंग चिठिचपाटि पठाउन्या र आफना जियले अथबा कसैको बाटो गरि आफना लस्करको छिचरो पातलो षबर बैरिसंग पुर्‌याउनु कदाचित् बैरिसंग चिठिचपाटि पठायो आफना जियले अथबा अरु मानिस् पथाई बैरिसंग छिचरो पातलो षबर पुर्‌यायो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — — — — — — — — — — — — —

तेसरा बन्देजको उन्नचालिसौं तजबिज पगरि हुद्दा सिपाहि गैरह कोहि गौडामा किल्लामा ठानामा और कौनै जगामा तैनाथ भयाको छ बैरिसित पेट् मिलाई आफना किल्लेदार थानेदारसंग जोरजबर्जस्ति गरि जगा षालि गराई दुस्मनका हात सौपन्या काम् कदाचित् नगर्नु कसैले येस्तो काम गरि जगा बैरिका हात सोप्न आटर्‌यो अथबा सौंप्यो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — —

तेसरा बन्देजको चालिसौं तजबीज् पगरि हुद्दा सिपाहि गैरह जो कोहिले पनि लस्करको मुष्तियार कमान्डिङ आफिसरका बिनाहुकुम् लडाञि जित्यापछि पनी आफना जिम्मा लाग्याको ओडा र निसान् छोडि लुट्पिट् गर्न नजानु कदाचित् यो बन्देज नाघि लस्करको मुष्तियार कमान्डिङ आफिसरका बिनाहुकुम् कांहि गयो भन्या लस्करको मुष्तियार कमान्डिङ आफिसरका तजबिजमा जो सासना ठहर्ला सो होला— — — — — — —

तेसरा बन्देजको येकचालिसौं तजबिज सर्कारबाट जउन् पल्टन्को कमानियेर मुष्तितियार[1] जस्लाइ बक्स्याको छ उस् पल्टन्को हुकुम् उसैलाइ बक्स्याको हुन्छ उस्ले जवन् बषत्को ज्या ज्या उर्दि दियाको छ जो उर्दि दिन्छ उस्ले दियाको उर्दिमा सबैले हाजिर रहि उर्दिबमोजिम चल्नु आफना मुनासीबले हुकुम् दिन सकन्या भै आउन सक्तैन सर्कारबाट बक्सिस् भै सर्कारैका हुकुम्ले आउंछ उर्द्दिबमोजिम नचलि लंघन जो गर्छ उस्लाइ लंघन गर्‌याको

---

१. यहाँ मुष्तियार हुनुपर्नेमा मुष्तितियार लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठहर्दैन सर्कारैको हुकुम् लंघन गन्याको ठहर्छ तस्र्थ छोटाबडा सबैले आफना आफना काममा रुजु हाजिर रहि तत्पर भै गर्नु जो गर्दैन बेजाऋमाफिक्को सजाय षुप् तरहसित गर्नु र मैले जस्सै काम्मा रुजु हाजिर नभै आल्टाल् गरुला मलाइ षुप् सजाय हुन्याछ भनि उस्का पेटमा सधै यादगिरि रहिरहन्छ र आफुले कबुल् गन्याका काममा रुजु हाजिर रहि तत्पर भै गर्छ उस्तैमा पनि यादगिरि छंदाछंदै आफुले कबोल् गन्याका काममा आल्टाल् गर्दै रह्यो भन्या बाबज्यादाका नामले बडो आदमि भयाको छ तपनि त्यो बेसमि हो तेस्तो मानिस् लडाञिमा पनि सन्मुष हुदैन भाग्नैको सूर गर्छ तेस्तालाइ पल्टनमा नराषनु निकालिदिनु कबुल् गन्याका काममा रुजु हाजिर नरहन्या वैजाऋमाफिक् सजाय गर्दा सर्म मान्न्या दुष् मान्न्या मानिस्ले पैल्हे कबुल् नगर्नु घरमा बसि हुजाक् भारि बेगारि झारा षेरा डोको बोको सोलि नाम्लो गैरह दुनिञासरहको टंटा गरि दैदस्तुर तिर्नु षेतमा चार्दाम्ठेकि लाइ तल्सि मानि हलो सुञिकाउनु अघिञा तारि तल्सि बुझाइ रह्यापह्याकाले बाल्बच्चा पालनु कसैको चोरिजारि नगर्नु अर्काका झगरामा सामेल् नहुनु उस्लाइ अरु धका लाग्दैन तपनि यस्ता डबल्ले जिविका हुंदैन आफना आफना दर्जामाफिक् सर्कारबाट बक्स्याको र आफुले कबुल् गन्याका काममा रुजु हाजिर रहि तत्पर भै तन्मन् लगाई गन्यादेषि उस्लाइ कसैको भनक् पनि सर्म पनि कहिले पर्दैन — — — — — — — — — —

तेसरा बन्देजको बयालिसौं तजबीज् आफना निसिब्का जोरले र सर्कारका प्रतित्ले छोरो भतिजो भाइ नाति गैरहलाई ठुलो मानमरातप बक्स्याको छ उस्का बाबु बराज्यू काका मामा दाज्यु गैरहलाइ छोटा दर्जाको पगरि छ भन्या पनि अघिपछि आफना घरमा साझ बिहान बस्ता उठ्तामा भन्या सनेहका क्रमले बाबु बराज्यूका दर्जामा बाबु बराज्युले रहनु छोरा भतिजाका दर्जामा छोरा भतिजाले रहनु पल्टनमा सामेल भयाका बेलामा कोहि देसदेसाबरका मानीस आयामा बाहिरफेरामा सर्कारका काम्मा षटियामा येस्ता सर्कारिया कामकुरा गैरहमा हाम्रो छोरो भतिजो त हो भनि नभन्नु बाबु बराज्यु मामा काका दाज्यु गैरह जोसुषै भया पनि सर्कारबाट बक्सीस् भयाका आफना आफना पगरिका दर्जाअनुसार बोल्चाल् गर्न्या र जस्ले जाहाजाहा रहनुपर्न्या हो ताहाताहा रहन्या गर्नु हाम्रो छोरो भतिजो हो तेस्ले हामिलाइ मान्नैपर्न्या हो भनि दर्जा छोडन्या काम कदापि नगर्नु नमानि जस्ले दर्जा छोड्छ उस्लाइ नमान्याको ठहर्दैन सर्कारको पगरि नमान्याको ठहर्छ बरु उस्ता मानिस्ले आफु गैकन उस्को दर्जा घट्न्या छ भन्या उस् ठाउमा जादै नजानु फरकै रहनु उस्ता बेलामा सनेहका क्रमले कदापि नरहनु पगरिका दर्जासित रहनु —

श्रीः

श्रीभगबती सहाय

ईछा भगबान्को
तजबीज कर्णेल उजीरसिंह थापाको

अदालतमा बस्न्या जस्तै फिरंगिका लाट जज् जुस्टिस् इनटरपिटर रहिंछन् तस्तै अदालतमा बस्न्या मानीस्लाइ चाहिन्या काम —

चौथो बन्देज तजबीज कर्णेल उजीरसिंह थापाको

चौथो बन्देजको पहिलो तजबीज् जस्ले जउन् कुराको फिराद गर्न आयो फिराद सुनि उस्ले जो धन् ज्या बिहोरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जो साक्षि कहन्छ सो बिस्तार लेषिलिनु दुवै झगरियालाइ जोरि कुराको मत्लप र धनको प्रमानपत्र रिनी साछि यो बेहोरा बेस गरि बुझि पक्षपात नगरि घुस् नषाइ पंचको चित्त बुझाई निसाफ पारि झगरा छिन्नु — —

चौथो बन्देजको दोस्रो तजबीज् कसैलाइ षार्षेगर्दामा पनि हपकीदपकी गरि ठुलाठुला सासनाको धुर्कि देषाइ षारषेर गर्नु प्राणान्त हुन्या सासना गरि षार्षेर नगर्नु बस्याको हिड्याको बोल्याको डबल् उस्को चेष्टाको पनि बिचार गर्नु जुदाजुदै राषि अनेक युक्तिसंग सा(सो)धपुछ गरि लेषाइ लिनु. येस्तै तरहले २।४ दिनसम्म सोधपुछ गरि लेषि लिनु कुरा अघिपछि लेषियाको मिल्या नमिल्याको हेरी अनेक जुक्तिसित तहकीत गरी कायल गर्नु येति कुरा मैले बिरायाको (हा)हो भनि पंचकचहरिका अगाडि उस्लाइ बकाइ कायलनामा लेषाई लिनु जबर्जस्तिसंग कदाचित् कायलनामा लेषाइ नलिनु — — — — — — — — — — — — — — — — —

चौथो बन्देजको तेसरो तजबीज् कसैले साछि छन् भन्यो भन्या साछिलाइ पनि ल्याउनु इन्का कुरा तैले जान्याको छ छैन भनि सोधि लेषाइ लीनु झगरियाले फलानु साछि छ येति येति कुरा जान्दछ भनि लेषिदियाको र साछिले लेषिदियाको कुरा मिल्या नमिल्याको तहकीत गरि अरु अरु डबल्संग पनि सोधि पुछि पक्षपातमा परि तेसर भयाको र दुरुस्त भयाकै कामको तेसर भयाको बेस् गरि जाचि ठहराउनु जाचबुझ नगरि नठहराइ साछि रहेछ भनि उस्ले ज्या भनिदियो सोहिबमोजीम मात्रै नगर्नु— — — — — — — — — — — — — —

चौथो बन्देजको चौथो तजबीज् पत्रपात्र साछि सुर्ता झगरिया गैरह काममा कदाचित् धर्म बकाउनुपन्यो भन्या भला आदमि पापको दर मान्या येस्ता मानिस्लाइ धर्म्म भकाउनु र उस्ताले झुटो बक्न सक्त्तैन कत्ति ज्ञान नभयाको धर्म भन्याको येस्तो हो पाप भन्याको येस्तो हो भनि थाहा नपाउन्या स्वांठलाइ धर्म भकायादेषि र उस्का मनमा जो आउंछ सो बक्छ निसाफ पर्दैन धर्मैका भरमा पनि नरहनु अरु तरबाट पनि तहकीत गरि ठहराउनु— —

चौथो बन्देजको पाचौं तजबीज् चोरिका कुरामा कोहि कराउन आयो भन्या हरायाका चोरियाका बस्तुले चोरी भयाका जगादेषि पाइला गयाका बिचारले चोरिकर्मले जाहेर भयाको घर याहा छ भनि जाहा नहुन्या आफनु जात नाउं देश छपाउन्या ढेरै जुवा षेलन्या बेस्यासित ढेरै रहन्या बोल्दा बचन् साफ नहुन्या ओठमुष सुष्न्या ओठ चाटन्या निधारबाट पसिना आउन्या भेक् फेरि हिड्न्या आम्दानि थोरै षर्च ढेरै गर्न्या कुरा फेर्न्या येस्ता लक्षन हान्र्या चोर्न्या मानिस्का हुंछन् चोऱ्याको धन साधुकाहा पनि रहंछ. साचा मानिस् झुटा जस्ता पनि हुंछन् झुटा मानिस् साचा जस्ता पनि हुंछन् तस् कारन्. चिन्हैका लक्षन मात्रले चोर नभन्नु अरु अरु ढेरै व्रहबाट तजबीज तहकीत गरि ठहराउनु— — — — — — — — — — — — — — — — — —

चौथो बन्देजको छैटो तजबीज् चोर पनि होइन केहि बिरां गर्न्या साइधुवा पनि होइन आफना कुराको पंच कचहरिको चित्त बुझाउन सकेन भन्या चोर साइधुवा यहि हो नभन्नु बेस गरि बिस्तारसित सोधपुछ गर्नु र उस्ले पंचकचहरिको चित्त बुझाउंछ चोर्न्या केहि अपराध गर्न्या रहेछ भन्या अनेक तरहको फेर्फेन्द छलछाम गर्छ तपनी अैल्हे गऱ्याका कुरा भरे फेर्न्या भन्या गऱ्याका फुरा भोलि फेर्न्या येस्ता गैरह कुचेस्ता गर्छ पंचकचहरिको चित्त बुझाइ पार्हुन सक्तैन कायलै हुनछ लटघाऊरो फुरा नजान्न्या रहेछ साधु होला पनि नभन्नु चतुरो रहेछ कुरा फेर्दो रहेछ चोर होला पनि नभन्नु कचहरि देख्याको मानिस्सित बस्उठ् नगऱ्याको भया कस्तै चंषचतुर भया पनि कुरा गर्दामा लट्पटिन्छ तेस् कारन्ले बेस् गरि तजबीज गरि जस्तोको तस्तो ठहराइ कायेल् गर्नु——

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौथो बन्देजको सातौं तजबीज् चोर्न्या अपराध काम गर्न्या गैरह कुरा परिआउं दामा ढेरै तरहबाट तजबीज तहकिकात गरि छिन्नु न्या नहालनु सानै कुरो छ क्या होला भनि पंचकचहरिको चित्त नबुझि पक्षपात गरि कदाचित् छिन्न्या काम नगर्नु— —

चौथो बन्देजको आठौं तजबीज् अदालतमा बस्न्या मालिक् पंच भै बेअक्कलका भै पत्र पात्र सहि साच अन्मान्प्रमाण प्रतक्ष[प्र]मान् गरि तजबीज गर्न र अरु अरु तरहबाट पनि तहकीत गरि छिन्न ढंग नभया भगवान्ले जस्लाइ दिन्छ तसैको जय हुन्छ न्या हालि झगरा छिन्नु— — — — — — — — — — — — — —

चौथो बनदेजको नवौं तजबीज् पत्र पात्र सहि सांच अन्मान्प्रमान् गैरह ढेरै तरहबाट तजबीज तहकीत गरि निसाफ पारि छिन्नाको ढंग भयेन न्या हालि छिनौं भन्या बेअक्कलि ठहर्न्याछौं भनि निसाप् परोस् नपरोस् जबर्जस्तिसित कायलनामा लेखाइ छिन्न्या काम नगर्नु निसाफ नपारि जबर्जस्तिसित झग[डा] छिन्यापछि आफ्नै थापलामा आइलाग्छ सो बुझि जस्ताकोतस्तो गरि छिन्न्या काम गर्नु— — — — — — — — — ——

चौथो बन्देजको दसौं तजबीज् कैयेक तरहका मानिस् हुंछन् कैयेक तरहको तकसीर हुंछ येस् श(अ)यनमा नलेषीयाको कुरा अदालतमा आयो भन्या उस्का तकसीरको तजबीज गरि वेस् गरि जाचि बुझि ठहराइ डंड सासना गर्नु डंड सासना गर्दा आहा लेषियाको छैन भनि कसैलाइ थोरै कसैलाइ ढेरै डंड सासना नगर्नु तकसीरमाफिक सभैलाइ बरोबर पर्न्या गरि गर्नु —

चौथो बन्देजको येघारौं तजबीज तकसीरमाफीक डंड गरियो डंड तिर्नालाइ उस्का घरमा येक पैसा पनि छैन भनि उसै छोडिदिया नहुन्या मानिस्ले हाम्रा धन छैन क्या गर्न्याछन् र भनि नाना व्रहको दंगाफसाद गरि बिद्युतबेजाञी गर्छन् तसर्थ पैसा तिर्न सक्न्याछैन भन्या पनि जति डंड भयाको छ लिना रुपैयाको हिसाब गरि चार आनाको येक कोटाका हिसापले षुपसित कोर्डा लगाइ छोडिदिनु — — — — — — — — — — — — —

चौथो बन्देजको बाह्रौं तजबीज् डंड तिर्न धन् नहुन्यालाइ चार आनाको हिसाबले कोडा लगाइ छोडिदिनु भन्दा सानु बिराउं डंड थोर् भयाको छ उमेरको जार छ भन्या त कोडाबाजि गर्दा ठिकै हुंछ तकसीर ठुलो हुनाले डंड ढेरै भयाको छ रोगि बुढो भै जीयको नाजोर छ ढेरै कोडाबाजि गर्दा उस्को ज्यानै जान्या छ भन्या डंड भयाका षतमा ज्यान् लिन्या काम भन्या नगर्नु सासना हुन्या गरि पैल्हे जति कोडा हुन सक्छ उति कोडा लगाइ फेरि झल्षानामा हालि उस्लाइ आराम तुलाई फेरि कोडा लगाउनु येस्तै व्रहले २।४ पटक गर्नु पन्या पनि गरि उस्को जीउ पनि बचाइ लेष्याबमोजीमको सासना पनि पुऱ्याइदिनु — — — — — — — — — — — — —

चौथो बन्देज[को] तेह्रौं तजबीज कसैले सर्बस्व हुन्या तक्सीर गऱ्यो भन्या उस्का बाबु छोरा दाज्यु भाइ सबैको अंस सर्बस्व नगर्नु बाबु छोरा दाज्यु भाइको अंस पर सारि जस्ले तकसीर गऱ्याको छ उसैको अंस मात्र सर्बस्व गर्नु—

चौथो बन्देजको चौधौं तजबीज कसैलाई जातदेषि पतित गऱ्याको छ उस्लाइ जान्न्याहरुले मात्र बारना गर्छन् उस् जगादेषि अंत गयो भन्या त म पतित् भयाको छु भनि आफु कहदैन अरुले थाहा पाउदैनन् र पानिमा सभैलाई बोर्छ तसर्थ जात पतित हुन्या पानि नचल्न्या बिराउ गऱ्यो भन्या उस्का निधारमा दम्लुस् गरिदिनु दमलुस् भन्याको गोदना गोदि अक्षर लेषिकन छोड्नु उसै नछोदनु—— — — — — — — — — — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौथो बन्देजको पन्ध्रौ तजबीज् स्वासनिहरुलाई षार्षेगंर्दा हपकाइ फुल्याइ ठुलाठुला सासनाको घुर्कि देषाइ अरु कैयेक तरहबाट षारषेर गरी तहकित गर्नु आगमा लायाका गुनिला फरीया गैरह फालि नग्याइकन षारषेर नगर्नु नंग्याइकन सास्ति सासना गऱ्यो भन्या स्त्रिको मरण भन्याको तेहि हो अपराध गऱ्याको भया त नंग्याइकन सास्ति सासना गऱ्याको भया पनि बढियै हुंछ उस्का दुर्दिनले अपटिक् मात्रै लाग्याको रहेछ अपराध गऱ्याको रहेनछ भन्या नंग्याइ सासना गऱ्या बितबल् पर्छ तसर्थ तहकीत गरि ठहराइ चाडो छिन्नन(छिन्न) सकियेन भन्या ६।७ मैन्हा वर्षदिनसम्म लाग्या पनि अरु अरु कुराले तहकीत गरि ठहराइ कुरा छिज्नु स्वास्नीहरुलाइ षार्षेगंर्दा नग्याउन्या काम कदाचित् नगर्नु — — — — — — — — — — — — — — — — — — —

चौथो बन्देजको सोह्रौ तजबीज घरमा ढेरै परियार छन् उन्मा येउटाले बिरां गऱ्यो घरका अरु परियारले चाल् पायाको पनि छैन उस्का मतमा पनि छैनन् जो साझीधुवा हो उ भागिगयो भन्या अरु परियारलाइ सास्ति सासना पनि नगर्नु त्यो भागिगयो झुट्टा रहेछ भनि तहकीत नगरि सर्बस्व हुन्या षत रहेछ भन्या सर्बस्व पनि नगर्नु क्या अर्थले भन्या कोहि सर्म मान्न्या भला आदमी रह्याछन् भन्या अपराध नगऱ्याको उस्का दुर्दिनले अबाच्य बात भयाको रहेछ भन्या सर्मका परिश्रमले पनि भाग्छन् तसर्थ उस्लाइ पैल्याइ पक्री तहकीत गरि निसाप्मा ठहऱ्याबमोजीम गर्नु उसै अटकल्ले तेस्ले अबस्य बिरायैको होला भनि डंड सासना नगर्नु — — —

चौथो बन्देजको सत्रौ तजबीज् बिराउ गरि जात् जान्या कुरा बिराउ गऱ्यामा भयो कुरो षाइकन जात जान्या कुरो षायामः भयो भोरमा बिराउ भयैछ भोरमा षायेछ भन्या पनि अथबा भोरमा षाया बिरायाको आफुले चाल् पाउनिबित्तिकै येस्तो भबितब्य पऱ्यो भनि आफै भन्न आयो भन्या पनि कस्ता त्रहले भोरमा रहेछ भनि जोर्ना मानिस् जोरि सोधन्या षोज्न्या कुरा सोधि षोजी ठहराउनु कैयेक तरहबाट तहकीत गर्दा पनि जानिजानि षायाका बिरायाको ठहरेन आफुले चाल् पायापछि दबायाको र भातपानिमा बोऱ्याको पनि ठहरेन भोरै ठहऱ्यो भन्या उस्लाइ अरु सासना हुदैन प्रायश्चित्त पाउछ धर्मसास्त्रको बिचार गरि पातक्अनुसार ठुलो सानु जो भन्याको छ सोबमोजीम प्रायश्चित्त दिनु — — — — — — — — — — — — — — — — — — —

चौथो बन्देजको अठारौ तजबीज् भोरमा षायाबिरायाको ठहऱ्यो भन्या प्रायश्चित्त दिनु भनि लेषियो तपनि अरु गैरह कुरा भोरमा षायाबिरायामा प्रायश्चित्त दिनु आफुलाइ जन्माउन्या ममहतारिसित[२].त. भोरमा बिराउ भयाको रहेछ भन्या पनि अरु प्रायश्चित्तले हुदैन देहांन्तप्रायश्चित्त गर्नु पर्छ तस्र्थ उसै पातकीलाइ सोधनु र जस्ता त्रहले मेरो ज्यान् मारिदेउ भंछ सोहिबमोजीम गरि जातअन्सार उस्को जिउ मारिदिनु प्रायश्चित्त हुंछ— — —

चौथा बन्देजको उन्नइसौं तजबीज् मामाकि छोरि फुपुकि छोरि बिहा गर्न्या सानिआमा सह्यार्न्या र अरु अरु कुरा पनि गोबधबाहिक परापूर्बदेषि चलिआयाबमोजीमको रित गर्न्या जातभरिमा परापूर्बदेषि चलिआयाको रितमा षत् लाग्दैन गर्न दिनु— — — — — — — — — — — — — — — — — — —

चौथा बन्देजको बिसौं तजबीज करनिको कुरा गैरहमा स्वास्नीलाइ प्रायश्चित्त दिनुपऱ्यो भन्या धर्मसास्त्र हेर्नु र अपराधमाफिक ठुलो सानु जो प्रायश्चित्त दिनु भन्याको छ सोबमोजीमको प्रायश्चित्त दिनु करनीका फुराबाहिक स्त्रीले. अरु [अ]पराध गऱ्यामा र जस्तो प्रायश्चित्त लोगन्यालाइ हुंछ सोइ प्रायश्चित्त दिनु— — — — —

---

२. यहाँ महतारिसित हुनुपर्नेमा ममहतारिसित लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीः

श्रीभगवती सहायः

इछा भगबान्को
तजबीज कर्णेल उजीरसिंह थापाको

पाचौ बन्देज तजबीज कर्णेल उजीरसिंह थापाको — —

पाचौ बन्देजको पहिलो तजबीज् कसैल(ले) जिउ मारिन्या तकसीर गन्यो उस्लाइ नमारि निसाप [प]र्न्या छैन भन्या हतियार चलाइ मारिन्या जातलाइ झुनडाइ काटि हरियेक तरहसंग उस्को ज्यान मारिदिनु हतीयार चलाइ मार्दा हत्त्या लागन्या ब्राह्मण गैरह जातले र स्त्रीहरुले ठुलो अपराध गन्याको छ उन्लाइ नमारि हुन्या-छैन भन्या नेलैमा गाल्नु अथबा चाडै मार्नुपन्यो भन्या बर्षा[मा] औलामा हिउदमा भोटमा राषनु नमरीकन न-छोडनु जातअन्सार नल्फल् काटनु भन्यामा काटिन्या जात-का नल्फल् काटनु ब्राह्मण गैरह हतियार चलाया हत्त्या लागन्या जातलाइ मुडि देस्निकाला गरिदिनु स्वास्नि-हरुको र अकल् कम् हुंछ ढेरै रिस हुनाले आटि हुन्छन् येसो गन्या येसो होला येसो गन्या येसो होला भनि अधि-पछि ढेर देष्तैनन् तसर्थ स्वास्निलाइ सासना गर्दा जातपतित गरिदिनु अथबा देसनिकाला गरिदिनु ठुलो अपराध छ भन्या नाक् काटि देसनिकाला गरिदिनु— —

पाचौ बन्देजको दोस्रो तजबीज लडाञ्जिका बषतमा गौडामा षटायामा ओडा बंड गरिदियाका ठाउमा हतियार नलैजानु भन्न्या बैरिसित मतो मिलाइ हेरि मात्रै रहनु भन्न्या अथबा हाहा गरि हल्ला मात्रै गर्नु भागनु भन्न्या अथबा बैरिसित मिल्न. जानु भन्न्या येस्ता निमक्हरामी हुन् जातंबिसेष् जिउ मारिदिनु— — —

पाचौ बन्देजको तेस्रो तजबीज् लडाञ्जिका बषतमा नुनको कुभांउदो गरि आफना तरफको छिचरो पातलो बरिसित पुग्याउनानिमित्त चिठि लेषि माग्न्या चिठि लेषिदिन्या चिठी सारासार गर्न्या बैरिको अगुवा भै

श्रीः

श्रीभगवती सहायः

इछा भगबान्को
तजबीज कर्णेल उजीरसिंह थापाको

छैटो बन्देज तजबीज कर्णेल उजीरसिंह थापाको — —

छैटो बन्देजको पहिलो तजबीज म घटिया हुं येस्तो उपद्रो गरु गरिप कंगाल हुं मराइ मागु भनि कोहि भन्दैन म बडो आदमी हुं तालीओर हुं मुलुक्मा मेरो बढिया जस चलोस् भनि सभै भंछन् तपनि उस्का दिन लाग्यापछि भगबान्का गर्दा चुकाइदिन्छ तसर्थ ज्यान् मारिकन कसैको सासना नगर्नु नाहाक्मा अर्काको ज्यान् मार्न्याको ज्यान् मात्रै मार्नु बिच कस्तै तकसीर गन्या पनि ज्यान् नमार्नु मारिन्या तकसीर गर्न्यालाइ नेल हालि राषनु उस्लाइ षान लाउन दिनु सर्कारको काम सउ(ड)क् बनाउन ढुगा चपरि इट गैरह बोक्न षन्न माटो फाल्न येस्ता गैरहं काम्मा लगाउनु छोटा आदमीले मात्र बिराउला भन्नु हुदैन बडो आदमी पनी चुक्छ ज्यान् राषिदियाको भया बाजि[ब] बषत्मा काम् पाइन्छ— —

छैटा बन्देजको दोस्रो तजबीज येस्तालाइ जिउदै षाडल्-मा गाडि थापलामा येक मुठी नुन राषि माताले पुरि मारिदिनु— — — — — — — — — — —

छैटा बन्देजको तेस्रो तजबीज् येस्ताला[ई] भुंडि फारि मारिदिनु— — — — — — — — — ——

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चिवा भै आउन्या येस् बेलामा लस्कर गाफील् रहंछ लस्कर येति छ येसो गरि यो बाटो गया हुन्याछ भनि लस्करको बाटागौडाको बिउत बताउन्या निमकहरामि हुन्. जातबिसेष जिउ मारिदिनु— — — — — —

पाचौ बन्देजको चौथो तजबीज् आफना लक(स्क)रका मुष्तियार साहेबसंग राजकाजका चिठिपत्र आउदा उस्देषि लुकाइ बैरिसित पुन्याउन्या अथबा बिचमा लुकाउन्या लस्करका मुष्तियार साहेबको हुकुम नपाइ आफना लस्करबाट बैरिसित पुन्याउन्या निमक्हरामि हुन् जातअनुसार जिउ मारिदिनु — — — — —

छैटा बन्देजको चौथो तजबीज् येस्तालाइ भुडि फारि मारिदिनु— — — — — — — — — — —

पाचौ बन्देजको पाचौ तजबीज् बिकट् चौकि कुन्हुवा गैरह बस्यामा बैरिसित मतो मिलाइ बैरि आउदामा बंदुक नपटकाइ षैषबर नदि आफनु फौज झु.क्याइ बैरिको फौज हुल्न्या निमक्हरामि हुन् जातअनुसार जिउ मारिदिनु — — — — — — — — — —

छैटा बन्देजको पाचौ तजबीज् येस्तालाई नि.साना थापि गोलि मटयाङरा ढुंगा गैरहले हानि मारिदिनु— — —

पाचौ बन्देजको छैटौ तजबीज् केहि रिसरागले भयो आफुले बिराउ गन्याको अर्कालि चाल् पायाको छ तस्लाइ मारिदिउ र मैले गन्याको बिरां थाहा हवैन भनि भयो तेस्लाइ मारु र तेस्कि स्वास्नि लिउला भन्न्या दगाले भयो तेस्को धन् षायाको छ तेस्लाइ मारु र तिनुं परैन भनि भयो अथबा तेस्लाइ मारु र तेस्को धन् बिहोरुला भनि भयो येस्ता नाना तरहले नाहाक्मा अर्काको जिउ मान्र्यालाइ जियको बदला जियै जान्छ जातबिसेष जिउ मारिदिनु — — — — — — — — — —

छैटा बन्देजको छैटौ तजबीज् येस्तालाइ जस्ता तरहले उस्को जिउ मान्याको छ उहि डबल्सित जातअनुसार मारिदिनु — — — — — — — — — — —

पाचौ बन्देजको सातौ तजबीज् येस्ता नाना तरहले नाहक्मा अर्काको जीउ मान्र्यालाइ मतलप् गरि पुन्यायो अरु केहि तरहको सहाय मिल्यो गुहारि पन्या र उस्को जिउ मरेन भन्या पनि नाहाक्मा अर्काको जिउ मार्न आदि कामको मतलप् पुन्याउन्यालाइ उस्ले सक्या मान्यै थियो दैव सहाय भै उस्को जिउ बाच्यो तपनि नाहाक्मा अर्काको जिउ मार्न दगा गर्न्याको जिवै जान्छ जातबिसेष जिउ मारिदिनु — — — — — — —

छैत्तौ बन्देजको सातौ तजबीज येस्तालाइ नमरन्ज्याल नेल हाली राषनु — — — — — — — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाचौ बन्देजको आठौ तजबीज राजकाज प्रभृतिले भयो अथवा आफना नसीबका जोरले भयो. भयाका येस्ता बडा आदमीका दगानिमित्त्य छोटा आदमीले आफुले मारेन जिउ मार्नाको मतलप् गरि पुन्यायेन त[प]नि दगा गर्न्या कुरा काम त पस्न्या र सल्लाह दिन्या मात्र रहेछ भन्या पनि जातअन्सार जिउ मारिदिनु — — — — — —

छैटा बन्देजको आठौ तजबीज येस्तालाइ नमरज्यालसम्म नेल हालि राषनु अथवा दुवै. बराबरका बडा आदमी हुन् भन्या उस्ले अघि जो पोसाक लगायाको छ उही भारी पोसाकसमेत् मैन्हा दिनसम्म षलाति फुकाउनु बिहान-बेलुका झेलषानाबाट ल्याउदा लैजांदा तना(मा)म दुनिञालाइ देषाइ षलांति बोकाइ ल्याउनु लैजानु— —

पाचौ बन्देजको नवौ तजबीज् राजकाजको पनि छैन आफना नसीबका जोरले बडो आदमि पनि भयाको छैन. छोटै आदमीका दगानीमित्त सल्लाह दियाको रहेछ भन्या सय रुपैया धन भया पचास रुपैया दंड गर्नु येस्तै त्रहले धनधनको[३] आधि दंड गर्नु — — — — —

छैटा बन्देजको नवौ तजबीज् येस्तालाई सय रुपैयाको धन् भया पचास् रुपैया दंड गर्नु— — — — — —

पाचौ बन्देजको दसौ तजबीज सधवा भया पनि बिधवा भया पनि बेस्या भया पनि आफनि महतारिसग बिराउ गर्न्यालाइ जातअन्सार जिउ मारिदिनु — — — —

छैटा बन्देजको दसौ तजबीज येस्तालाइ जातअन्सार नल्फल् काटि मुषमा हालि सिइ उधो मन्टो गरि झुन्डाइ मारिदिनु — — — — ——— — — — —

पाचौ बन्देजको येघारौ तजबीज मंत्र सुनाउन्या गुरुकी स्वास्नी आफनी गुर्मासित र येस्ता गुरुकी छोरि पत्रिया नभयाका आफना सत्यमा रह्याकासित जानि जानि बिरांउ गरेछ भन्या जातबिसेष जिउ मारिदिनु — — — —

छैटा बन्देजको येघारौ तजबीज येस्तालाइ सात बर्ष नेल हालि चौबिस् का(को)डा लगाइ छोडिदिनु — — —

पाचौ बन्देजको बान्हौ तजबीज पढाउन्या गुरुकि स्वास्नि र अथवा अरु केहि इलम् सिकायिदियो र उसै इलम्ले उस्को जिबिका हुंछ भन्या येस्ता गुरुकि स्वास्नि आफनि गुर्मा बिराउं गर्दामा येस्ता गुरुकी छोरि बिहा गर्न हुन्छ भन्या सनह नलागन्या अरु स्वास्निसित बिराउ गर्यामा जो सासना हुंछ सो सासना मात्रै गर्नु येस्ता गुरुकी छोरि न(त) बिहा गर्नु हुदैन सनह लाग्छ भन्या येस्ता गुरुकी स्वास्नि जानि जानि बिराउ गर्न्यालाइ जातअन्-सार जिउ मारिदिनु — — — — — — — —

छैटा बन्देजको बान्हौ तजबीज सनेह लागन्या रहेछ येस्तामा बिराउ गर्याको ठहर्‍यो भन्या सात बर्षसम्म नेल हालि राषनु बाहाउप्रान्त चौबिस् कोडा लगाइ छोडि-दिनु — — — — — — ——— — — — —

पाचौ बन्देजको तेन्हौ तजबीज येस्ता गुरुकी छोरि बिहा गर्नु हुदैन भनि येस्ता गुरुकी स्वास् नि बिरायामा जात-अन्सार जिउ मारियापछि येस्ता गुरुकी छोरि जानि जानि बिराउ गर्न्यालाई जातअन्सार नल्फल् काटिदिनु — —

छैटा बन्देजको तेन्हौ तजबीज येस्तालाई चार बर्षसम्म नेल हालि राषनु बाहाउप्रान्त चालिस् कोडा लगाइ छोडि-दिनु— — — — — — — — — — — —

३. यहाँ धनको हुनुपर्नेमा धनधनको लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाचौ बन्देजको चौधौ तजबीज कोहि जातका पनि येका आतमा र अथवा येका हाउ(ड)मा मुलपुरुषदेषि सात पिडिसम्मका आफना दाज्युभाइमा र बाबुका आमाका आफना मावलिपट्टि मुलपुरुषदेषि पाच पिडिसम्मका गैरह सनहमा र ससुरालि.तरफ बुढिसासु सासु ज्येठिसासु सम्धिनि गैरहमा जानि जानि बिराउ गर्न्यालाई जात-अन्.सार जिउ मारिदिनु ससुरालितरफ बाहीक येस्ता सनेहेका पत्रिया भयाकासित जानि जानि बीराउं गरेछ भन्या जातअन्सार नल्फल् काटि.दिनु बचाउनुपर्न्या रहेछ भन्या भगबान्ले बचाउनन् मार्नुपर्न्या रहेछ भन्या मर्ला — — — — — — — — — — —

छैटा बन्देजको चौधौ तजबीज येस्तालाइ सात बर्ष नेल हालि चौबीस् कोडा लगाइ छोडि.दिनु येस्ता सनहका पत्रिया भयाकासंग जानि जानि जान्यालाइ चार बर्ष नेल् हालि चालिस् कोडा लगाई छोडिदिनु—— — — — —

पाचौ बन्देजको पन्ध्रौ तजबीज कोहि जातका पनि येका हाडमा आठ पुस्तादेषि पुढो चौध पुस्तादेषि ओढोका दाज्युभाइमा र बाबुका आमाका आफना मावलिपट्टि छैटो सातौ पुस्तसम्मका गैरह सनहमा जानि जानि बिरांउ गरेछ भन्या उ स्वास्नीको लोग्न्या रहेछ र जार हान्यो भन्या हान्यो हानेन भन्या जातअन्सार नल्फल् काटि-दिनु येस्ता सनहे भयाका पत्रिया भयाकासित जानि जानि बिरांउ गरेछ भन्या सय रुपैयाको संपत्ति भया पचिस् रुपैया दंड गर्नु — — — — — — —

छैटा बन्देजको पन्ध्रौ तजबीज येस्[ता]लाइ चार बर्ष नेल हालि चालिस् कोडा लगाइ छोडिदिनु येस्ता सनहे भयाका पत्रिया भयाकासित जानि जानि जान्यालाइ सय रुपैयाको संपति भया पचिस् रुपैया दंड गर्नु — — —

पाचौ बन्देजको सोन्हौ तजबीज मावलिपट्टि गोत्र नफिन्या पनि. आठ पुस्ताउप्रात सनह लाग्दैन आठ पुस्तादेषि पुढोमा बिराउं भयो भन्या अरु सनेह नलागन्यासित बिराउ हुदामा जस्तो दंड. सासना हुन्छ सोबमोजिमको डंड सासना गर्नु[४]— — — — — — — — — —

छैटा बन्देजको सत्रौ तजबीज येस्तालाई सय रुपैयाको स(सं)पति भया पचिस् रुपैया दंड गर्नु येस्ता सनहका पत्रिया भयाकासित जानि जानि जान्यालाइ सय रुपैयाको संपति भया दस रुपैया दंड गर्नु—— — — — —

पाचौ बन्देजको सत्रौ तजबीज कोहि जातका पनि येका हाडमा पन्ध्र पुस्तादेषि पुढो येकाइस् पुस्तादेषि वढो आफना दाज्युभाइमा जानि जानि बिराउ गरछ भन्या उ स्वास्निको लोग्न्या रहेछ र जार हान्यो भन्या हान्यो जार हानेन भन्या सय रुपैयाको संपति भया पचिस रुपैया दंड गर्नु येस्ता सनहेका पत्रिया भयाकासित

---

४. छैटौं वदेन्जको सोह्रौं तजबीज छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जानि जानि. बिराउं गर्न्यालाइ सय रुपैयाको संपति भया दस रुपैया दंड गर्नु — — — — — — — —

पाचौ बन्देजको अठारौ तजबीज. कोहि जातका पनि बाइस् पुस्तादेषि पुढो जतिसुषै पुस्ता हवस् तपनि येकाहाड गैरह सनहमा जा.नि जानि बिराउं गन्यामा उ स्वास्निको लोगन्या रहेछ र जार हान्यो भन्या हान्यो जार हानेन भन्या सय रुपैयाको संपति भया पाच रुपैया दंड गर्नु — — — — — — — — — — —

छैटा बन्देजको अठारौ तजबीज येस्तालाइ सय रुपैयाको संपति भया पांच रुपैया दंड गर्नु — — — — —

पाचौ बन्देजको उन्नइसौ तजबीज बाबुका आमाका आफना मावलीतरफ छोरिपट्टि र इनैका भांजाभांजितरफ तिन गोत्र नफिरि मुलपु[रु]षदेषि पाच पिडिसम्मका गैरह सनहेमा जानि जानि बिराउ गर्न्यालाइ जातअन्सार नल्फ.ल् काटिदिनु येस्ता सनहेका पत्रिया भयाकासित जानि जानि बिराउ गरेछ भन्या संपति भया दस रुपैया दंड गर्नु तिन् गोत्र फिन्याछन् मुलपुरुषदेषि छ पुस्ता पनि भयेछ भन्या सनह लाग्दैन. अरु सनेह नलाग्न्यासित बिरां हुदामाफिकको दंड सासना लेषियाको छ सोहिबमोजिम गर्नु —— — — — — — — — —

छैटा बन्देजको उन्नइसौ तजबीज येस्लाइ. चार वर्ष नेलमा राषि चालिस कोडा लगाइ छोडिदिनु येस्ता सनहका पत्रिया भयाकासित जानि जानि बिराउ गर्न्यालाई उस्का आलमालको दसौ[द] दंद गर्नु — — — —

पाचौ बन्देजको बिसौं तजबीज मित्यारिको साहिनु जस्सित बाहा जोरि मित् लगायाको छ उसैसित मात्रै सनह हुन्छ अरुसित सनह लाग्दैन तसर्थ देबता साक्षि राषि मित्यारि लायाका मित्यारि सनहमा साषै मितआमा र मित्यानि बीराउ गन्यामा जानि जानि रहेछ भन्या जातअन्सार नल्फल् काटिदिनु —- — — —

छैटा बन्देजको बिसौ तजबीज येस्तालाई चार वर्ष नेल राषि चालिस् कोडा लगाई छोदिडिनु — — — —

पाचौ बन्देजको येकाइसौ तजबीज अर्का सग्न्यापछि जातभातदेषि पतित हुन्या जातका रज नभयाकि छोरि कसैले बिगान्यो भन्या जातअन्सार नल्फल् काटिदिनु अथबा उस्का बाबुआमाले छोरि बिगान्यो तपनि हाम्रो जुवाजि तेहि भयो भंछन् भन्या नल्फल् [न]काटनु सय रुपैयाको संपति भया दस रुपैया दंड गर्नु येस्तैमा उघो जातले उभो जातमा बिरायाको भया येस्ले दुइ बिराउ गन्यो [भन्या] जिउ मारिदिनु — —- — — — —

छैटा बन्देजको येकाइसौ तजबीज येस्तालाइ चार वर्ष नेलमा राषि चालिस कोडा लगाइ छोडिदिनु अथबा हाम्रो जुवाजो तेहि भयो भनि उस्का बाबुआमाले भंछ भन्या उस्का आलमालको दसौद. मात्रै दंड गर्नु उघो जातका बिरा[याको] रहेछ भन्या बान्ह वर्ष नेलमा राषि बान्ह कोडा लगाइ छोडिदिनु. अथबा अछुति जातले बिराउ गरेछ भन्या र जिउ मारिदिनु — — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाचौ बन्देजको बाइसौ तजबीज अर्का लोग्न्यासित बिराउ भया पनि आफना जातभाटदेषि पतित नहुन्या कस्वी गैरह जातका रज नभयाका छोरिलाइ कसैले बिराउ गऱ्यो भन्या सय रुपैयाको संप.ति भया दस रुपैया दंड गर्नु —

छैटा बन्देजको बाइसौ तजबीज येस्तालाइ संपतिको दसौ[द] दंड गर्नु — — — — — — — — —

पाचौ बन्देजको तेइसौ तजबीज अर्का लोगन्यासित बिराउ भया आफना जातभातदेषि पतित हुन्या जातका रज भयाका बिबाह नभयाका स्वास्निलाइ उभो जातले र अथबा बराबरी जातसम्मकाले बिराउ गऱ्यो भन्या जातअनुसार नल्फल् काटिदिनु अथबा उस्का बाबुआमाले छोरि बिगाऱ्यो हाम्रो जवाजि तेहि भयो भंछन् भन्या नल्फल् [न]काटनु सय रुपैयाको संपति भया दस रुपैया दंड गर्नु पानि चल्न्याभरिमा उधो जातले उभो जातमा बिरायेछ भन्या नल्फल् साफ गरि काटिदिनु — — — — —

छैटा बन्देजको तेइसौ तजबीज येस्तालाइ चार बर्ष नेल हालि चालिस् कोडा लगाइ छोडिदिनु उस्का बाबुआमाले हाम्रो जवाजी तेहि भयो भंछन् भन्या सय रुपैया संपति भया दस रुपैया दंड गर्नु पानि चल्न्याभरिमा उधो जातले उभो जातमा बिरायेछ भन्या छ बर्ष नेल हालि तिस् कोडा लगाई छोडिदिनु— ——

पाचौ बन्देजको चौबिसौ तजबीज अर्का लोग्न्यासित बिराउं भया पनि आफना जातभातदेषि पतित नहुन्या कस्वी गैरह जातका रज् भयाका बिहा नभयाका स्वास्नीलाइ उभो जातले र. अथबा बाराबरि जातसम्मकाले जबर्जस्ति गरि बिरायेछ भन्या सय रुपैयाको संपति भया दुइ रुपैया दंड गर्नु — — — — — — — — —.

छैटा बन्देजको चौबिसौ तजबीज येस्तालाइ सय रुपैयाको संपति भया दुइ रुपैया दंड गनु(र्नु)— — — —

पाचौ बन्देजको पचिसौ तजबीज मुसल्मान् र म्लेछ जातबाहिक छुन हुन्या उन्का हातको पानि नचल्न्या कसाइ कुसुल्या गैरह जातका रज् नभयाका रज भयाका बिहा नभयाका बिहा भयाका सधवा बिधवालाइ उभो जातले बिरायेछ भातपानिमा आफु पनि बोरियेनछ अरुलाइ अरुलाइ[५] पनी बोरेनछ भन्या सय रुपैयाको संपति भया साठि रुपैया दंड गरी प्रायश्चित दिनु आफु पनि भातपानिमा बोरियेछ अरुलाई पनि बोरेछ भन्या अरुलाइ बोन्याबाबत् सय रुपैयाको. संपति भया दस रुपैया दंड गर्नु. आफु जानि जानि बोरियाबाबत् दम्लुस् गरि उसै जातमा मिलाइदिनु — — — — — — — —

छैटा बन्देजको पचिसौ तजबीज येस्ता.लाई दंड सासना सदर — — — — — — — — — —

५. यहाँ अरुलाइ हुनुपर्नेमा अरुलाइ अरुलाइ लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाचौ बनूदेजको छब्बिसौ तजबीज छुन पनि नहुन्या कामि सार्कि दमाइ भाड गँरह जातका रज भयानभयाका सधवा बीधवा जस्तैसुकै भया पनि उभो जातले बिरायेछ भातपानिमा बोरेछ भन्या जातअनुसार जिउ मारिदिनु भातपानिमा अरु कसैलाइ बोरेनछ भन्या दमलुस् गरि उसै जातमा मिलाइदिनु — — — — — — —

छैटा बनूदेजको छब्बिसौ तजबीज येस्तालाई भातपानिमा बोरेछ भन्या सात बर्ष नेल हालि दमलुस् गरि छोडिदिनु अरुलाइ बोरेन.छ आफु मात्रै बोरियेछ भन्या दमलुस् गरि छोडिदिनु— — — — — — — — — — —

पाचौ बनूदेजको सत्ताइसौ तजबीज अर्का लोगन्यासित बिराउ भया आफना जातभातदेषि पतित हुन्या जातमा कसैका बिहा गर्‍याका सधवा स्वास्निलाई उभो जातले उधो जातमा र. अथबा बराबरि जातमा बिरायेछ भन्या आफना लोगन्या.ले जार हान्यो भन्या हान्यो हानेन भन्या सय रुपै.याको संपति भया पाच रुपैया दंड गर्नु अथबा पानि चल्न्याभरिका उधो जातले उभो जातमा बिरायेछ भन्या आफना लोगन्याले जार हान्या हान्यो जार हानेन भन्या नल्फल् मात्रै काटिदिनु — — — — — —

छैटा बनूदेजको सत्ताइसौ तजबीज एस्तालाइ सय रुपैया-को संपति भया पाच रुपैया दंड गर्नु उधो जातले उभो जातमा बिरायेछ भन्या तिन् बर्ष नेल हालि पचास् कोडा लगाइ छोडिदिनु — — — — — — — — — —

पाचौ बनूदेजको अठाइसौ तजबीज अर्का लोगन्यासित बिराउ भया पनि आफना जातभातदेषि पतित् नहुन्या कस्वी गँरह जातमा जार नहान्न्या जातिका बिहा गर्‍या-का सधवा स्वास्निलाइ उभो जातले र अथबा बराबरि जातसम्म.काले जबर्जस्तिसित बिरायेछ भन्या सय रुपैया-को संपति भया पचा[स] रुपैया दंड गर्नु — — —

छैटा बनूदेजको अठाइसौ तजबीज येस्तालाइ सय रुपैया-को संपति भया पचास रुपैया दंड गर्नु — — — —

❋

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हेमराज पण्डितज्यूलाई सिल्भ लेविले पठाएको पत्र

—दिनेशराज पन्त

पेरिसनगरात्, २७ मार्च १९२४

श्रीः

हे सुहृच्छ्रेष्ठ ! विद्वदग्र !

भवदीयं लेखं पश्यता मयामृतमिव पीतं, भूयो ऽपि पठता । अक्षराणां हि रूपं मनोहरं चक्षुषोर् आमोदम् आधत्ते । वाकानाम् अर्थं चोत्तानीकरोति । स चार्थो ऽत्यन्तं प्रीतिवर्धनः । न हि केवलं गतस्य दूरदेशं सुहृदः स्मरणं ध्रियते । किं तु तदिच्छासंपूरणार्थं बहुलः प्रयत्ना भवता कृताः । तेषां चाविर्भूतानि फलानि कौतूहलं विस्मयम् आनन्दं प्रेम संपोषयन्ति ।

प्रोषिते हि मयि लब्धा ये ग्रन्थास् ते प्रायो ऽपि श्रुतपूर्वनामधेया विनष्टमूलका इव बभूवुः । तेषामन्तरे प्रथमकल्पिकमेव विंशतिकाभाष्यम् । त्रिंशिकाभाष्यं प्राग् भवतः प्रसादात् प्राप्तम् । भदन्तस्य वसुबन्धोः प्रकरणेषु बहुसंमतेष्वपि त्रिंशिका निरुत्तरा विशिष्यते पृष्ठतश्च स्वल्पान्तरे विंशिका इति' बौद्धाचार्यपरंपरया देशितम् । उभयोरपि प्रकरणयोर् अनुवादो रचितो द्विधा । चीनभाषायां च भोटभाषायां च । तदनुवादसंप्रयोगेण मूलस्यार्थो ऽविशुद्धस्य वा यदि वा किंचित् त्रुटितस्य सुकरं विशदीभवति । तस्माद् एष मे ऽभिप्रायः श्री ३ महाराजस्यानुज्ञया यदि भवान् पुस्तकस्य प्रतिरूपकं संपादयितुम् अर्हति यथा त्रिंशिकाभाष्यस्य तथा विंशिकाभाष्यस्यापि संस्कृतमूलं प्रकाशयिष्यामि भोटानुवादसहितं फ्रेन्चभाषानुवादसंयुक्तं च ।

कर्मविभङ्गग्रन्थमासाद्य तथैव प्रार्थना क्रियते । भवता हि लिखितं पूर्वप्राप्तमहाकर्मविभङ्गग्रन्थः प्रायो ऽस्मिन् संवदति'' इति । पञ्चकारादीनां सर्वेषाम् अन्येषां पुस्तकानां दर्शनं बाढम् अभीष्यते । विशेषतस्तु तदन्तरे द्वयोरेव प्रकीर्णतालपत्रावलिपर्याये संगृहीतयोः पृ (२–३)[1] संख्याङ्कितयोर् आर्यदेवविरचितयोर् एकस्य नाम बौद्धधर्मश्लोकसंग्रह इति' इतरस्य तु प्रतिपत्तिसारशतकम् । प्रतिरूपककरणं पुनर् दीर्घकालिकं भवेद् ध्रस्तचित्तपीडाकरं विप्रुलव्ययान्वितं च । तत्र क उपायः ?। भवान् प्रमाणम् । अपि विधेर् आनुकूल्येन शक्यं भवेद् भवद्देशगमनं प्रियजनदर्शनं च राज्ञीपुष्करिणीसंनिकटे च प्रियाणामपि ग्रन्थानां पर्यालोचनम् ।

यानि पूर्वं पुस्तकापणिकैर् विक्रेयपुस्तकानां सूचीपत्राणि प्रकाशितान्यभवन्न् आधुनिका – त्वान् न प्रकाश्यन्ते । अपरं च दीनाराणां प्रतिदेशम् अनित्यार्घत्वान् मूल्यं विकारम् अविरतम् उपैति । यानि तु तादृशानि मुद्रितपूर्वाणि लभ्यन्ते लप्स्यन्ते वा तान्य् अन्विष्य संचित्य च पत्रं प्रेषयिष्यामि । इयं मे प्रतिज्ञा ।

सर्वस्य कुटुम्बस्य कुशलं वर्तते । एवं च भवतः सकुटुम्बस्य भूयादित्याशंसा ।

भवदीयः

सिल्भ लेवि[2]

(हेमराजका नाति श्रीप्रकाश ए. राजको सौजन्यले यस पत्रको प्रतिलिपि मैले पाएको हुँ ।)

---

१. यहाँ रोमन अङ्कले २–३ लेखिएको छ ।

२. यहाँ रोमन लिपिले सिल्भ लेविले सही गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास–प्रधान त्रैमासिक पत्रिका)

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

संशोधन–मण्डल

वट्टु सवलबहाल

ग–१–५३०

काठमाडौं ३

नेपाल

फोन नं. २–२०४९२

वि. सं. २०४८ चैत्र

यस अङ्कको मूल्य रु. ४०।–

मुद्रक

लक्ष्मी छापाखाना

यट्खा

काठमाडौं–४ नेपाल

फोन नं. २–१३६५२